# गाउँ शिक्षा योजना

२०८२-२०९२



स्थानीय सरकार

**फाकफोकथुम गाउँपालिका, इलाम**

कोशी प्रदेश, नेपाल

२०८२

# गाउँ शिक्षा योजना-२०८२-२०९२




स्थानीय सरकार

फाकफोकथुम गाउँपालिका, इलाम

कोशी प्रदेश, नेपाल

२०८२

संरक्षक

- श्रीदिपेन्द्र खनाल, गाउँपालिका अध्यक्ष
- श्री कल्पना राई, गाउँपालिका उपाध्यक्ष
- श्री निर्मल तुम्रोक, प्रमुख प्रशासकीय अधिकृत

गाउँ शिक्षा योजना मुल्याङ्कन समितिः

- संयोजक- श्री दिपेन्द्र खनाल
- सदस्य- श्री कल्पना राई
- सदस्य- श्री निर्मल तुम्रोक
- सदस्य- श्री तीर्थराज मिश्र
- सदस्य- श्री सिद्धमान आले

गाउँ शिक्षा योजना निर्माणकार्यदलका सदस्यहरु :

| | |
|---|---|
| सिद्धमान आले | संयोजक |
| खगेन्द्र प्रसाद भट्टराई | सदस्य |
| जगत बहादुर लिम्बु | सदस्य |
| भिम प्रसाद चम्लागाई | सदस्य |
| मोतिखर पोख्रेल | सदस्य |
| कमला थपलिया | सदस्य |
| टंक प्रसाद रेग्मी | सदस्य |
| तेज प्रसाद सुवेदी | सदस्य |
| टिकाराम कट्टेल | सदस्य |
| विमला राई | सदस्य |
| मखानसिंह लिम्बु | सदस्य |
| प्रदिप आचार्य | सदस्य |
| विकास राई | सदस्य |
| लिलाराज कोइराला | सदस्य |
| मताप सिंह लिम्बु | सदस्य सचिव |

प्राविधिक सहयोग श्री सर्मिलाराई

सल्लाहकार डा. बाल चन्द्र लुईंटेल
डिल्लीराम लुईंटेल

प्रकाशक
फाकफोकथुम गाउँपालिका, इलाम

प्रमाणित मिति : २०८२।०३। ०८

प्रकाशन मिति : २०८२ असार

# फाकफोकथुम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
इलाम, कोशी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर : मिति :



## सन्देश

●दिपेन्द्र खनाल, अध्यक्ष

नेपालको सविधानको अनुसूची ८ मा स्थानीय तहले आधारभूत तथा माध्यमिक शिक्षासम्मको व्यवस्थापन गर्ने क्षेत्राधिकार दिएको साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज ले आधारभूत र माध्यमिक तहका लागि २३ वटा अधिकार तोकेको र सोही ऐनको दफा २४ को १ मा स्थानिय तहले शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्ने नीतिगत व्यवस्था गरे बमोजिम फाकफोकथुम गाउँपालिकाले यो १० बर्षे गाउँ शिक्षा योजना २०८२/२०९१ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

शिक्षा मानव जिवनको सवै भन्दा महत्वपूर्ण मार्ग दर्शन हो। शिक्षा विनाको जिवन पशु समान हुन्छ। मानव विकास सुचकाङ्कको वृद्धि शिक्षाको विकासमार्फत मात्र सम्भव हुन्छ। अहिले विश्वका अधिकांश देशहरुले शिक्षा क्षेत्रको विकासमा बढी भन्दा बढी लगानी गरि रहेका छन्। हाम्रो देशमा सरकारका अलावा निजि क्षेत्रले समेत शिक्षा क्षेत्रमा ठूलो लगानी गर्दै आएका छन्।

विध्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने, भौतिक पूर्वाधार सुधार गर्दै जाने उध्द्श्यले फाकफोकथुम गाउँपालिकाले यो दश बर्षे शैक्षिक योजना निर्माण गरेको छ। यो योजना लागू गर्नु सम्पूर्ण सरोकारवालाहरुको दायित्व र जिम्मेवारी हो। पछिल्लो समय माध्यमिक विध्यालयहरुमा कक्षा उत्रिण दर कम भएका कारण सामुदायिक विध्यालयहरुप्रति विध्यार्थी र अभिभावकहरुको आकर्षण घट्तो रहेको छ। विध्यालयमा विध्यार्थी संख्या कम हुदाँ सरकारले शिक्षाप्रति गरेको लगानी खेर गइरहेको देखिन थालेको छ। कतिपय विध्यालयमा विध्यार्थी भन्दा शिक्षकको संख्या बढी हुन पुगेको छ। नतिजा कमजोर हुनु भनेको बालबालिकाको जिवन अन्धकार हुनु हो। भविश्यका कर्णधार दक्ष बनाउनु वर्तमानको दायित्व हो। बालबालिका गिलो माटो जस्तै हो भने, शिक्षक दक्ष कालिगड हो, अन्य सरोकारवाला भनेको सहायक सामग्री मात्र हो भन्ने कुरा सवैले हेक्का राख्नु पर्दछ। सोही कारण विध्यालमा हुने शैक्षिक गतिविधि प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा सवैको पहुँच, सहभागिता, गुणस्तर, जिवन उपयोगिता सुनिश्चित गर्न यो गाउँ शिक्षा योजना महत्वपूर्ण हुने छ भन्ने पूर्ण विश्वास लिएको छु। अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र नि:शुल्क माध्यमिक शिक्षा प्रदान गर्नु राज्यको दायित्व हो। विध्यालय शिक्षामा न्यूनतम् सिकाइ उपलब्धि सुनिश्चित गर्न यो शिक्षा योजना स्विकृत गरी कार्यान्वयनमा ल्याइएको छ। आगामी दिनमा गाउँपालिकाले शिक्षा क्षेत्रमा लगानी गर्दा यस गाउँ शिक्षा योजनालाइ मार्गदर्शनको रुपमा लिनेछ।

अन्त्यमा यो गाउँ शिक्षा योजना निर्माण कार्यमा सहयोग पुर्याउनुहुने गाउँ शिक्षा योजना मस्यौदा निर्माण कार्यदलका सदस्यहरु, सल्लाहकार, कर्मचारी सवैलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत शिक्षा विकासमा यहाँहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दछु। धन्यवाद।

असार,२०८२

स्थानीय तहको शिक्षा योजना

# फाकफोकथुम गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

इलाम, कोशी प्रदेश, नेपाल

पत्र संख्या :

चलानी नम्बर : मिति :



## सन्देश

•कविता राई, उपाध्यक्ष

नेपालमा संघीयता लागु भए पश्चात संविधानको अनुसूती ८ मा माध्यमिक शिक्षा सम्मको क्षेत्राधिकार स्थानीय तहलाई हस्तान्तरण गरेकोले इलाम जिल्ला फाकफोकथुम गाउँपालिकामा पनि संवैधानिक अधिकार अनुरुप गाउँ शिक्षा योजना निर्माण गरिएको हो। फाकफोकथुम गाउँपालिका इलाम जिल्लाका १० वटा स्थानीय तह मध्ये प्राकृतिक स्रोत साधन र सुन्दरताले भरीपूर्ण गाउँपालिकाहो शिक्षा नै विकासको मेरुदण्ड भएकोले यस गाउँपालिकको सम्भावना र चुनौतीको विश्लेषण गरि शैक्षिक उन्नयन गर्नु हाम्रो काँधमा आएको छ । हामी सबैको साझा उद्देश्य भनेको आम नागरिकलाई शिक्षाको समान अवसर प्रदान गरि समुन्नत, व्यवस्थित र दिगो रुपमा शिक्षाको विकास गर्नुहो । गाउँपालिकाको शैक्षिक क्षेत्रको समुचित, न्यायोचित र सुव्यवस्थीत विकासको लागि हामी निरन्तर प्रयासरत छौं। विशेषतः विद्यालय कर्मचारी, विद्यालय सहयोगी, बाल शिक्षक(स.का.)हरुको थप तलव भत्ता, विद्यालय भवन मर्मत, विद्यालयमा खानेपानी, डेक्सवेन्च मर्मत,भवन रंगरोगन शिक्षक तालिम, विद्यालय अनुगमन/निरीक्षण तथा सुपरीवेक्षण जस्ता कार्यक्रमहरु गरिरहेका छौं।

माथीका उल्लेखित कार्यक्रमहरु लगायत अन्य कार्यक्रमहरु आगामी दिनमा ल्याउनको लागि यो गाउँ शिक्षा योजना मार्गदर्शन हुनेछ । विशेष गरी शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट प्रचलित ऐन कानूनको परिधिभित्र रही औचित्य, नियमितता, कार्यदक्षता, प्रभावकारिता र पारदर्शिताको आधारमा कार्यक्रम कार्यान्वयनका साथै अनुगमनमा सम्बद्ध सबैलाई यस गाउँ शिक्षा अनुरुप उद्देश्यहरु समय सीमाभित्रै हासिल गर्न र उपलव्धिको लेखाजोखा गर्न समेत यो गाउँ शिक्षा योजनाबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ।

अन्त्यमा यस गाउँ शिक्षा योजना २०८२-२०९२ को निर्माण कार्यमा साथ सहयोग पुऱ्याउनुहुने सम्पूर्ण विज्ञ, गाउँ शिक्षा योजनाको मस्यौदा निर्माण कार्यदल, लेखाजोखा गर्ने विज्ञ, सल्लाहकार, जनप्रतिनिधि, कर्मचारी र सम्पूर्ण सरोकारवालालाई हार्दिक धन्यवाद दिदै आगामी दिनहरुमा शैक्षिक विकासको लागि रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गर्दछु।

असार, २०८२

स्थानीय तहको शिक्षा योजना

# फाकफोकथुम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
इलाम, कोशी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर : मिति :



## सन्देश

•निर्मल तुम्रोक, प्रमुख प्रशासकीय अधिकृत

नेपालको संविधानले स्थानीय सरकारलाई दिएको २२ वटा एकल अधिकार मध्ये सबैभन्दा महत्वपूर्ण अधिकार क्षेत्रमा आधारभूत र माध्यमिक शिक्षा पर्दछ । विद्यालय शिक्षा प्रणालीलाई तल्लो तहबाट सुधार गर्नु जरुरी देखिएको कारणले नै उक्त अधिकार स्थानीय सरकारलाई दिइएको हुनसक्छ । शिक्षक, अभिभावक – विद्यार्थी, त्यहाँको समाज र स्थानीय सरकारबीचको महत्वपूर्ण साझेदारी र आपसी समन्वयको प्रयासबाट मात्र विद्यालय शिक्षालाई सुधारको पाटोमा लैजान सकिन्छ । यसै शिलसिलामा फाकफोकथुम गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै किसिमका विद्यालयहरुलाई पाठ्यक्रमले निर्दिष्ट गरेको र उच्चतम उपलब्धि हासिल गर्न गाउँपालिकाले यो गाउँशिक्षा योजना तयार गरेको छ ।

विद्यालय शिक्षा विशेष गरी सरकारी विद्यालयहरुको नतिजा हेर्ने हो भने अपेक्षित नतिजा हासिल गर्न सकिएको छैन । ECD कक्षाहरुलाई व्यवस्थित गर्न सकिएको छैन । भवन छन् तर विद्यार्थी छैनन् । विद्यार्थी टिकाउन मुस्किल परिरहेको अवस्था छ । यी सबै पक्षहरुलाई सुधार गर्दै आगामी दश वर्ष भित्र गाउँपालिकाले गर्न सक्ने पहल एवं लगानी समेत समेटेरदश वर्षे (आ.व. २०८२ – २०९२) गाउँ शिक्षा योजना तयार पारिएको छ । यो योजनाले मुख्यत विद्यालय शिक्षालाई गुणात्मक रुपमा सुधार गर्ने, भौतिक संरचनागत व्यवस्थापनलाई पूर्णता दिने र नतिजालाई अनुमान योग्य बनाउने लक्ष्य लिएको छ । १० वर्ष भित्र गाउँपालिकाले शैक्षिक क्षेत्रमा गर्ने लगानी र यसबाट प्राप्त हुने अपेक्षित उपलब्धिको लेखाजोखा गरिएको छ । तसर्थ गाउँ शिक्षा योजनालाई कार्यान्वयन गर्ने कुरामा आम सरोकारवाला सबैसँग सहकार्यको अपेक्षा गर्दछौं ।

अन्त्यमा गाउँशिक्षा योजना तयार पार्न प्राविधिक सहयोग गर्नुहुने सर्मिला राइ, त्यस उपर टिप्पणीकार एवं सल्लाहकार काठमाडौं विश्व विद्यालयका डिन डा. बाल चन्द्र लुइटेल र पूर्व सहसचिव डिल्लीराम लुइटेल, गाउँ शिक्षा योजना निर्माण कार्यदलका सदस्यहरु साथैशिक्षा शाखाका कर्मचारी लगायत सबै प्रति हार्दिक आभार प्रकट गर्दछु ।

असार, २०८२

# फाकफोकथुम गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### शिक्षा युवा तथा खेलकुद शाखा
**इलाम, कोशी प्रदेश, नेपाल**

**पत्र संख्या :**
**चलानी नम्बर :** **मिति :**



## हाम्रो भनाई

●मतापसिंह लिम्बू, शाखा प्रमुख

गाउँ शिक्षा योजनालाई सरोकारबालको सहभागीता, अपनत्व, स्रोत र साधनको अधिकतम परिचालन र उपयोग, शैक्षिक गुणस्तर सुधार आदिका लागि महत्वपूर्ण विशेषताका रुपमा लिइन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आवधिक योजनाको साथसाथै विषयगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कुरालाई नीतिगत रुपमा व्यवस्था गरेको छ। संविधानतः विद्यालय शिक्षाको एकल अधिकार स्थानीय तहमा रहेको सन्दर्भमा स्थानीय तहमा आवधिक योजना निर्माण गरी फाकफोकथुम गाउँपालिकाको शैक्षिक लक्ष्य तथा उद्देश्य प्राप्तिमा समन्वय र सहकार्य गरी सामुहिक रुपमा अगाडि बढ्न सकेमा योजनावद्ध रुपमा शैक्षिक गतिविधि सञ्चालन भई गुणस्तर सुधारमा योगदान पुग्नेछ।

फाकफोकथुम गाउँपालिकामा शिक्षा योजना निर्माणका सन्दर्भमा शिक्षा युवा तथा खेलकुद शाखाको आयोजनामा शिक्षा योजना मस्यौदा निर्माण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ अनुसार कार्यदलका सदस्यहरुलाई शीर्षक बाँडफाँड गरि लेखन कार्य गर्न लगाई संकलन गरी फाकफोकथुम गाउँपालिकाको शिक्षा योजनाको पहिलो मस्यौदा (ड्राफ्ट) तयार गरिएको थियो। यो शिक्षा योजना निर्माणमा पहिलो मस्यौदा माथि दफावार छलफल गरी राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ र नियमावली २०७७, विद्यालय शिक्षा क्षेत्र योजना, शिक्षाको सोच पत्र लगायतका सामाग्रीमा आधारित भईपरिमार्जन गरिएको छ। त्यसपछि परिमार्जित शिक्षा योजनालाई लेखाजोखा समितिमा पठाई लेखाजोखा समिति बाट केही सुधार भई ठीक ठहर भएपछि प्रकाशन गरिएको हो।

यस फाकफोकथुम गाउँपालिकाको शिक्षा योजनामा विद्यालय शिक्षाको प्रबन्धका साथै पालिकाले हेर्नुपर्ने शिक्षाका सबै आयाम समेटिएको छ। यसमा शिक्षाका समसामयिक मुद्धाहरु लैंगिक पक्ष, लैंगिक समता, समावेशिता, वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनको बारेमा समावेश गरिएको छ। पालिकाले शैक्षिक गुणस्तर, शिक्षा विकासको लागि योजना निर्माण गर्दा यस शिक्षा योजनालाई मार्गदर्शनको रुपमा प्रयोग गर्न सक्ने छ भन्ने अपेक्षा समेत लिइएको छ।

अन्त्यमा शिक्षा योजना तयार गर्ने कार्यमा अमुल्य पृष्ठपोषण उपलव्ध गराउनुहुने सबै विज्ञ, लेखाजोखा गर्ने विज्ञ, प्राविधिक सहयोगी, सल्लाहकार, मस्यौदा निर्माण कार्यदलका सदस्यहरु तथा शिक्षा युवा तथा खेलकुद शाखाका कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दै शिक्षा योजना उपयोगी हुने विश्वास लिएको छु।

असार, २०८२

स्थानीय तहको शिक्षा योजना

## योजनाको सारांश

### विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर,सहभागीता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि स्थानीय शिक्षा योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वियन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि यो गाउँ शिक्षा योजना तयार गरिएको छ ।

### शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वियन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय स्थानीय शिक्षा योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।
नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वियन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वियन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।
विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामुलक पहुँच र सहभागीता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तरतथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ५ वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकासमा सहजीकरण गर्न यो मार्गदर्शन तयार गरिएको हो ।

### स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

१. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न ।
२. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न ।

३. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न ।

४. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।

५. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।

**शिक्षा योजना निर्माणका आधार**

नेपालको संघीय लोकतान्त्रिक संविधानमा शिक्षा सम्बन्धी मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरु र प्राथमिकताका क्षेत्रहरु उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई आधारभूत तह शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक, अपागंता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक, दृष्टिविहिन नागरिकलाई ब्रेल लिपी तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपागंता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्ष पाउने हक, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषमा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र .संचालन गर्ने हक हुने व्यवस्था गरेको छ ।

यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा (५) मा महिलालाई शिक्षा, स्वस्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्न गर्ने हक हुने व्यवस्था उल्लेख छ । धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा २,३,७ र ९ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वस्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा व्यक्तिगत विकास तथा बाल सहभागीताको हक सहित बालबालिकालाई घर परिवार वा जुनसुकै स्थानमा शारीरिक, मानसिक वा कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख छ ।, धारा ४० मा दलितको हक अन्तर्गत उपधारा २ मा आधारभूत तहबाट उच्च तहसम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था हुने उल्लेख छ ।, धारा ४२ सामाजिक न्यायको हक अन्तर्गत उपधारा २ र ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ । यसैगरी नेपालको संविधानमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक सीपमुलक र रोजगारमुलक, जनमुखी बनाउदै दक्ष जनशक्तिको उत्पादनका लागि शिक्षा क्षेत्रमा राज्यको लगानी वृद्धि गर्ने व्यवस्था उल्लेख गरिएको छ । यस्तै १५ योजनामा गुणस्तरीय शिक्षा मार्फत दक्ष प्रतिस्पर्धी, उप्पादनशील र नवप्रवर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ मा सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमुलक र उत्पादनशील बनाई देशको आवश्यकता अनुरुपको मानव संशासन विकास गर्ने लक्ष्य राखेको छ । संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य २०१५ को नेपाल सरकार पनि एक सदस्य राष्ट्र रही दिगो विकासका १७ लक्ष्यहरु पुरा गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यसै दिगो विकासको लक्ष्य नं. ४ मा गुणात्मक शिक्षालाई जोड दिएको छ । यसैगरी गाउँपालिकाको आवधिक योजना, नीति तथा कार्यक्रममा समेत शिक्षा सम्बन्धी निम्न अधिकारहरुको व्यवस्था उल्लेख छन्ः

- गाउँ शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, मार्गदर्शन, योजना तर्जुमा कार्यान्वयन, अनुगमन र सुपरीवेक्षण
- विद्यालय स्थापना, व्यवस्थापन र अनुमति
- शिक्षा सम्बन्धी तालिम, गोष्ठी, अन्तरक्रिया, अभिमुखीकरण संचालन
- गाभिएका वा बन्द भएका विद्यायलका सम्पत्ति व्यवस्थापन
- गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन र परिचालन
- विद्यालयको भौतिक सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

- सामुदायिक विद्यालयको दरबन्दी मिलान
- विद्यालय नक्शाकंन
- मातृभाषा शिक्षा सम्बन्धी व्यवस्थापन तथा परिचालन
- सामुदायिक विद्यालयको पुर्वाधार निर्माण तथा मर्मत
- तोकिएका तहहरुको परीक्षा संचालन तथा व्यवस्थापन
- विद्यार्थी सिकाइ उपलब्धी परिक्षण र मूल्यांकन
- अतिरिक्त क्रियाकलाप संचालन
- शिक्षण सामाग्री छपाई तथा व्यवस्थापन

यसैगरी फाकफोकथुम गाउँपालिकाले स्थापनाकालदेखि नै यस पालिका भित्र रहेका सबै विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार तथा व्यवस्थापनका लागि शिक्षालाई प्राथमिकतामा राखी आवश्यक नीति, कार्ययोजना तथा कार्यक्रमहरु संचालन गर्दै आएको छ।

## शिक्षा योजना निर्माण प्रक्रिया

यस गाउँपालिकाको स्थानीय तहको शिक्षा योजना निर्माणका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना निर्माण सम्बन्धी मार्गदर्शनमा उल्लेखित ढाँचा र प्रक्रियाहरुलाई अनुसरण गरी योजनालाई सर्वस्वीकार्य तथा सबै वर्गको सहभागीता, रायसंकलन ,सुझाव संकलन तथा समीक्षासहितगाउँ शिक्षा योजना निर्माणका लागि तपशिल बमोजिमको प्रक्रिया अवलम्बन गरिएको छ।

- ❖ मिति २०८१/०९/१७ को कार्यपालिका बैठकले श्री सिद्धमान आले-सामाजिक विकास समिति संयोजकको संयोजकत्वमा गाउँ शिक्षा योजना निर्माणका लागि १५ सदस्य भएको एक योजना निर्माण समिति गठन।
- ❖ मिति २०८१/०९/२६ गते योजना निर्माणको लागि प्राविधिक सहयोगीको सहजीकरणमा योजना निर्माण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन साथै योजना निर्माण समिति पदाधिकारी, सहजकर्ता बीच विषय छनौट र लेखन कार्य विभाजन।
- ❖ तथ्य र यथार्थपरक जानकारी संकलन तथासहभागीतामुलक योजना निर्माणका लागि प्रधानाध्यापकको बैठक मार्फत समस्या, चुनौती र अवसर बारे लिखित राय संकलन सुचना तथा जानकारी एकीकृत गरेको।
- ❖ प्राविधिक सहयोगीको नेतृत्वमा लेखन जिम्मेवार सदस्यहरुबाट हस्त लिखित दस्तावेज संकलन र संकलित तथ्याङ तथा जानकारी एकीकृत गरी योजनाको ढाँचा तयार।
- ❖ मिति २०८१/१०/२९मा पहिलोमस्यौदाशिक्षा शाखा प्रमुख लगायत योजना निर्माण समितिका पदाधिकारीलाई इमेल मार्फत बुझाई पृष्ठपोषण संकलन।
- ❖ पहिलो मस्यौदामा छलफल तथा तथ्यांक संकलन तथा रुजुका लागि मिति २०८१।१२।११-१२ गते प्राविधिक सहयोगी सहित शिक्षा शाखामा बसेर थप तथ्यांक संकलन तथा रुजु।
- ❖ लेखन कार्यदलको नेतृत्वमा मस्यौदामा थप लेखन र मस्यौदा माथी सबै सरोकारवालाहरुको सहभागीतामा सुझाव संकलन कार्यशाला सञ्चालन मिति २०८१।१२।१२गते सम्पन्न।
- ❖ योजना लेखन कार्यशाला पश्चात प्राविधिक तथा लेखन समितिले पृष्ठपोषणसहित तयार पारेको योजनाको मस्यौदा माथि थप सल्लाह सुझावका लागि जननिर्वाचित पदाधिकारी तथा शिक्षा सरोकारवालाहरुसँग मस्यौदा माथि सल्लाह सुझाव संकलन गरेको थियो।
- ❖ प्राप्त सल्लाह सुझावलाई समेटी गाउँशिक्षा योजनाको अन्तिमीकरण
- ❖ योजना लेखाजोखाका लागि बाह्य विज्ञलाई दिएको।
- ❖ गाउँकार्यपालिकाले यस योजनालाई अनुमोदन गरी मिति २०८२।०३।०८ गते स्वीकृतगरिएको।

## स्थानीय तहको शिक्षा योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण पश्चात उक्त योजना विश्वसनीय, दिगो र कार्यान्वयन योग्य छ कि छैन भनी योजनाको विविध पक्ष समेटेर लेखाजोखा गर्नुपर्ने हुँदा स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) मा व्यवस्था भए अनुसार उपलब्ध यथार्थ तथ्यहरुलाई परिक्षण गरी योजनाको लेखाजोखा कार्य तपसिलका बुदामा आधारित भइ गरिएको छ।

| क्र.सं. | लेखाजोखा गरिएका पक्षहरु | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागीता (Leadership and participation) | योजना निर्माणका लागि स्थानीय सरकारको सवल र सक्षम नेतृत्व आवस्यक रहन्छ । योजना निर्माणका सम्बन्धमा स्थानीय तहले नेतृत्त्व लिई मिति २०८१/०९/१७ गतेको गाउँ कार्यपालिकाको बैठकमा निर्णय गरी स्थानीय तहको शिक्षा योजना निर्माणका लागि  योजना  निर्माण कार्यदल गठन गरी प्रक्रिया शुरुवात गरेको देखिन्छ । योजना निर्माणका लागि गठित कार्यदल, कार्यपालिका, गाउँ शिक्षा समिति,  शिक्षक तथा कर्मचारीहरुलाई योजना निर्माण मार्गदर्शन तथा योजना निर्माण प्रक्रिया बारे २०८१।०९।२६ गते एक दिने अभिमुखीकरण संचालन गरी लेखन दल तथा लेखन जिम्मेवारी बाँडफाँड गरीएको छ। आवश्यक तथ्याङ्क तथा जानकारी संङ्कलन गरी लेखन कार्यलाई योजना निर्माणको ढाँचामा एकीकृत गरीएको छ। योजना निर्माण कार्यको मस्यौदा तयार गरी सरोकारवाला,  शिक्षकहरु, गाउँ शिक्षा समिति लगायतको  छलफलबाट पृष्ठपोषण र आवस्यक सुझाव लिइ योजनाको अन्तिमीकरण गरिएको छ ।  योजना निर्माणको क्रममा शिक्षा शाखामा रही यथार्थपरक तथ्याकं तथा लेखनलाई समेत वास्तविक र कार्यान्वयन योग्य बनाउन  सहभागीतामुलक रुपमा काम भएको पाइएको छ। योजना निर्माण मात्र साध्य होइन त्यसैले योजना कार्यान्वयनमा सबैको अपनत्व कायम गर्दै सफल कार्यान्वयनमा लान  सहभागीतामुलक प्रयास जरुरी छ जुन योजना निर्माणका सन्दर्भमा अवलम्बन गरीएको देखिन्छ। |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | योजना निर्माण कार्यका लागि पर्याप्त आधार तथ्याङ्क र जानकारीहरु आवस्यक हुन्छ जसले वर्तमान अवस्थाको चित्र देखाउँछ ।  योजना निर्माणका सन्दर्भमा लिएका आधारहरुको विश्लेषण कार्यका शिक्षा क्षेत्रका सरोकारवालाहरु,गाउँ शिक्षा समिति, योजना लेखन कार्यदल, पालिकाका प्रमुखलगायत जिम्मेवार व्यक्तिहरुसँग छलफल गर्दा यस योजनामा समावेश भएका उदेश्य ,रणनीति, कार्यक्रम तथा क्रियाकलापहरु सबै सहभागीतामुलक ढङ्गबाट संकलन भएको साथै विशेष रुपमा यस कार्यका लागि बढी भन्दा बढी शिक्षकहरु ( सामुदायिक रसंस्थागत)  परिचालन गरिएको हुँदा योजनामा समावेश लक्ष तथा कार्यक्रम हरुले फाकफोकथुमको शैक्षिक विकासमा पर्याप्त रुपमा सहयोग पुग्ने देखिन्छ। पर्याप्तताका दृष्टिकोणले हेर्दा योजना पूर्णरुपले पर्याप्त हुन्न तथापि फाकफोकथुमको सिमित साधन र स्रोत परिचालन गर्ने गरी तयार गरिएको योजना वर्तमानमा पर्याप्त नै लाग्छ। |

| | | |
|---|---|---|
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | यस योजनामा उल्लेख भएका शैक्षिक रणनीति तथा क्रियाकलापहरुले शिक्षा क्षेत्रको समग्र विकासका लागि शिक्षामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण टेवा पुर्याउन सक्नेछ । यस योजनामा नीतिगत रुपमा व्यवस्था भएका र हुनुपर्ने समता र समावेशीता सम्बन्धी मुद्दाहरु, विपद् व्यवस्थापन तथा उत्थानशीलता, सिकाइ वातावरण सुधारका समग्र कुराहरुलाई सम्बोधन गर्ने प्रयास भएको छ । शिक्षा क्षेत्रको योजना कार्यान्वयनमा स्थानीय तहको समग्र विकासको योजनाबाट समेत सम्बोधन हुनु पर्ने हुँदा यहाँ उल्लिखित नीति तथा कार्यक्रमलाई सम्बोधन गरी कार्यान्वयनमा जोड दिन आवश्यक छ। |
| ४ | अन्तरसम्बन्ध र तादात्म्य (Coherence) | गाउँपालिकामा क्षेत्रगत योजना छुट्टै रुपमा तयार नभएपनि गाउँपालिकाको ५ बर्षीय आवधिक योजनाले क्षेत्रगत विषयका वारेमा उल्लेख गरेको छ । आवधिक योजनाले विभिन्न विषयगत उपक्षेत्र मध्ये शिक्षालाई उल्लेखनीय रणनीति सहित सम्बोधन गरेको छ जुन कुरा यो योजनाले समेत सम्बोधन गरेको छ । हरेक विद्यालयले बनाएका विद्यालय सुधार योजनाहरुलाई योजना निर्माणको आधारको रुपमा लिइएकोले यस योजनाले अन्य शैक्षिक तथा विकासका योजनासँग तादात्म्यता राख्दछ । यो योजना नमूना विद्यालय विकास योजनाहरुसँग अन्तर सम्बन्धित गरी तयार गरिएको छ । यसका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय लक्ष्य जस्तैः विद्यालय शिक्षा क्षेत्र सुधार योजना, दिगो विकास लक्ष्यआदिसँग समायोजन भएको छ। यस योजनामा उल्लेखित दुरदृष्टि, उद्देश्य, लक्ष्यहरु राष्ट्रिय, प्रदेश तहको दुरदृष्टि, उद्देश्य, लक्ष्यसँग सम्बन्ध राख्ने गरी तयार गरिएको छ । यसैगरी यस योजनामा उल्लेख भएका उपक्षेत्र तथा विषय बीचको अन्तरसम्बन्ध एक आपसमा मेल खाने र सिलसिलेवार मिलेको पाइएको छ। |
| ५ | कार्यान्वयनपक्ष तथा सान्दर्भिकता | यस योजनाले सम्बोधन गरेका रणनीति, कार्यनीति तथा क्रियाकलापहरुलाई हेर्दा कार्यान्वयन गर्न सकिने खालका र ठाउँ परिवेश अनुसार सान्दर्भिक समेत देखिन्छ। योजनामा उल्लेख भएका विषयहरुले शिक्षा क्षेत्र लगायत अन्य सामाजिक उत्तरदायित्वका क्षेत्रहरुकृषि तथा उत्पादन, स्वास्थ्य र पोषण, जलवायु परिवर्तन, विपद् र जोखिम न्युनीकरण , मातृभाषा र रैथाने सीप प्रवर्धन जस्ता पक्षहरुको विकासमा समेत प्रथमिकता कायम गरेको देखिन्छ। योजनाका लक्ष्य प्राप्तिका लागि उल्लेख गरिएका क्रियाकलापहरु सरल र सहज रुपमा कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक नै रहेको छ। अनुगमन तथा मूल्यांकनको पक्षमा हेर्दा बढी मात्रामा स्थानीय तह (सरकार/जनप्रतिनीधि), गाउँ शिक्षा समिति तथा शिक्षा शाखाको भुमिका बढी रहने गरी सहभागीमुलक विधि वा प्रक्रिया अवलम्बन गर्नु पर्ने कुरालाई जोड दिएको छ । योजना समग्र रुपमा समावेशी र सान्दर्भिक प्रतित हुन्छ । योजनाले गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको समस्या तथा चुनौतीलाई उल्लेख गरेको र यी समस्या तथा चुनौति सामना गर्ने पालिकाका संभावना तथा अवसरहरु समेत उल्लेख भएको देखिँदा योजना कार्यान्वयनमा सहजता देखिन्छ। |
| ६ | स्रोतको प्रबन्ध | फाकफोकथुम गाउँपालिकामा शिक्षा क्षेत्रको मूख्य स्रोतको रुपमा नेपाल सरकारका वित्तिय हस्तान्तरणका क्रियाकलाप अन्तर्गतका संघीय अनुदान, स्थानीय सरकार |

| | | |
|---|---|---|
| | | को विविध क्षेत्रका अनुदान र केही मात्रामा प्रदेश सरकारको सहयोग देखिन्छ । योजनामा हाल भइरहेका स्रोतहरुको पारदर्शी रुपमा उल्लेख गरी योजनामा समावेश भएका क्रियाकलाप संचालनका लागि कहाँबाट कति र कस्ता स्रोत उपलब्ध हुन सक्छ भन्ने अनुमानित बजेट र स्रोतको आकंलन गरी तालिकाबद्ध अभिलेखीकरण भएको देखिन्छ । सबै प्रकारका स्रोतहरु उल्लेख भएपनि प्रदेश सरकारबाट प्राप्तहुने सानो स्रोत र स्थानीय तहको स्रोतमा शिक्षक व्यावस्थापन (पारिश्रमिक/भत्ता) आदिमा जोड दिएको अवस्था छ । योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल भने राम्रो देखिन्छ । यसैगरी स्रोतको प्रबन्धका लागि विभिन्न अन्य संघसंस्था- सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारीभइरहेको र यसलाई आगामी दिनमा समेत निरन्तरता दिने कुरालाई प्रष्ट रुपमा उल्लेख भएको छ । |
| ७ | संस्थागत क्षमता | संस्थागत सक्षमता अभिवृद्धिका लागि शिक्षक तथा कर्मचारीहरुको लागि तालिमको व्यावस्थापन गर्ने कुरा यस योजनामा उल्लेख गरिएको छ । यस क्रियाकलापलाई प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र चरण चरणमा शिक्षक, कर्मचारीहरुलाई तालिम तथा सक्षमता अभिवृद्धिका कार्यक्रम,अभिभावक, वि.व्य.स., शिक्षक अभिभावक संघकापदाधिकारीलाई सक्षमता विकास कार्यक्रमको व्यावस्थासंगै विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगका कार्यक्रम तय भएको छ । |
| ८ | कार्यान्वयनमा तत्परता | योजनाको कार्यान्वयनमा सरोकारवालाको सहभागीता अभिवृद्धिका लागि विद्यालय, अभिभावक र सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण जस्ता कार्यको व्यावस्था गरिनुका साथै योजनामा उल्लेखित क्रियाकलापहरु कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेटको समेत उल्लेख भएको छ । योजना बारे शिक्षक, शिक्षा समिति र पालिका जनप्रतिनिधि, कार्यपालिका सदस्यहरुलाई प्रवोधिकरण गर्ने विषयले प्राथमिकता पाएको देखिएन जसले योजना कार्यान्वयनको अपनत्व ग्रहण गर्ने कुरामा कमजोरी रहन सक्ने ठाउँ देखिन्छ । |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | तथ्याङ्क सङ्कलन प्रक्रिया र योजना निर्माणको क्रममा खुलाइएको स्रोतलाई हेर्दा तथ्याङ्कको आधिकारीकता माथि प्रश्न उठाउने ठाउँ देखिदैन । शैक्षिक सूचना र अन्य तथ्याङ्क सङ्कलन यथार्थपरक छ साथै योजना लेखनमा सबै शैक्षिक विषयहरुलाई सम्बोधन गर्ने गरी लेखन कार्य भएको पाइएकोले यस क्षेत्रमा ठुलो कमजोरी देखिएन । सहभागीतामुलक पद्धति र प्रक्रियाले तथ्याकं संकलन ,विश्लेषण तथा प्रक्षेपण भएको देखिन्छ । |
| १० | अनुगमन र प्रतिवेदन | योजनामा शैक्षिक क्षेत्रका समग्र उपक्षेत्र समेत संलग्न गरी योजनालाई पुर्णता दिएको छ र यसमा आठौं परिच्छेद अन्तर्गत समग्र अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी तथा प्रक्रिया समेत उल्लेख गरिएको छ । |

**निष्कर्ष**

समग्रमा यस फाकफोकथुम गाउँपालिकाको शिक्षा योजनालाई स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) मा भएको लेखाजोखाको प्रावधानको आधारमा शुरुबाट अन्तिमसम्म हेर्दा यस गाउँपालिकाको १० वर्षे स्थानीय तहको शिक्षा योजना नेपाल सरकार, शिक्षा, विज्ञानतथा

प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना निर्माण मार्ग दर्शन २०७९(परिमार्जित ढाँचा २०८१) अनुरुप तयार भएको छ। यस भित्रका उल्लेख भएका कतिपय क्रियाकलापहरु एकदमै सृजनशील र अपनत्व हुने खालका र विना आर्थिक लगानीमा स्थानीय स्तरबाट तथा विद्यालय र अभिभावक तहबाट नै तुरुन्तै शुरुवात गर्न सकिने प्रकृतिका छन्। स-साना तर तुरुन्त प्रभावकारीता दिन सक्ने क्रियाकलाप कार्यान्वयनका लागि वि.व्य.स. तथा विद्यालय नेतृत्वकर्ताहरुलाई शिक्षा योजना बारे जानकारी र कार्यान्वयनका लागि तुरुन्त जिम्मेवारी दिन सकिन्छ। यस योजनाको प्रभावकारी रुपमा कार्यान्वयनमा फाकफोकथुम बासी सबैको उत्तिकै भुमिका र जिम्मेवारी त छदैछ ,अझ उच्च रुपमा सफलताका लागि शिक्षा शाखाप्रमुख / कर्मचारी, जनप्रतिनिधि, गाउँ शिक्षा समितिको प्रमुख भुमिका रहने छ। यो योजनाले पुर्ण सफलता पाउने आशा तथा शुभकामना व्यक्त गर्दै पूर्ण कार्यान्वयनका लागि शुभकामना।

धन्यवाद!

लेखाजोखा गर्ने व्यक्ति
डा.बाल चन्द्र लुईटेल
डिन, काठमाण्डौ विश्व विद्यालय
श्री डिल्लीराम लुइटेल
पूर्व सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय

**योजनाको दस्तावेजको स्वरुप**

यस फाकफोकथुम गाउँपालिकाले शिक्षा शाखा तथा शिक्षा समिति मार्फतगाउँ कार्यपालिकाबाट प्रस्ताव निर्णय गरी स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९ (परिमार्जित संस्करण२०८१) अनुसुची १ मा उल्लेखित ढाँचामा आधारित यो १०वर्षे स्थानीय तहको शिक्षा योजना तयार भएको छ।

स्थानीय तहको शिक्षा योजना

## विषयसूची


**परिच्छेद १ परिचय**

१.१ पृष्ठभूमि १
१.१.१ भौगोलिक अवस्थिति १
१.१.२ जनसांख्यिक संरचना २
१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था ३
१.१.४ आर्थिक अवस्था ४
१.१.५ शैक्षिक अवस्था ४
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण १३

**परिच्छेद २: दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण**

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार १७
२.१.१ संवैधानिक प्रावधान १७
२.१.२. स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन २०७४ १८
२.१.३ संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी) १९
२.१.४ अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ २०
२.२ दुर दृष्टि २०
२.३ लक्ष्य २०
२.७ अपेक्षित उपलब्धिः २८
२.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण: २९

**परिच्छेद: ३ शिक्षाका मुख्य उपक्षेत्र** ३४

३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा ३४
३.१.१. वर्तमान अवस्था ३४
३.१.२. उद्देश्य ३५
३.१.३. रणनीति ३५
३.१.४. प्रमुख उपलब्धि तथा नतिजा ३५
३.२ आधारभूत शिक्षा ३८
३.२.१ वर्तमान अवस्था ३८
३.२.२ उद्देश्य ३९
३.२.३ रणनीति ३९
३.२.४ प्रमुख उपलव्धि तथा नतिजा ४०
३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ४१
३.३ माध्यमिक शिक्षा ४३
३.३.१ वर्तमान अवस्था ४३
३.३.२ उद्देश्य ४४
३.३.३ रणनीति ४४
३.३.४ प्रमूख उपलव्धि तथा नतिजा ४५
३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ४६

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम ४७
    ३.४.१ वर्तमान अवस्था ४७
    ३.४.२ उद्देश्य ४७
    ३.४.३ रणनीति ४७
    ३.४.४ प्रमुख उपलब्धी तथा नतिजा ४८
    ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ४८
३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ४९
    ३.५.१ वर्तमान अवस्था ४९
    ३.५.२ उद्देश्य ४९
    ३.५.३ रणनीति ४९
    ३.५.४ प्रमूख उपलब्धि तथा नतिजा ५०
    ३.५.५ प्रमूख क्रियाकलाप र परिमाणत्मक लक्ष्य ५०

**परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र** ५१

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मुल्यांकन ५१
    ४.१.१ वर्तमान अवस्था ५२
    ४.१.२ उद्देश्य ५२
    ४.१.३ रणनीति ५२
    ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ५३
    ४.१.५ प्रमुख क्रियाकलाप र पमिाणात्मक लक्ष्य ५४
४.२ शिक्षक व्यवस्थापन तथा विकास ५४
    ४.२.१ वर्तमान अवस्था ५४
    ४.२.२ उद्देश्य ५६
    ४.२.३ रणनीति ५६
    ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा ५७
    ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ५७
४.३ शैक्षिक समता र समावेशीकरण ५८
    ४.३.१ वर्तमान अवस्था ५८
    ४.३.२ उद्देश्य ५९
    ४.३.३ रणनीति ५९
    ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ६०
    ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ६०
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ६१
    ४.४.१ वर्तमान अवस्था ६१
    ४.४.२ उद्देश्य ६२
    ४.४.३ रणनीति ६२
    ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा ६३
    ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ६४

४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता ६५
४.५.१ वर्तमान अवस्था ६५
४.५.२ उद्देश्य ६६
४.५.३ रणनीति ६६
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा ६७
४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ६७
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ६८
४.६.१ वर्तमान अवस्था ६८
४.६.२ उद्देश्यः ७१
४.६.३ रणनीति ७१
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ७२
४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ७२
४.७ विद्यालयमा सुचना तथा सञ्चार प्रविधि ७३
४.७.१ वर्तमान अवस्था ७३
४.७.२ उद्देश्य ७३
४.७.३ रणनीति ७४
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा ७४
४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ७५

**परिच्छेद ५: अन्य उपक्षेत्र** ७६

५.१ उच्च शिक्षा ७६
५.१.१ वर्तमान अवस्था ७६
५.१.२ उद्देश्य ७६
५.१.३ रणनीति ७७
५.१.४ प्रमुख उपलब्धि र नतिजा ७७
५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ७७
५.२ मातृभाषा शिक्षाः ७८
५.२.१ वर्तमान अवस्था ७८
५.२.२ उद्देश्य ७८
५.२.३ रणनीति ७८
५.२. ४ प्रमुख उपलब्धी तथा नतिजा ७८

**परिच्छेद ६: सुशासन तथा व्यवस्थापन**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ७९
६.१.१ वर्तमान अवस्था ७९
६.१.२ उद्देश्य ८०
६.१.३ रणनीति ८०
६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ८०
६.१.५ प्रमुख क्रियाकलाप र परिमाण्मात्मक लक्ष्य ८१

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ८२
६.२.१ वर्तमान अवस्था ८२
६.२.२ उद्देश्य ८३
६.२.४ प्रमुख उपलब्धि तथा नतिजा ८४
६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ८४

**परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन** ८५
७.१ वर्तमान अवस्था ८५
७.२ उद्देश्य ८६
७.३ रणनीति ८६
७.४ प्रमुख उपलब्धि तथा नतिजा ८७
७.५ प्रमुख क्रियाकलाप र लक्ष्य ८८
७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया ९१
७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ९२

**परिच्छेद ८: अनुगमन तथा मूल्यांकन** ९३
८.१ वर्तमान अवस्था ९३
८.२ उद्देश्य ९४
८.३ रणनीति ९४
८.४. प्रमुख उपलब्धि र नतिजा ९५
८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ९५
अनुसुची १
स्थानीय शिक्षा योजनाको ढाँचा

# परिच्छेद १ परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले समतामुलक, समावेशी र समाजवाद उन्मुख राष्ट्रको परिकल्पना गरेको छ। संविधानको अनुसुची ८ मा आधारभूत र माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको हुनाले नागरिकको सबैभन्दा नजिकको सरकारको हैसियतले आफ्नो क्षेत्राधिकार भित्र गुणस्तरीय शिक्षाको प्रवन्ध गर्नु पालिकाको कर्तव्य हुन आएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा २४ मास्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयहरुमा स्थानीयस्तरको विकासका लागि आवश्यक नीति, रणनीति तथा योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरिएको छ । स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धि अधिकारलाई नीति निर्माण, मापदण्ड तयार, सञ्चालन, व्यवस्थापन र नियमनको क्षेत्रमा जवाफदेही बनाउदै शैक्षिक सुशासन कायम गर्ने लक्ष्य राखेको छ । यसका साथै निशुल्क अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ र यसलाई कार्यान्वयन गर्न बनेको शिक्षा नियमावली २०७७, बालबालिकाको संवैधानिक अधिकार र प्राथमिकताहरु ग्यारेन्टी गर्न बनेको बाल अधिकार ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६ लगायत समग्र नीति तथा कानुनहरुले शिक्षा क्षेत्रमा सुधार र परिवर्तन गर्दछ भन्ने विश्वास लिएको छ । समृद्ध नेपाल र सुखी नेपालीकोनारा पुरा गर्न नेपालले आफुलाई अल्पविकसित देशबाट वि.स. २०८३ सम्ममा विकासशील र वि.स. २१०० सम्ममा विकसित देशको हैसियतमा पुग्ने तयारी गर्दैछ। विकासशील र विकसित राष्ट्रको गन्तव्य विन्दुमा पुग्नको लागि मुख्य माध्यम भनेको प्रभावकारी शिक्षा योजना र त्यसको कार्यान्वयन नै हो।

यसर्थ संघीय सरकारले विद्यालय शिक्षा क्षेत्र योजना (२०२२-२०३१) ल्याएको छ जुन स्थानीय तहको शिक्षा क्षेत्र योजना तर्जुमा गर्न मार्गदर्शकको रुपमा ग्रहण गरिएको छ। यसै दस्तावेजमा आधारित भएर शिक्षा तथा मानव स्रोत विकास केन्द्रले स्थानीय तहहरुलाई सहजीकरणका लागि स्थानीय तह शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) ल्याएको छ। फाकफोकथुम गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ मा प्रदत्त अधिकारहरुको आधारमा गाउँपालिकाको ५ वर्षे आवधिक योजना समेत तय गरी कार्यान्वयनमा ल्याएको छ । गाउँपालिकाका यस आवधिक योजनाको विषयगत उपक्षेत्र अन्तर्गत शिक्षालाई प्राथमिकतामा राखी रणनीतिको रुपमा आधारभूत शिक्षा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने कुरा उल्लेख गरेको छ। यसर्थ माथि उल्लेखित नीति, रणनीति तथा योजनाहरुमा आधारित रही शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) को आधारमा गाउँपालिकाले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरेको छ।

### १.१.१ भौगोलिक अवस्थिति

नेपालको सुदुरपुर्वको जिल्ला इलामको पश्चिमी भागमा अवस्थित फाकफोकथुम गाउँपालिका राज्य पुनःसंरचनाको क्रममा इलाम जिल्ला साविकको एकतप्पा, फाकफोक, आमचोक, फुएतप्पा, लुम्दे र चमैता गाउँ विकास समितिको वडा नं ९ समेटेर २०७३ फाल्गुन २७ गते गठन भएको हो । ७५३ स्थानीय तह मध्ये यसस्थानीय तहमा बहु जातजातीको बसोबास रहेको पाइन्छ। यो गाउँपालिका धार्मिक, साँस्कृतिक साथै प्राकृतिक रुपमा समेत मनोरम रहेको छ। फाकफोकथुम गाउँपालिका विश्व मानचित्र अनुसार २६° ९९″ उत्तरी अक्षांशर ८७°७६″ पूर्वी देशान्तरमा पर्दछ। यस गाउँपालिकाको सिमाना र भौगोलिक अवस्था हेर्दा २६°५४″ देखि२७°१०″ उत्तरी अक्षांशसम्म र ९०°४०″ देखि९०°४९″ पुर्वी देशान्तरसम्म विस्तार भएकोछ साथै यो गाउँपालिका समुन्द्र सतहबाट ५३० देखि २८४० फिटसम्मको उचाईमा फैलिएकोछ । ७ वडामा विभाजित यस गाउँपालिका जिल्ला सदरमुकामबाट करीब ४९.२ किलोमिटर पश्चिम दिशातर्फ अवस्थित छ । फाकफोकथुम गाउँपालिकाको पुर्वमा देउमाई नगरपालिका, पश्चिम र उत्तरतर्फ पाँचथर जिल्लाको मिक्लाजुङ्ग र फाल्गुनन्द गाउँपालिका, दक्षिणतर्फ माङसेबुङ गाउँपालिका पर्दछ। यो पालिका निर्वाचन

क्षेत्रका हिसाबले प्रतिनिधि सभाका लागि इलाम जिल्लाको क्षेत्र नं.२ र प्रदेशसभाका लागि निर्वाचन क्षेत्र नं. २ (ख) अन्तर्गत पर्दछ।


### १.१.२ जनसांख्यिक संरचना

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १९,७०६ रहेको छ। जस मध्ये महिला ४९.७ प्रतिशत रपुरुष ५०.३ प्रतिशत रहेका छन्। सोही अनुसार लैंगिक अनुपात ९८.९५ प्रतिशत रहेको छ। जनघनत्व १८१ जना प्रति वर्ग किलोमिटर रहेको छ भने ४,८९८ घरधुरी रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको वडागत जनसंख्या विवरण तलको तालिकामा रहेको छ र उमेर समूहगत जनसंख्या विवरण तलको ग्राफमा राखिएको छ।

**तालिका नं. १: वडागत जनसंख्या विवरण**

| वडा नं. | घरधुरी संख्या | महिला | पुरुष | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|---|---|---|---|
| १ | ८५७ | १७३० | १७३१ | ३४६१ | १७.६० | ९९.९४ | २२.२६ |
| २ | ६५६ | १३२९ | १३०७ | २६३६ | १३.३७ | १०१.६८ | १३.५८ |
| ३ | ६८८ | १३६२ | १३५० | २७१२ | १३.८० | १००.८९ | १४.६३ |
| ४ | ८४१ | १६५२ | १७२३ | ३३७५ | १७.१२ | ९५.८८ | १८.९८ |
| ५ | ५३८ | ११९५ | १०८६ | २२०१ | ११.७० | १०२.६७ | ११.९२ |
| ६ | ५९० | ११९८ | १२६५ | २४६३ | १२.५० | ९४.७० | १६.९६ |
| ७ | ७२८ | १४१५ | १४४३ | २८५८ | १४.५० | ९८.०६ | १०.९७ |
| **जम्मा** | **४८९८** | **९८०१** | **९९०५** | **१९७०६** | **१००.००** | **९८.९५** | **१०९.३** |

स्रोत: राष्ट्रिय जनगणना २०७८




वडातग जनसंख्याको बनोटले महिला भन्दा पुरुषको जनसंख्या बढी रहेको छ भने वडा न १ जनसाख्यिक हिसाबले बढी जनसंख्या रहेको वडामा पर्दछ।

### १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था

फाकफोकथुम गाउँपालिका जातिगत तथा साँस्कृतिक रुपमा बिशिष्टता र विविधता बोकेको गाउँपालिका हो, यहाँ मुख्य रुपमा लिम्बु जातिको बसोबास रहेको छ, साथसाथै अन्य जातजातिहरुको पनि बाक्लो बसोबास रहेको छ। यस क्षेत्रमा हिन्दु धर्मावलम्बीहरुको बाहुल्यता रहेको पाइन्छ। यस क्षेत्रका मानिसहरु विभिन्न पेशा व्यवसायमा आवद्ध छन् र यो क्षेत्र जडिबुटी तथा कृषि उपज उत्पादन को लागि धेरै प्रख्यात छ। यस गाउँपालिका क्षेत्रका जातजाती विवरण निम्नानुसार रहेको छ।

**तालिका नं. २: जातजाती विवरण**

| जातजाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| याक्थुङ्ग/लिम्बु | २१८५ | २११२ | ४२९७ |
| क्षेत्री | १९८६ | १९६५ | ३९३३ |
| ब्राम्हण (पहाडी) | ९२४ | ९५५ | १८७९ |
| मगर | १२२९ | १२३८ | २४६७ |
| तामाङ्ग | ३८९ | ३८८ | ७७७ |
| नेवार | ३२३ | ३१५ | ६३८ |
| विश्वकर्मा (कामी) | ३६९ | ३५६ | ७२५ |
| राई | १६०१ | १६०७ | ३२०८ |
| गुरुङ्ग | ७० | ६४ | १३४ |
| परियार (दमाई) | १६३ | १५२ | ३१५ |
| मिजार ( सार्की) | ३५ | ३० | ६५ |
| सन्यासी/दसनामी | ८७ | ६९ | १५६ |
| घर्ती/भुजेल | ४३ | ४२ | ८५ |
| शेर्पा | १२ | ८ | २० |
| सुनुवार | १५५ | १४८ | ३०३ |
| कुलुङ्ग | १५० | १३० | २८० |
| गदेरी/भेदियार | ८ | ६ | १४ |
| याख्खा | ९ | १५ | २४ |
| खवास | २८ | २६ | ५४ |
| चाम्लिङ्ग | ४ | ६ | १० |
| वान्तावा | ४५ | ४८ | ९३ |
| साङ्गपाङ्ग | ९१ | ९३ | १८४ |
| अन्य | १७ | २८ | ४५ |

स्रोतः राष्ट्रिय जनगणना २०७८

यस गाउँपालिका क्षेत्रमा मातृभाषाको रुपमा राई, लिम्बु, मगर, तामाङ्ग, शेर्पा भाषाको प्रयोग गर्ने गरेको पाइन्छ भने थप आफ्नो जातजाती अनुसारको भाषा प्रयोग गर्ने गरेको पाइन्छ। बाँसको चोया, काठको सामाग्री, कोल, आरन, हलो, जुवा, ढिकी, जाँतो आदि यस क्षेत्रमा प्रयोग गरिने रैथाने सीपहरु हुन।

### १.१.४ आर्थिक अवस्था

यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य पेशा कृषि र पशुपालन हो । अधिकांश जनसंख्या कृषि र पशुपालन पेशामा आबद्ध छन् । यसका अलावा नोकरी, व्यवसाय, वैदेशिक रोजगारी, ज्याला मजदुरीमा पनि यस क्षेत्रका बासिन्दाहरुको आबद्धता छ ।तरकारी, दलहन, फलफुल र नगदे बालीको उत्पादन यस गाउँपालिकामा उत्पादन भए पनि अन्नबाली नै प्रमुख उत्पादन हो । यस अन्तर्गत धान, मकै, कोदो, गहुँ , आलु र अन्नबाली मुख्य हो । यसै गरी अलैंची, अदुवा, अम्रिसो, चिराइतो प्रमुख नगदे बालीमा पर्दछ । फाकफोकथुम गाउँपालिकाVillage प्रोफायल अनुसार जम्माकुल घरधुरी ४००० मा २२६ घरले मात्र उपभोग गरी बाँकी रहेको उत्पादन विक्री गर्ने गरेको देखाउछ । आफ्नो उत्पादनबाट ३ महिना खान पुग्ने ९५० घर, ६ महिना पुग्ने ७४३ र ९ महिना पुग्ने ११४८ घर रहेको छ । साथै जम्मा १९,२९१ जनसंख्या जस्मा महिला ९,२८५ र पुरुष १०,००६ रहेको छ जसमा पशुपालनमा ३,७१२, नगदेबालीमा ३,५०८,वन पैदावारमा १,५६० जनसंख्या सक्रिय रहेका छन् । जनगणना २०७८ का अनुसार यस गाउँपालिकाको आर्थिक रुपले सक्रिय जनसंख्याको प्रतिशत ४९ रहेको छ ।

### १.१.५ शैक्षिक अवस्था

नेपालमा विद्यालय क्षेत्र अन्तर्गत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन् । ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको  निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार यस गाउँपालिकाको जम्मा जनसंख्या १९,७०६ रहेको छ । जसमा साक्षरता प्रतिशत ८२.४ रहेको छ । जसमा महिला ७६.३ प्रतिशत र पुरुष ८८.७ प्रतिशत रहेको छ । यस पालिका क्षेत्रभित्र सामुदायिक ३९, परम्परागत धार्मिक विद्यालय १ र संस्थागत ८  गरी जम्मा ४८ विद्यालय सञ्चालनमा रहेका छन् । आ.व. २०८१/८२ को शैक्षिक सुचना व्यवस्थापन प्रणालीको तथ्यांक अनुसार प्रारम्भिक बालविकास ५१, कक्षा १-३संचालित विद्यालय ३, कक्षा १-५ संचालित २३, कक्षा १-८ संचालित ३, कक्षा १-१० संचालित  ७ र कक्षा १-१२ संचालित ४, स्नातक तह संचालित बहुमुखी क्याम्पस १, कक्षा १-५ संचालित गुम्बा १ र सामुदायिक सिकाइ केन्द्र ४ वटा रहेका छन् । सामुदायिक विद्यालय तर्फका प्रारम्भिक बाल विकास देखि कक्षा १२ सम्मको विद्यार्थी संख्या २९८९ जना, जसमाछात्रा १४९७ र छात्र १४९२ जना रहेका छन् । समग्रमा यस गाउँपालिकाको शैक्षिक अवस्थाको विवरण निम्नानुसार रहेको छ ।

**तालिका ३: साक्षरताको स्थिति**

| क्र.स | विवरण | साक्षरता प्रतिशत |
|---|---|---|
| १ | कूल साक्षरता | ८१.२२ |
| २ | पुरुष साक्षरता | ८६.२१ |
| ३ | महिला साक्षरता | ७६.२३ |
| ४ | १५-२४ वर्षको कूल साक्षरता | ८८.१३ |

स्रोतः घरधुरी सर्वेक्षण २०७६

**तालिका ४: सामुदायिक विद्यालय**

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १ | कक्षा (१—३) सञ्चालित | ३ वटा |
| २ | कक्षा (१—५) सञ्चालित | २२ वटा |
| ३ | कक्षा (१—८) सञ्चालित | ३ वटा |
| ४ | कक्षा (१—१०) सञ्चालित | ७ वटा |
| ५ | कक्षा (१—१२) सञ्चालित | ४ वटा |
| ६ | क्याम्पस स्नातक तह सञ्चालित | १ वटा |
| ७ | कक्षा (१—५) सञ्चालित गुम्बा शिक्षा | १ वटा |
| ८ | सामुदायिक सिकाइ केन्द्र | ४ वटा |

**तालिका ५ :संस्थागत विद्यालय विवरण**

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १ | पुर्व प्राथमिक कक्षा सञ्चालित | १ वटा |
| २ | कक्षा (१—५) सञ्चालित | ५ वटा |
| ३ | कक्षा (१—८) सञ्चालित | २ वटा |

**तालिका ६ :सामुदायिक विद्यालय विद्यार्थी विवरण २०८१**

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| पूर्व प्रा.वि. | १७६ | २०१ | ३७७ |
| १ | ११० | १२४ | २३४ |
| २ | ११८ | १०० | २१८ |
| ३ | ११७ | १२० | २३७ |
| ४ | १२६ | १४४ | २७० |
| ५ | १३८ | १३४ | २७२ |
| ६ | १०६ | १०० | २०६ |
| ७ | १०२ | १०१ | २०३ |
| ८ | १२२ | १२७ | २४९ |
| ९ | ९३ | १०१ | १९४ |
| १० | १३५ | १२० | २५५ |
| ११ | ६५ | ५८ | १२३ |
| १२ | ८४ | ६७ | १५१ |
| जम्मा | १४९२ | १४९७ | २९८९ |

**तालिका ७ :संस्थागत  विद्यालय विद्यार्थी विवरण २०८१**

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| पूर्व प्रा.वि. | ८५ | १०५ | १९० |
| १ | २० | ४२ | ६२ |
| २ | २७ | ३७ | ६४ |
| ३ | २५ | ३२ | ५७ |
| ४ | २१ | ३३ | ५४ |
| ५ | १९ | २१ | ४० |
| ६ | १४ | १० | २४ |
| ७ | ९ | ९ | १८ |
| ८ | २ | ११ | १३ |
| जम्मा | २२२ | २७६ | ४७९ |

**तालिका ८ :फाकफोकथुम गाउँपालिकाभित्रका सामुदायिक विद्यालय विवरण**

| क्र.स | विद्यालयको नाम, ठेगाना | सञ्चालीत कक्षा | कैफियत |
|---|---|---|---|
| १ | कालिकादेवी आ.वि. फाकफोकथुम-३, आमचोक | १-५ | |
| २ | किराँतेश्वर आ.वि. फाकफोकथुम-७, एकतप्पा | १-५ | |
| ३ | खाम्बाङ्ग मा.वि. फाकफोकथुम-१, खाम्बाङ्ग | १-१० | |
| ४ | गुरुउदय आ.वि. फाकफोकथुम-७, एकतप्पा | १-५ | |
| ५ | चुहानडाँडा आ.वि. फाकफोकथुम-२, फाकफोक | १-५ | |
| ६ | छायाँदेवी मा.वि. फाकफोकथुम-१, लुङसुङदाङ, आमचोक | १-१० | |
| ७ | जन आ.वि. फाकफोकथुम-७, एकतप्पा | १-५ | |
| ८ | जनकल्याण मा.वि. फाकफोकथुम-७, एकतप्पा | १-१० | |
| ९ | जनज्योती आ.वि. फाकफोकथुम-४, फुएतप्पा | १-३ | |
| १० | जनसिद्ध आ.वि. फाकफोकथुम-१, लुङसुङदाङ | १-३ | |
| ११ | जलकन्या आ.वि. फाकफोकथुम-४, फुएतप्पा | १-४ | |
| १२ | जलकन्या आ.वि. फाकफोकथुम-५, लुम्दे | १-५ | |
| १३ | जानकी मा.वि. फाकफोकथुम-६, हाङमासुली | १-१० | |
| १४ | जालपा मा.वि. फाकफोकथुम-५, लुम्दे | १-१० | |
| १५ | ज्योती आ.वि. फाकफोकथुम-१, ठिंगेपुर | १-८ | |
| १६ | तिल्पुङ्ग आ.वि. फाकफोकथुम-६, सिमसारा | १-५ | |
| १७ | थोकफेला आ.वि. फाकफोकथुम-६, एकतप्पा | १-५ | |
| १८ | धार्नेखोप आ.वि. फाकफोकथुम-२, धार्नेखोप | १-५ | |
| १९ | पञ्चकन्या आ.वि. फाकफोकथुम-६, एकतप्पा | १-५ | |

| क्र.स | विद्यालयको नाम, ठेगाना | सञ्चालीत कक्षा | कैफियत |
|---|---|---|---|
| २० | फलाँटे मा.वि. फाकफोकथुम-६, फलाँटे | १-१० | |
| २१ | मदनज्योती आ.वि. फाकफोकथुम-७, एकतप्पा | १-५ | |
| २२ | मनोकामना आ.वि. फाकफोकथुम-६, मेतालुङ | १-५ | |
| २३ | मालिकादेवी आ.वि. फाकफोकथुम-३, आमचोक | १-५ | |
| २४ | मित्तोक आ.वि. फाकफोकथुम-७, एकतप्पा | १-५ | |
| २५ | राष्ट्रिय मा.वि. फाकफोकथुम-२, कोल्बोटे | १-१२ | |
| २६ | लक्ष्मीदेवी आ.वि. फाकफोकथुम-३, आमचोक | १-५ | |
| २७ | विजय आ.वि. फाकफोकथुम-१, दशमी | १-८ | |
| २८ | बिष्णु मा.वि. फाकफोकथुम-४, फुएतप्पा | १-१२ | |
| २९ | सरस्वती आ.वि. फाकफोकथुम-४, फुएतप्पा | १-५ | |
| ३० | सरस्वतीभञ्ज्या आ.वि. फाकफोकथुम-५, लुम्दे | १-५ | |
| ३१ | सल्लेरी आ.वि. फाकफोकथुम-३, आमचोक | १-५ | |
| ३२ | सिंहदेवी आ.वि. फाकफोकथुम-३, फुएतप्पा | १-५ | |
| ३३ | सिंहदेवी आ.वि. फाकफोकथुम-५, लुम्दे | १-८ | |
| ३४ | सिंहदेवी मा.वि. फाकफोकथुम-३, आमचोक | १-१२ | |
| ३५ | सिंहदेवी मा.वि. फाकफोकथुम-४, नेवारगाउँ | १-१० | |
| ३६ | सिंहदेवी मा.वि. फाकफोकथुम-७, एकतप्पा | १-१२ | |
| ३७ | सिद्ध आ.वि. फाकफोकथुम-४, फुएतप्पा | १-५ | |
| ३८ | सिद्धज्योती आ.वि. फाकफोकथुम-१, चित्रे, आमचोक | १-५ | |
| ३९ | सुभद्रा आ.वि. फाकफोकथुम-२, साप्तीन | १-५ | |
| ४० | साङ्गेच्योम्दान्दे छयोइलिङ्ग गुम्बा शिक्षा, फाकफोक | १-५ | परम्परागत |

**तालिका ९ :फाकफोकथुम गाउँपालिकाभित्रका संस्थागत विद्यालय विवरण**

| क्र.स | विद्यालयको नाम | सञ्चालित कक्षा | कैफियत |
|---|---|---|---|
| १ | देव मेमोरियल एकेडेमी फाकफोकथुम-४, फुएतप्पा | १-८ | |
| २ | हयारो पोइन्ट एकेडेमी फाकफोकथुम-३, आमचोक | १-८ | |
| ३ | ग्रीनहील एकेडेमी फाकफोकथुम-१, फाकफोक | ०-५ | |
| ४ | तिनजुरे एकेडेमी अंग्रेजी बोर्डिङ स्कुल फाकफोकथुम-६ | १-८ | |
| ५ | नेशनल हेरिटेज एकेडेमी फाकफोकथुम-२, फाकफोक | ०-४ | |
| ६ | बनस्थली बोर्डिङ स्कुल फाकफोकथुम-६, एकतप्पा | १-८ | |
| ७ | बागमती अंग्रेजी बोर्डिङ स्कुल फाकफोकथुम-२, फाकफोक | १-८ | |
| ८ | चिल्ड्रेन इनभाइरोमेन्ट एकेडेमी फाकफोकथुम-७, एकतप्पा | पूर्वप्राथमिक | |

यसैगरी शैक्षिक वर्ष २०८१ को औसत सिकाइ उपलब्धीलाई हेर्दा यस पालिकाको कक्षागत विवरण निम्नानुसार रहेको छ ।

**तालिका १० :शैक्षिकवर्ष २०८१ मा कक्षा १, २ र ३ को औसत सिकाइ उपलब्धि GPA मा**

| विषय | कक्षा-१ | कक्षा-२ | कक्षा-३ |
|---|---|---|---|
| नेपाली | ३.०५ | ३.१८ | ३.१६ |
| अंग्रेजी | ३.१ | ३.०९ | ३.०८ |
| गणित | ३.०२ | ३.०९ | ३.० |
| हाम्रो सेरोफेरो | ३.१ | ३.१३ | ३.१३ |
| स्थानीय विषय | ३.०९ | ३.०३ | ३.११ |

**तालिका ११ :शैक्षिकवर्ष २०८१ मा कक्षा ४ र ५ को औसत सिकाइ उपलब्धि GPA मा**

| विषय | कक्षा-४ | कक्षा-५ |
|---|---|---|
| नेपाली | २.९६ | २.८९ |
| अंग्रेजी | २.८९ | २.८५ |
| गणित | २.७६ | २.७६ |
| विज्ञान र प्रविधि | २.९६ | २.८३ |
| सामाजिक अध्ययन र मानव मूल्य शिक्षा | २.९३ | २.९६ |
| स्वास्थ्य शारीरिक तथा सृजनात्मक कला | २.९८ | २.९४ |
| स्थानीय विषय | ३.५३ | २.९६ |

**तालिका १२ :शैक्षिकवर्ष २०८१ मा कक्षा ६, ७ र ८को औसत सिकाइ उपलब्धि GPA मा**

| विषय | कक्षा-६ | कक्षा-७ | कक्षा-८ |
|---|---|---|---|
| नेपाली | २.६२ | २.७६ | २.८५ |
| अंग्रेजी | २.६२ | २.६४ | २.८१ |
| गणित | २.५२ | २.५५ | २.८४ |
| विज्ञान र प्रविधि | २.५४ | २.७४ | ३.०७ |
| सामाजिक अध्ययन र मानव मूल्य शिक्षा | २.६४ | २.६५ | २.९३ |
| स्वास्थ्य शारीरिक तथा सृजनात्मक कला | २.९ | २.८३ | २.७५ |
| स्थानीय विषय | २.७९ | २.७६ | २.१६ |

**तालिका १३ :शैक्षिकवर्ष २०८१ मा कक्षा ९ र १० को औसत सिकाइ उपलब्धि GPA मा**

| विषय | नेपाली | अंग्रेजी | गणित | विज्ञान र प्रविधि | सामाजिक अध्ययन र मानव मूल्य शिक्षा | ऐ.प्रथम | ऐ.द्वितीय |
|---|---|---|---|---|---|---|---|
| कक्षा-९ | २.६८ | २.२७ | २.१७ | २.२१ | २.५३ | २.४१ | २.८१ |
| कक्षा-१० | २.५३ | २.३१ | १.१४ | २.०९ | २.४७ | २.८ | २.५९ |

**तालिका १४ :फाकफोकथुम गाउँपालिका इलामको शिक्षक दरबन्दी विवरण २०८१**

| क्र.स | विद्यालयको नाम, ठेगाना | संचालित कक्षा | शिक्षक दरबन्दी संख्या | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | प्रा.वि. | नि.मा. | मा.वि. | उ.मा. | |
| १ | कालिकादेवीआ.वि. फाकफोकथुम-३, आमचोक | १-५ | ४ | ० | ० | ० | ४ |
| २ | किराँतेश्वर आ.वि. फाकफोकथुम-७, एकतप्पा | १-५ | ३ | ० | ० | ० | ३ |
| ३ | खाम्बाङ्ग मा.वि. फाकफोकथुम-१, खाम्बाङ्ग | १-१० | ५ | ४ | १ | ० | १० |
| ४ | गुरुउदय आ.वि. फाकफोकथुम-७, एकतप्पा | १-५ | ३ | ० | ० | ० | ३ |
| ५ | चुहानडाँडा आ.वि. फाकफोकथुम-२, फाकफोक | १-५ | ३ | ० | ० | ० | ३ |
| ६ | छायाँदेवी मा.वि. फाकफोकथुम-१, लुङसुङदाङ | १-१० | ८ | २ | ० | ० | १० |
| ७ | जन आ.वि. फाकफोकथुम-७, एकतप्पा | १-५ | ३ | ० | ० | ० | ३ |
| ८ | जनकल्याण मा.वि. फाकफोकथुम-७, एकतप्पा | १-१० | ६ | ५ | १ | ० | १२ |
| ९ | जनज्योती आ.वि. फाकफोकथुम-४, फुएतप्पा | १-३ | २ | ० | ० | ० | २ |
| १० | जनसिद्ध आ.वि. फाकफोकथुम-१, लुङसुङदाङ | १-३ | २ | ० | ० | ० | २ |
| ११ | जलकन्या आ.वि. फाकफोकथुम-४, फुएतप्पा | १-४ | २ | ० | ० | ० | २ |
| १२ | जलकन्या आ.वि. फाकफोकथुम-५, लुम्दे | १-५ | ५ | ० | ० | ० | ५ |
| १३ | जानकी मा.वि. फाकफोकथुम-६, हाङमासुली | १-१० | ६ | ४ | ० | ० | १० |
| १४ | जालपा मा.वि. फाकफोकथुम-५, लुम्दे | १-१० | ६ | ५ | ३ | ० | १४ |
| १५ | ज्योती आ.वि. फाकफोकथुम-१, ठिंगेपुर | १-८ | ५ | ३ | ० | ० | ८ |
| १६ | तिल्पुङ्ग आ.वि. फाकफोकथुम-६, सिमसारा | १-५ | ३ | ० | ० | ० | ३ |
| १७ | थोकफेला आ.वि. फाकफोकथुम-६, एकतप्पा | १-५ | २ | ० | ० | ० | २ |
| १८ | धार्नेखोप आ.वि. फाकफोकथुम-२, धार्नेखोप | १-५ | ४ | ० | ० | ० | ४ |
| १९ | पञ्चकन्या आ.वि. फाकफोकथुम-६, एकतप्पा | १-५ | २ | ० | ० | ० | २ |
| २० | फलाँटे मा.वि. फाकफोकथुम-६, फलाँटे | १-१० | ६ | ४ | १ | ० | ११ |
| २१ | मदनज्योती आ.वि. फाकफोकथुम-७, एकतप्पा | १-५ | २ | ० | ० | ० | २ |
| २२ | मनोकामना आ.वि. फाकफोकथुम-६, मेतालुङ | १-५ | ३ | ० | ० | ० | ३ |
| २३ | मालिकादेवी आ.वि. फाकफोकथुम-३, आमचोक | १-५ | ३ | ० | ० | ० | ३ |
| २४ | मिक्तोक आ.वि. फाकफोकथुम-७, एकतप्पा | १-५ | १ | ० | ० | ० | १ |
| २५ | राष्ट्रिय मा.वि. फाकफोकथुम-२, कोल्बोटे | १-१२ | ५ | ५ | ४ | १ | १५ |
| २६ | लक्ष्मीदेवी आ.वि. फाकफोकथुम-३, आमचोक | १-५ | ३ | ० | ० | ० | ३ |
| २७ | विजय आ.वि. फाकफोकथुम-१, दशमी | १-८ | ७ | ० | ० | ० | ७ |
| २८ | बिष्णु मा.वि. फाकफोकथुम-४, फुएतप्पा | १-१२ | ६ | ४ | ४ | १ | १५ |
| २९ | सरस्वती आ.वि. फाकफोकथुम-४, फुएतप्पा | १-५ | ३ | ० | ० | ० | ३ |
| ३० | सरस्वतीभञ्ज्या आ.वि. फाकफोकथुम-५, लुम्दे | १-५ | ३ | ० | ० | ० | ३ |
| ३१ | सल्लेरी आ.वि. फाकफोकथुम-३, आमचोक | १-५ | ३ | ० | ० | ० | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३२ | सिंहदेवी आ.वि. फाकफोकथुम-३, फुएतप्पा | १-५ | ३ | ० | ० | ० | ३ |
| ३३ | सिंहदेवी आ.वि. फाकफोकथुम-५, लुम्दे | १-८ | ६ | ० | ० | ० | ६ |
| ३४ | सिंहदेवी मा.वि. फाकफोकथुम-३, आमचोक | १-१२ | ५ | ५ | ६ | २ | १८ |
| ३५ | सिंहदेवी मा.वि. फाकफोकथुम-४, नेवारगाउँ | १-१० | ७ | ३ | ० | ० | १० |
| ३६ | सिंहदेवी मा.वि. फाकफोकथुम-७, एकतप्पा | १-१२ | ४ | ५ | ५ | २ | १६ |
| ३७ | सिद्ध आ.वि. फाकफोकथुम-४, फुएतप्पा | १-५ | ३ | ० | ० | ० | ३ |
| ३८ | सिद्धज्योती आ.वि. फाकफोकथुम-१, चित्रे | १-५ | २ | ० | ० | ० | २ |
| ३९ | सुभद्रा आ.वि. फाकफोकथुम-२, साप्तीन | १-५ | ४ | ० | ० | ० | ४ |
| ४० | साङ्गेच्योम्दान्दे छयोइलिङ्ग गुम्बा शिक्षा, फाकफोक (परम्परागत) | १-५ | ० | ० | ० | ० | ० |
| जम्मा | | | १५३ | ४९ | २५ | ६ | २३३ |

**तालिका १५ :बाली विज्ञान विषय दरबन्दी विवरण २०८०**

| क्र.स | विद्यालयको नाम | सञ्चालित कक्षा | दरबन्दी विवरण | | | | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्राशिक्षक | स.प्राशिक्षक | प्रशिक्षक मा.वि.द्वितीय सरह | शिक्षक मा.वि.द्वितीय सरह | | |
| १ | सिंहदेवी मा.वि. फाकफोकथुम-३, आमचोक | कक्षा ९, १०, ११ र १२ | २ | २ | २ | २ | ८ | Lab Boy १ जना |

**तालिका १६ :अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षणसहयोग अनुदान कार्यान्वयन भएका विद्यालयहरु**

| क्र.स | विद्यालयको नाम | संख्या | विषय | | | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जानकी मा.वि. फाकफोकथुम-६ | ३ | अंग्रेजी | गणित | विज्ञान | कक्षा १-१० |
| २ | छायाँदेवी मा.वि. फाकफोकथुम-१ | ३ | अंग्रेजी | गणित | विज्ञान | कक्षा १-१० |
| ३ | सिंहदेवी मा.वि. फाकफोकथुम-४ | ३ | अंग्रेजी | गणित | विज्ञान | कक्षा १-१० |
| ४ | खाम्बाङ्ग मा.वि. फाकफोकथुम-२ | २ | अंग्रेजी | | गणित | कक्षा १-१० |
| ५ | जनकल्याण मा.वि. फाकफोकथुम-७ | २ | अंग्रेजी | | गणित | कक्षा १-१० |
| ६ | फलाँटे मा.वि. फाकफोकथुम-६ | २ | अंग्रेजी | | गणित | कक्षा १-१० |
| ७ | सिंहदेवी आ.वि.फाकफोकथुम-५, लुम्दे | १ | अंग्रेजी | | | कक्षा १-८ |
| ८ | ज्योती आ.वि.फाकफोकथुम-१ | १ | अंग्रेजी | | | कक्षा १-८ |
| ९ | विजय आ.वि.फाकफोकथुम-१ | १ | विज्ञान | | | कक्षा १-८ |

**नमूना विद्यालयः**

श्री सिंहदेवी मा. वि. फाकफोकथुम-३, आमचोक आ.ब २०७८/०७९ देखि नमूना विद्यालय स्वीकृत भइ सञ्चालन भइरहेको छ । यसरी फाकफोकथुम गाउँपालिकाले स्थापनाकालदेखि नै यस गाउँपालिका भित्र रहेका सबै विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार तथा व्यवस्थापनका लागि शिक्षालाई प्राथमिकतामा राखी आवश्यक नीति, कार्ययोजना तथा कार्यक्रमहरु संचालन गर्दै आएको छ। यस गाउँपालिकाको स्थापना सँगै शिक्षामा जोड दिँदै आएको छ। हरेक वर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ। विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ। CEHRD Flash Report२०८० को आधारमा केहि शैक्षिक तथ्यांकहरुलाई तलको तालिकामा विश्लेषण गरिएको छ

| | | |
|---|---|---|
| इसिडिको कुल भर्नादर | छात्रा | ७५.७ |
| | छात्र | ७२.७ |
| | जम्मा | ७४.० |
| इसिडिको खुद भर्नादर | छात्रा | ६६.४ |
| | छात्र | ६४.९ |
| | जम्मा | ६५.६ |
| कुल प्रवेशदर कक्षा १ | छात्रा | १०५.३ |
| | छात्र | १००.७ |
| | जम्मा | १०२.९ |
| खुद प्रवेशदर कक्षा १ | छात्रा | ९५.५ |
| | छात्र | ९७.९ |
| | जम्मा | ९६.७ |
| कुल भर्नादर कक्षा १ बाट ५ | छात्रा | १११.५ |
| | छात्र | १०४.८ |
| | जम्मा | १०८.० |
| खुद भर्नादर कक्षा १ बाट ५ | छात्रा | ९७.६ |
| | छात्र | ९५.३ |
| | जम्मा | ९६.४ |
| कुल भर्नादर कक्षा ६ बाट ८ | छात्रा | ९०.१ |
| | छात्र | ९२.५ |
| | जम्मा | ९१.३ |
| खुद भर्नादर कक्षा ६ बाट ८ | छात्रा | ८९.६ |
| | छात्र | ८७.८ |
| | जम्मा | ८८.७ |
| कुल भर्नादर कक्षा १ बाट ८ | छात्रा | १०४.२ |
| | छात्र | १००.९ |
| | जम्मा | १०२.५ |
| खुद भर्नादर कक्षा १ बाट ८ | छात्रा | ९४.९ |
| | छात्र | ९३.९ |
| | जम्मा | ९२.९ |
| कुल भर्नादर कक्षा ९ बाट १० | छात्रा | ८५.० |
| | छात्र | ८६.६ |
| | जम्मा | ८५.८ |

| | | |
|---|---|---|
| खुद भर्नादर कक्षा ९ बाट १० | छात्रा | ७६.९ |
| | छात्र | ६९.५ |
| | जम्मा | ७३.३ |
| कुल भर्नादर कक्षा ११ बाट १२ | छात्रा | ५४.२ |
| | छात्र | ५२.३ |
| | जम्मा | ५३.३० |
| खुद भर्नादर कक्षा ११ बाट १२ | छात्रा | ३१.७ |
| | छात्र | ३०.७ |
| | जम्मा | ३१.३ |
| कुल भर्नादर कक्षा ९ बाट १२ | छात्रा | ६९.१ |
| | छात्र | ६९.९ |
| | जम्मा | ६९.५ |
| खुद भर्नादर कक्षा ९ बाट १२ | छात्रा | ५३.६ |
| | छात्र | ५०.६ |
| | जम्मा | ५२.२ |
| कक्षा ८ सम्मको टिकाउदर | छात्रा | ६९.८ |
| | छात्र | ८२.७ |
| | जम्मा | ७५.७ |


| तह | | दोहोऱ्याउने दर | छोड्ने दर | उतिर्ण दर |
|---|---|---|---|---|
| कक्षा १-५ | छात्रा | ९.३ | ३.४ | ८२.७ |
| | छात्र | ७.९ | ४.१ | ८४.२ |
| | जम्मा | ८.६ | ३.८ | ८३.५ |
| कक्षा ६-५ | छात्रा | ३.५ | २.३ | ८९.९ |
| | छात्र | ३.३ | ३.२ | ८९.५ |
| | जम्मा | ३.४ | २.७ | ८९.८ |
| कक्षा ९-१० | छात्रा | ०.० | २.४ | ९५.९ |
| | छात्र | ०.७ | २.२ | ९५.७ |
| | जम्मा | ०.४ | २.३ | ९५.८ |
| कक्षा ११-१२ | छात्रा | ० | ०.९ | ८८.१ |
| | छात्र | ० | १.१ | ८८.४ |
| | जम्मा | ० | १ | ८८.३ |

***स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र,Flash Reporot-2080***

माथि प्रस्तुत गरिएको तथ्यांकलाई विश्लेषण गर्दा कक्षा १ देखि ५ सम्म कक्षा दोहोर्याउने र कक्षा छोड्नेदर बढी रहेको छ। यसैगरी कक्षा ९–१० को उतीर्णदर अन्य कक्षाहरुको तुलनामाधेरै रहेको छ। कक्षा ९ देखि १२ सम्मको कक्षा दोहोर्याउने र छोड्ने दर केही मात्रामा न्यून छ। समग्रमा अझै पनि विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई औपचारिकप्रणालीमा टिकाउन कठिन रहेको र समयमा भर्ना नहुने अवस्था विद्यमान रहेको, लैङ्गिक रुपमा छात्र र छात्राको अवस्थामा पनि फरक रहेकाले समतामुलक गुणस्तरीय शिक्षामा सबैको पहुँच पुर्याउनु आजको आवश्कयता बनेको देखिन्छ। फाकफोकथुम गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको रिपोर्ट अनुसार यस पालिकामा जम्मा १९ जना मध्ये ८ जना छात्रा र ११ जना छात्र अपागंता भएका विद्यार्थी अध्ययनरत रहेका छन्।

### १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

क) समस्या वृक्ष र विश्लेषण



फाकफोकथुम गाउँपालिकाको शिक्षा सम्बन्धी समस्याहरु यस प्रकार छन्–

१. स्पष्ट जिम्मेवारी तोकी ऐन नियम नआउँदा तिनै तहका सरकारहरूबीच कार्य सम्पादनको क्रममा अन्यौलता कायमै रहनु ।

२. गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाईबाट अनुगमन र पृष्ठपोषण प्रणालीको अभ्यासमा कमी ।

३. शैक्षिक सुधारका लागि गुणस्तरलाई स्पष्टरूपमा परिभाषित गर्ने नितीगत व्यवस्था नहुनु ।

४. विद्यालय स्तरीय पाठ्यक्रमलाई समय सान्दर्भिक, स्तरयुक्त र सबैको आवश्यकता पूरा गर्ने खालको बनाउन नसकिनु ।

५. सुधारका लागि विद्यमान संरचना र पद्धतिको क्षमतामा वृद्धि गर्न संस्थागत, सङ्गठनात्मक र वैयक्तिक सक्षमता वृद्धि गर्न नसक्नु ।

६. शिक्षकको पेशागत सहयोग प्रणालीको उल्लेखनिय विकास हुन नसक्नु साथै नीति तथा कार्यक्रमले निर्दिष्ट गरे अनुरुप कार्यान्वयन हुन नसक्नु ।

७. शिक्षा क्षेत्रका सबै तहमा सुशासनको प्रत्याभूति हुन नसक्नु ।

८. शिक्षण सिकाइ तथा मुल्याङ्कन प्रक्रियालाई प्रभावकारी रुपमा अभ्यासमा ल्याउन नसक्नु ।

९. सरोकारवाला, अभिभावकहरुको विद्यालय क्षेत्रमा अपेक्षित सहभागीता र अपनत्व विकास नहुनु ।

१०. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको क्षेत्रगत विस्तार हुन नसक्नु ।

११. पठन सँस्कृति तथा जीवनपर्यन्त शिक्षाका लागि सामुदायिक अध्ययन केन्द्र, सार्वजनिक पुस्तकालय, सार्वजनिक वाचनालयको महत्व बढ्न नसक्नु ।

१२. विद्यालय शिक्षामा सबैको समतामुलक पँहुच, गुणस्तर, सुशासन व्यावस्थापन तथा सिकाइका लागि न्युनतम आवश्यक वातावरण नहुनु ।

१३. विद्यालय भवन, कक्षा कोठा, पुस्तकालय, खानेपानी तथा व्यवस्थित शौचालय, प्रयोगशाला, बुक कर्नर व्यवस्थित हुनु नसक्नु ।

१४. अभिभावकहरूमा सामुदायिक विद्यालय प्रति विश्वास जगाउन नसक्नु ।

१५. कार्यगत सिमितता भएका बालबालिकाहरूको चाहना र आवश्यकतालाई पहिचान गरी सम्बोधन गर्न नसकिनु ।

१६. दक्ष जनशक्तिको अभाव तथा भएका जनशक्तिको समेत क्षमता अभिवृद्धि गर्न नसक्नु ।

१७. शिक्षकहरुका लागि पुनर्ताजगी तालिमको न्युन उपलब्धता तथा तालिममा सिकेका ज्ञान तथा सीपहरू कक्षाकोठामा न्युन मात्रामा प्रयोग हुनु ।

१८. बालमैत्री, अपांगता मैत्री तथा लैगिंकमैत्री कक्षा कोठा तथा भवनहरुको अभाव ।

**ख) शिक्षा क्षेत्रको चुनौतीको SWOT विश्लेषण**

यस गाउँपालिका शिक्षा क्षेत्रसँग सम्बन्धित वस्तुस्थित विश्लेषाण, विगतका प्रयास तथा उपलब्धीको पुनरावलोकन एवं गाउँपालिकाको भावी मार्ग चित्र बारे सहभागीतात्मक छलफलबाट पहिचान भएका शिक्षा क्षेत्रका समग्र सवल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौतीहरु विश्लेषण गरी देहाय बमोजिम उल्लेख गरिएको छ ।

| सबल पक्ष | सुधारात्मक पक्ष |
|---|---|
| • शिक्षा सम्बन्धि संवैधानिक तथा कानुनी आधारहरु प्रसस्त व्यवस्था हुनु ।<br>• स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु ।<br>• सबै विद्यालयहरुमा प्रारम्भिक बालविकास केन्द्रहरु संचालन भइरहेको अवस्था हुनु ।<br>• नीतिगत रुपमा लक्षित छात्रवृत्तिको प्रावधान र उपलब्ध हुनु ।<br>• स्थानीय स्तरमा नै प्राविधिक धार अध्ययन र अध्यापनको व्यवस्था हुनु ।<br>• बालबालिकाहरुको लागि दिवा खाजा, स्यानिटरी प्याडको व्यवस्था र वितरण हुनु ।<br>• खुद भर्नादर र सिकाइ उपलब्धी सन्तोषजनक रहनु<br>• विद्यालयहरुमा आइसिटी, डिजिटल उपकरणहरु पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्थापन थालनी हुनु ।<br>• तीन तहको सरकार र अन्य संघसंस्थाबाट शिक्षामा लगानी हुनु ।<br>• गाउँपालिकालेविद्यालयको आवश्यकताको आधारमा अनुदान उपलब्ध गराउनु ।<br>• गाउँपालिका युवा, खेलकुद तथा शिक्षा शाखा र जनशक्ति व्यवस्थापन हुनु ।<br>• गाउँ शिक्षा सिमित गठन र क्रियाशील रहनु ।<br>• विद्यालयहरुले वार्षिक रुपमा विद्यालय सुधार योजना तयार र कार्यान्वयन गर्नु ।<br>• पालिकास्तरमा मासिक रुपमा नियमित प्र.अ. बैठक र विद्यालयहरुमा शिक्षक बैठक संचालन र अनुभव आदान प्रदान गर्ने अभ्यास हुनु ।<br>• सबै विद्यालयहरुले एकिकृत शैक्षिक सुचना प्रणाली अध्यावधि गर्न सक्नु ।<br>• वार्षिक रुपमा नियमित शैक्षिक क्यालेण्डर र शैक्षिक स्थिति प्रतिवेदन प्रकाशन गर्नु । | • प्राविधिक शिक्षालय विस्तारलाई प्राथमिकतामा राख्नु पर्ने ।<br>• प्रारम्भिक कक्षा १–३ लाई प्राथमिकतामा राखी शिक्षकलाई पर्याप्त तालिमको व्यवस्था गर्नु पर्ने ।<br>• तालिम प्राप्त शिक्षकहरुको रोष्टर बनाएर व्यवस्थापन तथा परिचालन गर्नु पर्ने ।<br>• तालिम प्राप्त शिक्षकहरुले विद्यालयमा प्रभावकारीरुपमा ज्ञान हस्तान्तरण गर्ने अभ्यास अनिवार्य हुनु पर्ने ।<br>• सबै विद्यालयमा शैक्षिक सामाग्री, खेलकुद लगायत आधारभूत भौतिक पुर्वाधारहरु व्यवसरथापन हुनु पर्ने ।<br>• विद्यालयका भौतिक संरचनाहरु बालमैत्री, अपांगतामैत्री, लैंगिकमैत्री निर्माण तथा पुनर्निर्माण गर्नु ।<br>• बालमैत्री सिकाइ विधि अवलम्बन गरी सामुदायिक विद्यालयको शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु ।<br>• विद्यालयहरुमा भएका आाइसिटी लगायत भौतिक पुर्वाधारको पर्याप्त प्रभावकारी रुपमा प्रयोग साथै शिक्षकहरुको दक्षता बढाउनु ।<br>• आवसीय विद्यालय संचालनमा जोड ।<br>• १–३ कक्षालाई छापामय बनाउनु<br>• तहगत, विषयगत, क्षेत्रगत रुपमा सबै विद्यालयमा अनुपात मिलाएर शिक्षक व्यवस्थापन गर्न ।<br>• गाउँपालिकाले भाषा शिक्षकको दरबन्दी सृजना गरी शिक्षक व्यवस्थापन र पठनपाठन गर्नु ।<br>• शिक्षण सिकाइ, मुल्यांकन तथा सुपरीवेक्षण साथै पृष्ठपोषण प्रक्रिया सुधार गर्न ।<br>• समयानुकुल प्रविधिमैत्री शैक्षिक व्यवस्थापन गर्न ।<br>• शिक्षकहरु पेशा प्रति उत्तरदायी र जवाफदेही हुनु पर्ने ।<br>• स्थानीय तहले शिक्षा क्षेत्रमा गरिरहेको लगानीमा वृद्धि गर्नु पर्ने ।<br>• पालिका/शिक्षा समितिबाट शैक्षिक क्षेत्र, विद्यालय अनुगमन तथा मुल्याकन संयन्त्र तयार र कार्यान्वयन गर्नु पर्ने ।<br>• स्थानीय तहको शिक्षा योजनाको आधारमा वार्षिक योजना तय र योजनाको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने । |

| अवसर | चुनौती |
|---|---|
| • शिक्षा क्षेत्र विकासका लागि संवैधानिक तथा कानुनी अधिकार स्थानीय सरकारलाई प्राप्त हुनु<br>• राज्यले छात्रवृत्ति तथा शैक्षिक सहायता अनुदान कार्यक्रम मार्फत विद्यालयलाई आर्थिक सहयोग गर्नु ।<br>• शिक्षा तश कै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था देखिनु ,<br>• शिक्षामा लगानी गर्न निजी क्षेत्रहरुको बढ्दो आकर्षण ।<br>• बालबालिकाहरुलाई शिक्षा दिनुपर्ने पक्षमा अभिभावकहरु सचेत रहनु ।<br>• राज्यबाट नै वैकल्पिक शिक्षा, खुल्ला तथा अनौपचारिक शिक्षा र सामुदायिक सिकाइ केन्द्रको व्यवस्था।<br>• गाउँपालिकाको प्राथमिकतामा शिक्षा क्षेत्र रहनु ।<br>• स्थानीय सरकार संचालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु<br>• तीन तहको सरकार तथा अन्य संघ संस्थाबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु<br>• सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु<br>• स्थानीय पाठ्यक्रममा निर्माण गरी कार्यान्वयन गर्न सकिने हुदाँ समय र आवश्यकतामा आधारित पाठ्यक्रम विकास गरी लागु गर्न सकिने ।<br>• मातृभाषा शिक्षा अध्ययन तथा अध्यापन हुनु । | • विद्यालयमा भर्ना भएका बालवालिकालाई टिकाइ राख्नु ।<br>• विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गराउनु ।<br>• विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु ।<br>• उपयुक्त पुर्वाधारको विकास सहित गुणस्तर सुनिश्चितता र सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु ।<br>• शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु ।<br>• शैक्षिक सुसासन उत्तरदायित्व अभिवृद्धि गर्नु ।<br>• कक्षा छाड्ने दर शुन्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु ।<br>• शिक्षा क्षेत्रमा सुसाशन र उत्तरदायित्व अभिवृद्धि गर्नु ।<br>• सुचना सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु ।<br>• सामुदायिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण बढाउनु र सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु ।<br>• भौगिलिक अवस्थाका कारण प्रारम्भिक बाल विकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु ।<br>• सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलाप मार्फत उच्च सिकाइ उपलब्धि सुनिश्चित गर्नु ।<br>• दक्ष, योग्य, तालिमप्राप्त तथा सक्षम शिक्षकहरुको प्राप्ति, प्रयोग, उत्प्रेरणा एवम् विद्यालयमा टिकाइराख्नु तथा गणित, अंग्रजी र विज्ञान जस्ता विषय शिक्षकहरु पदपूर्ति समयमै गर्नु ।<br>• विद्यालय नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच र सहभागीता सुनिश्चित गर्नु ।<br>• शिक्षक र शिक्षा क्षेत्रको जनशक्तिमा पेशागत जवाफदेहिता सुनिश्चित गर्नु ।<br>• सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु ।<br>• विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउनु ।<br>• बालबालिकाको पोषणको अवस्था र स्वास्थ्यमा सुधार गर्न दिवा खाजा, सरसफाइ, स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा विद्यालयमार्फत प्रदान गर्नु ।<br>• विपदको अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाइ अवसर प्रदान गर्न आपतकालीन स्रोतसाधनको पर्याप्त व्यवस्थापन गर्नु ।<br>• जनसांख्यिक समुहहरुको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्नु । |

# परिच्छेद २: दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

### २.१.१ संवैधानिक प्रावधान

नेपालको संविधान - **मौलिक हक अन्तर्गत धारा ३१** मा निम्न अधिकारहरुको व्यवस्था गरेको छः

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।
३. अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।
४. दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

**यसैगरी धारा ५१ राज्यका नीति: (ज)** नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा निम्न व्यवस्थाहरु उल्लेख छ।

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमुलक, रोजगारमुलक एवं जनमुखी बनाउदैं सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउने
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउदै लैजाने
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सुचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवद्र्धन गर्ने

यसैगरी **धारा ३८** मा महिलाको हक सम्बन्धी उपधारा (५): महिलाालाई शिक्षा, स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक,

**धारा ३९** को बालबालिकाको हक सम्बन्धी उपधारा (२): प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार,खेलकुद, मनोरञ्जन तथा सर्वागिण व्यक्तित्व विकासको हक हुने,

(३): प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागीताको हक हुने

(७): कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान वा अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने।

**धारा ४०** को दलितको हक सम्बन्धी उपधारा (२): दलितविद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निशुल्क शिक्षाको व्यवस्था र प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था।

**धारा ४२** को सामाजिक न्यायको हक सम्बन्धी उपधारा २: आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक र
( ५): अग्रगामी लोकतान्त्रिक परिवर्तनको लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपागंता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुन बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक मा पनि लक्षित समुहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ।

**२.१.२. स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन २०७४**

स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन २०७४ को दफा ११ (२) ज: स्थानीय तहका शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकारः

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मुल्यांकन र नियमन
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामाकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्सामाग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालय नक्शांकन, अनुमति, स्वीकृत, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको शैक्षिक पुर्वाधार निर्माण, मर्मत संभार, संचालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्रधन र स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त क्रियाकलाप सञ्चालन

**यसैगरी दफा २४ मा योजना बनाई कार्यान्वयन गर्ने व्यवस्थाः**

१. गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने छ।

२. योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपत् व्यवस्थापन, लैगिंक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनुपर्नेछ।

३. योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरुको सहभागीता जुट्ने, स्वयंसेवक परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछाडि पारिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बद्र्धन गर्न सघाउ पुर्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने

४. योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागीता गर्नुपर्ने छ।

५. अनुगमन तथा मूल्यांकन योजना तयार गर्नुपर्छ।

**२.१.३ संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी)**

**क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमा सम्बन्धी व्यवस्था)**

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीय स्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा संघीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ।
- संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ।

**२.१.४ अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७**

१) दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले ४ वर्ष पूरा भई १३ वर्ष उमेर पुरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ।
२) ४ वर्ष उमेर पुरा भएपछि कम्तीमा १ वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।
३) दफा १४ अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने।
४) दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुल्ला शिक्षा प्रदान गर्ने।
५) दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने
६) दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था
७) दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा
८) दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने
९) पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामाग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था
१०) साक्षरता कार्यक्रम सञ्चालन गर्ने: स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकतानुसार सामुदायिक सिकाइ केन्द्र, आधारभूत प्रौढ शिक्षा, परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम (नियम ३)
११) आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकुलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधा सहित अध्ययनको व्यवस्था मिलाउन पर्छ (नियम ४)
१२) माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुने: विद्यार्थी भर्ना शुल्क, मासिक पढाइ शुल्क, परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम। (नियम ५)
१३) छात्रवृत्ति तथा विशेष व्यवस्था: ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामाग्री, स्रोत कक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवसीय सुविधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामाग्री आदि (नियम ६)
१४) जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द पिडित, घाइते तथा अपांगता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोशाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ।

## २.२ दुर दृष्टि

**"फाकफोकथुम गाउँपालिकाको समृद्धिको आधार:समतामुलक, गुणस्तरीय शिक्षाको पहुँच सहित मापदण्डपूर्ण भौतिक पुर्वाधार"**

## २.३ लक्ष्य

**सबै बालबालिकाहरुमा शिक्षाको पहुँच सुनिश्चित गर्दै बालमैत्री, प्रविधिमैत्री, समयसापेक्ष, गुणस्तरीय, एवं प्रतिस्पर्धी सिकाइका लागि प्राविधिक शिक्षाको अवसर वृद्धि गर्दै न्युनतम सिकाइ वातावरणको सुनिश्चित गर्ने शिक्षा प्रणालीको विकास गर्ने।**

| २.४ उद्देश्य | २.५ रणनीति | २.६ कार्यनीति |
|---|---|---|
| १) प्रारम्भिक बालविकास देखि माध्यमिक तहसम्मका सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामुलक पहुँच र सहभागीता सुनिश्चित गर्नु । | १. सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयको नक्सांकन गरी आवश्यकताको आधारमा शैक्षिक सेवाको पहुँच विस्तार गर्ने।<br>२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा सबै बालबालिकाको समतामुलकपहुँच, शिक्षामा गुणस्तर र सहभागीता सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गर्ने।<br>३. प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधारको लागि प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउने। | ➢ आवश्यकताको आधारमा विद्यालय तथा बालविकास केन्द्रको नक्शाकंन, समायोजन र पुनर्वितरण गरिनेछ।<br>➢ एक विद्यालय एक बालविकास केन्द्रको अवधारणालाई निरन्तरता दिदै बालविकास केन्द्र सुदृढिकरण गरिनेछ।<br>➢ विद्यालय शिक्षा पहुँचमा वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निशुल्क पाठ्यपुस्तक, छात्रवृति, दिवा खाजा, पोशाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा कार्यक्रम निरन्तर संचालन गरिनेछ।<br>➢ पहुँचको सुनिश्चितताको लागि कम्तिमा एउटा “ ”मेरो सामाजिक दायित्व : बच्चाको भर्ना कार्यक्रम लागू  गरी भर्ना अभियान सञ्चालन गरिनेछ।<br>➢ गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी र अभिभावकहरुको संयुक्त भेला र अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिनेछ।<br>➢ प्रत्येक विद्यालयमा मासिक रुपमा सिकाइ आदानप्रदान गर्न सिकाइ केन्द्रित मासिक बैठक संचालन गरिनेछ।<br>➢ प्रारम्भिक कक्षामा छापामय कक्षाकोठा व्यवस्थापन, शिक्षणसिकाइ सामग्री, सन्दर्भ पढाइ तथा गणितीय सामग्रीको व्यवस्थापन, विद्यालयमा सिकाइ मेला तथा प्रतियोगिता सञ्चालन, शिक्षकको क्षमताको विकास तथा पेशागत विकासमा सहयोग, कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइर सीप परीक्षण, बालबालिकाहरुको लागि प्रारम्भिक पहिचान कार्यक्रम जस्ता क्रियाकलापहरु संचालन गरिनेछ। |
| २) प्रारम्भिक बालविकास देखि माध्यमिक | १. शिक्षासँग सम्बन्धित नीति नियम तथा कार्यक्रम, योजनाहरु, | ➢ कक्षा १ देखि ३ लाई छापामय कक्षा कोठाको रुपमा विकास गरी एकिकृत पाठ्यक्रम कार्यान्वयनलाई जोड दिइनेछ र उक्त कार्यका |

| | | |
|---|---|---|
| तहकोसिकाइ उपलब्धीमा सुधार गरी शैक्षिक गुणस्तर सुनिश्चित गर्नु | निर्देशिकाहरुमा उल्लेखित प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयनमा गर्ने।<br>२. विषयविज्ञ सहितको शैक्षिक सुपरीवेक्षण एवं अनुगमन समितिबाट शिक्षण सिकाइको नियमित अनुगमन गर्ने।<br>३. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने। | लागि शिक्षक तालिमको व्यवस्था गरिनेछ।<br>➢ बालबालिकाहरुको चौतर्फी विकासको लागि सह क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाउइनेछ।<br>➢ नीतिगत रुपमा उल्लेखित विद्यालय सुपरिवेक्षाण तथा शिक्षकको पेशागत सहयोग कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।<br>➢ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सरोकारवाला बीच विद्यालय स्तरमा अन्तरक्रिया कार्यक्रम लागू गरिनेछ।<br>➢ शैक्षिक क्षेत्र सुधार योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।<br>➢ बालबालिकाहरुको सिकाइ सुधारको लागि आमा प्रोत्साहन कार्यक्रम कार्यविधि तयार गरी लागू गरिनेछ।<br>➢ सिमान्तकृत तथा पछाडि पारिएका वर्गका तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागू गरिनेछ।<br>➢ विद्यालय, विद्यायल कार्यक्रम तथा समग्र शिक्षासँग सम्बन्धित कार्यलाई प्रभावकारी, चुस्त दुरुस्त बनाउन गाउँपालिकास्तरबाट गाउँ शिक्षा समिति, अभिभावकबाट अनुगमन मूल्यांकन कार्यलाई निरन्तरता दिइनेछ।<br>➢ सामाजिक सन्जाललाई शिक्षण सिकाइ कार्यमा आवद्ध गरिनेछ। |
| ३) पाठ्यक्रमले तोके बमोजिम सिकाइ उपलब्धी हासिल गर्नु। | १. पाठ्यक्रममा उल्लेखित मापदण्ड बारे शिक्षकहररुसँग निरन्तर छलफल गर्ने।<br>२. शिक्षक तथा सहजकर्ताहरुको सक्षामता अभिविद्धलाई प्राथिमकतामा राख्ने।<br>३. विषयगत, कक्षागत र तहगत रुपमा विद्यार्थीको | ➢ कक्षाकोठामा शिक्षक र विद्यार्थीको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय )TST) थप प्रभावकारी गरी कार्यान्वयन गरिनेछ ।<br>➢ सामुदायिक र संस्थागत विद्यालयहरु बीच सिकाइ अनुभव आदान प्रदान गरिनेछ।<br>➢ सिकाइको लागि निरन्तर मूल्यांकनकालाई अनिवार्य गरी कक्षा ५, ८ र १० मा पालिका स्तरीय परीक्षा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ। |

| | | |
|---|---|---|
| | अनुपातमा शिक्षकको दरबन्दी व्वस्थापन गर्ने । | ➢ शिक्षाको गुणस्तर अभिवृद्धि गर्न गाउँपालिका शिक्षा शाखा मार्फत तहगत र विषयगत शिक्षकहरुको तथ्याकं (रोष्टर)तथा विद्यार्थी अनुपालको आधारमा दरबन्दी मिलन तथा व्यवस्थापन गरिनेछ ।<br>➢ विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगलाई प्रभावकारी रुपमा कार्यान्यिन गर्न निर्देशिका अनुसार अनुगमन मूल्यांकन र विज्ञ समुह र रोष्टर निर्माण तथा परिचालन गरिनेछ । |
| ४) बालमैत्री, लैगिंकमैत्री तथा अपांगतामैत्री भौतिक पुर्वाधार निर्माण गरी सिकाइ वातावरणमा सुधार ल्याउनु । | १. विद्यालय तथा शिक्षा क्षेत्रका भौतिक पुर्वाधार निर्माण तथा पुननिर्माण गर्दा मापदण्डको आधारमा मात्र गर्ने । | ➢ हाल भएका भौतिक सरचनाहरु मर्मत संभार गरी बालमैत्री, अपागंतामैत्री तथा लैगिंकमैत्री बनाउदै लगिनेछ ।<br>➢ नव निर्मित वा निर्माधीन रहेका भौतिक पुर्वाधार मापदण्डको आधारमा मात्र स्वीकृत गरिनेछ ।<br>➢ सबै विद्यालयमा न्यूनतम सक्षम प्राथमिकता सर्तहरु )Prioritized Minimum Enabling Conditions ) लाईसुनिश्चित गरी अभिलेखीकरण राखिनेछ ।<br>➢ शुद्ध पिउने पानी, व्यवस्थित शौचालय, सरसफाइ, खेलमैदान र खेल सामाग्रीको सबै विद्यालयमा व्यवस्थापन गर्न सम्बन्धित विद्यालयसँगको साझेदारीमा वडा तथा गाउँपालिकाबाट भौतिक पूर्वाधारमा जोड दिनेइनेछ । |
| ५) अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित तथा विस्तार गर्नु । | १. वित्तिय हस्तान्तरण अनुदान कार्यक्रमहरु मापदण्ड अनुसार समय सिमा भित्र सम्पन्न गर्ने ।<br>२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको महत्व सामुदाय स्तरसम्म स्पष्ट र अपनत्व हुने खालका कार्यक्रम संचालन गर्ने । | ➢ शिक्षाबाट बञ्चित व्यक्तिहरुलाई सिकाइ अवसर सुनिश्चित गर्न विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरी गाउँपालिका र वडाको साझेदारीमा आवश्यकताको आधारमा टोल टोलमा अनौपचारिक शिक्षा कक्षा, सिकाइ केन्द्र संचालन गरिनेछ ।<br>➢ विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>➢ सामुदायिक सिकाइ केन्द्रहरुको स्तरोन्नत्ति गरी पुस्तकालय तथा सुचना केन्द्रको रुपमा विस्तार र |

| | | |
|---|---|---|
| | | विकास गरिनेछ<br>➢ शिक्षक तथा प्रधानाध्यापकहरुको नियमित मासिक बैठकलाई निरन्तरता दिदैं शैक्षिक गुणस्तर अभिवृद्धि तथा सिकाइ उपलब्धी बारे अध्यावधि, पृष्ठपोषण र सुधारका लागि नियमित छलफल तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।<br>➢ सामाजिक सन्जाललाई शिक्षण सिकाइ कार्यमा आवद्ध गरिनेछ। |
| ६) स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु। | १. समयानुकुल स्थानीय पाठ्यक्रमको अध्यावधि तथा विकास गर्ने। | ➢ गाउँपालिका शिक्षा सिमित तथा विषय विज्ञहरुको सहभागीतामा पाठ्यक्रम अध्याविध र पाठ्यपुस्तक तयार गरिनेछ।<br>➢ शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन स्थानीय पाठ्यक्रम अनुसारका स्थानीय पाठ्यसामाग्री तथा स्रोत सामाग्री र शिक्षकको सक्षामता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।<br>➢ मातृभाषा शिक्षालाई निरन्तरता दिइनेछ। |
| ७) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु। | १. प्रविधिकि विस्तार विकास र प्रयोग लागि शिक्षक तथा कर्मचारीहरुको सक्षमता अभिवृद्धि गर्न तालिम संचालन गर्ने।<br>२. विद्यालयकका भैतिक संरचना समय सापेक्ष विकास र विस्तार गर्ने। | ➢ प्रविधिको प्रयोग प्रभावकारी बनाउन सबै विद्यालयमको कक्षा कोठामा, स्मार्टबोर्ड, सीसी क्यामेराको व्यवस्था समेत गरिनेछ।<br>➢ स्थानीय तहद्वारा प्रत्येक विद्यालयमा कम्तिमा एक शिक्षकलाई प्रविधि सम्बन्धी तालिम आधारभूत ) कार्यक्रम सञ्चालन (कम्प्युटर सम्बन्धी तालिम गरिनेछ।<br>➢ प्रत्येक विद्यालयमा कम्तिमा १ कम्प्युटर, १ प्रिन्टर, १ फोटोकपी मेशिनको र प्रोजेक्टरको व्यवस्था गरि पावर पोइन्टको प्रयोगलाई प्रोत्साहन गरिनेछ।<br>➢ IEMISप्रणाली अध्यावधिक अवस्थामा राख्न वार्षिक रुपमा शिक्षकहरुका लागि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।<br>➢ सुचना तथा सञ्चार प्रविधि प्रयोगका लागि विद्यालयमा एक फोकल व्यक्तिको व्यवस्थापन गरिनेछ।<br>➢ विद्यालयको लेखा व्यवस्थापन प्रणाली अनलाइन वा सफ्टवेयर प्रणालीको बनाइनेछ। |
| ८) आपतकालीन तथा | १. शिक्षा तथा विद्यालय | ➢ विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक |

| | | |
|---|---|---|
| संकटपूर्ण परिस्थितिमा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु | क्षेत्रको अवस्थाबारे नियमित रुपमा तथ्याकं अध्याविध गरी विपद तथा जोखिम व्यवस्थापन गर्दै सिकाइलाई निरन्तरता दिने ।<br>२. विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउने । | सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>➢ विपद व्यवस्थापन तथा तयारीका लागि कार्यविधि निर्माण गरी पालिका स्तरीय विद्यालय शिक्षा सहयोग विपद् कोष खडा गरिनेछ ।<br>➢ विद्यार्थीहरुको सिकाइलाई प्रभावकारी र नतिजामुखी बनाउन सिकाइ आपुरण तथा द्रुत सिकाइ योजनालाई समयमा नै कार्यान्वयन गरिनेछ ।<br>➢ नीति तथा कार्यक्रममा व्यवस्था भएका वित्तिय हस्तान्तरणका कार्यक्रमहरु प्रक्रिया पुरा गरी समय सीमा भित्र प्रभावकारी रुपमा संचालन गरिनेछ । |
| ९) विद्यालयको व्यवस्थापन, सुशासनर जवाफदेहितामा प्रभावकारीता वृद्धि गर्नु । | १. विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउने ।<br>२. विद्यालय व्यवस्थापन, सुशासन र, जवाफदेहिता का लागि कार्यनीति अनुसार क्रियाकलाप साथै नीतिगत व्यवस्थाहरुको पालनालाई प्राथमिकतामा राख्ने । | ➢ सामुदायिक र संस्थागत विद्यालयहरु बीच सिकाइ अनुभव आदान प्रदान गरिनेछ।<br>➢ दिवा खाजालाई प्रभावकारी रुपमा व्यवस्थापन तथा कार्यान्वयन गर्न स्थानीय उत्पादन, रैथाने प्रविधियुक्त खाजाको व्यवस्थापन गरिनेछ ।<br>➢ विद्यालय सुशासन कायम गर्न विद्यालय नेतृत्वलाई सक्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।<br>➢ विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउन निम्न कार्यनीति कार्यान्वयनमा ल्याइनेछः<br>I. विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम<br>II. विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन<br>III. कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड<br>IV. शिक्षा युवा तथा खेलकुद शाखाबाट हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्यांकन निरन्तरता<br>V. सामाजिक परीक्षणलाई थप प्रभावकारी बनाउने<br>VI. सामाजिक परीक्षण, लेखापरीक्षण र वार्षिक हुने विद्यालयको कार्यसम्पादन मूल्यांकनको आधारमा |

| | | |
|---|---|---|
| | | विद्यालयमा जाने कार्यक्रम तथा निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाउने<br>VII. विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन अर्ध वार्षिक रुपमा सूचना प्रविधि मार्फत गाउँपालिकाले लिने प्रणाली थालनी गरिनेछ ।<br>➢ प्रत्येक विद्यालयमा प्राथमिक उपचार बाकसको व्यवस्था गरी प्राथमिक उपचारका लागि आवश्यक औषधीहरु अध्यावधिक अवस्थामा राखिनेछ ।<br>➢ विद्यालय शिक्षामा एकरुपता ल्याउनका लागि गाउँपालिकाले तयार गर्दै आएको शैक्षिक क्यालेण्डर तयार, छापा तथा प्रकाशनलाई प्रधावकारी रुपमा निरन्तरता दिइनेछ ।<br>➢ विद्यालय, विद्यायल कार्यक्रम तथा समग्र शिक्षासँग सम्बन्धित कार्यलाई प्रभावकारी, चुस्त दुरुस्त बनाउन गाउँपालिकास्तरबाट गाउँ शिक्षा समिति, अभिभावकबाट अनुगमन मूल्यांकन कार्यलाई निरन्तरता दिइनेछ । |
| १०)सिकाइ उपलब्धी वृद्धिका गर्न स्थानीय तहको आर्थिक, भौतिक तथा मानवीय लगानीमा वृद्धि गर्नु । | स्थानीय तहको निती तथा कार्यक्रममा शिक्षा क्षेत्रलाई सम्बोधन गरी लगानीमा वृद्धि र व्यवस्थापन गर्ने । | ➢ प्राविधिक तथा व्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गरिनेछ ।<br>➢ अभिभावक ,समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरी साझेदारीको आधारमा शैक्षिक कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>➢ स्थानीय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी लागु गरिनेछ ।<br>➢ बालबालिकाहरुको सिकाइका लागि अभिभावक सशक्तिकरण तथा प्रोत्साहन कार्यक्रम लागू गरिनेछ ।<br>➢ शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्वयंसेवक शिक्षक तथा मातृभाषा शिक्षक व्यवस्था गर्दै लगिनेछ । |
| ११)शिक्षकको पेशागत सक्षमता अभिवृद्धिमा जोड दिदै पेशागत | शिक्षकको क्षमता विकासको लागि मागमा आधारित छोटा अवधिका तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन | ➢ स्थानीय तहद्वारा प्रत्येक विद्यालयमा कम्तिमा एक शिक्षकलाई प्रविधि सम्बन्धी तालिम (आधारभूत कम्प्युटर सम्बन्धी तालिम) कार्यक्रम सञ्चालन गरिनेछ। |

| | | |
|---|---|---|
| विकासको समुचित व्यवस्थापन गर्नु। | गर्ने। | ➢ विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगलाई प्रभावकारी रुपमा कार्यान्यिन गर्न निर्देशिका अनुसार अनुगमन मूल्यांकन र विज्ञ समुह र रोष्टर निर्माण तथा परिचालन गरिनेछ।<br>➢ गाउँ शिक्षा समितिको एक मापदण्ड तयार गरी सिकाइ उपलब्धी तथा सक्षमताका आधारमा वार्षिकरुपमा पालिका स्तरीय उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति घोषषा गरी पुरस्कृत गर्दै जाने नीति अवलम्बन गरिनेछ।<br>➢ शिक्षा शाखा मार्फत तहगत विषयगत शिक्षाक, तालिम प्राप्त शिक्षाकहरुको रोष्टर तयार गरी सबैलाई पालो पालो तालिम तथा सक्षमता विकास कार्यक्ममा सहभागी गराइनेछ। |
| १२)प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम तथा प्रविधियुक्त शिक्षाको आधार तयार तथा विस्तार गर्नु | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम साथै प्रविधयुक्त शिक्षाका लागि संभावित र मापदण्ड पुग्ने शिक्षालयहरुलाई सम्बन्धनका लागि समन्वय सहयोग गर्ने। | ➢ प्राविधिक तथा व्यवसायिक विषय अध्ययन गरिसकेका स्थानीय विद्यार्थीलाई स्थानीय तहकम रोजगारीको अवसर सृजना गरिनेछ।<br>➢ माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई तोकिएको कुनै एक विषयको प्रयोगात्मक कार्यका लागि निरन्तर सिकाइका कार्यक्रममा सहभागी गराउँदै लगिनेछ ।<br>➢ प्राविधिक शिक्षा तथा व्यवसियक तालिम संचालनका लागि CTEVT सँग समन्वय र सहकार्य गरिन्छ।<br>➢ प्राविधिक तथा व्यवसायिक विषय अध्ययन गर्न चाहने विद्यार्थीहरुको लागि प्रोत्साहन स्वरुप छात्रवृति प्रदान गरिनेछ।<br>➢ अभिभावक ,समुदाय, सरकारी तथा गैरसरकारी निकायबीच समन्वय गरी साझेदारीको आधारमा शैक्षिक कार्यक्रम कार्यान्वयन गरिनेछ।<br>➢ सामुदायिक र संस्थागत विद्यालयहरु बीच सिकाइ अनुभव आदान प्रदान गरिनेछ।<br>➢ गाउँ शिक्षा समितिको एक मापदण्ड तयार गरी सिकाइ उपलब्धी तथा सक्षमताका आधारमा वार्षिक रुपमा पालिका स्तरीय उत्कृष्ट विद्यालय, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति |

| | | |
|---|---|---|
| | | घोषषा गरी पुरस्कृत गर्दै जाने नीति अवलम्बन गरिनेछ। |
| १०)सिकाइ क्रियाकलाप तथा सह क्रियाकलाप प्रभावकारी सञ्चालनका लागि व्यवस्थापन गर्नु। | न्यूनतम प्राथमिकताका अवस्थाहरु पुरा गर्न भएका भौतिक संरचनाहरुको मर्मतसंभार तथा निर्माण हुनेलाई अनिवार्य गराइ सबै विद्यालयहरु न्यूनतम सकाई वातावरण भएको सुनिश्चित गर्ने। | ➢ सामुदायिक र संस्थागत विद्यालयहरु बीच सिकाइ अनुभव आदान प्रदान गरिनेछ।<br>➢ शिक्षण सुधार योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।<br>➢ सिकाइको लागि निरन्तर मूल्यांकनकालाई अनिवार्य गरी कक्षा ५ , ८ र १० मा पालिका स्तरीय परीक्षा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।<br>➢ शुद्ध पिउने पानी, व्यवस्थित शौचालय, सरसफाइ, खेलमैदान र खेल सामाग्रीको सबै विद्यालयमा व्यवस्थापन गर्न सम्बन्धित विद्यालयसँगको साझेदारीमा वडा तथा गाउँपालिकाबाट भौतिक पूर्वाधारमा जोड दिनेइनेछ। यसका लागि समुदाय (सेवा क्षेत्रका) लाई परिचालन गर्ने नीति अवलम्बन गरिनेछ |

**२.७ अपेक्षित उपलब्धिः**

१. शिक्षा क्षेत्रमा गुणस्तर सुनिश्चित भएको हुनेछ।
२. प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मका सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामुलक पहुँच र सहभागीता सुनिश्चित भएको हुनेछ।
३. पाठ्यक्रमले तोके बमोजिमका न्यूनतम सिकाइ उपलब्धिहरु हासिल भएको हुनेछ।
४. भौतिक पुर्वाधारहरु अपांगता मैत्री, लैगिंक मैत्री र बालमैत्री निर्माण तथा पुर्ननिर्माण भई सिकाइ वातावरणमा सुधार आएको हुनेछ।
५. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण भई प्रभावकारी रुपमा कार्यान्वयनमा अएको हुनेछ।
६. शिक्षक दरबन्दी विषयगत, कक्षागत, तहगत रुपमा विद्यार्थी अनुपात अनुसार व्यवस्थापन भएको हुनेछ।
७. सुचना तथा सञ्चार प्रविधिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सबै विद्यालयमा कम्प्युटर र इन्टरनेटको जडान तथा उचित व्यवस्थापन भई तालिम प्राप्त शिक्षकबाट विद्यालय तथा शिक्षाका कामकाज संचालन भएको हुनेछ।
८. सीपमुलक शिक्षाबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतारिएको हुनेछ।
९. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर निरन्तर र सुनिश्चित भई सामुदायिक सिकाइ केन्द्रहरु प्रभावकारी रुपमा संचालन भएको हुनेछ।
१०. आपतकालीन र संकटपूर्ण परिस्थितिमा पनि विद्यार्थीको सिकाइलाई निरन्तरता दिदै वैकल्पिक सिकाइको माध्यमहरु जस्तैः अनलाइन कक्षा, गृह तथा टोल भ्रमण कक्षा प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।

११. सबै विद्यालयहरुमा बुक कर्नरको व्यवस्था र माध्यमिक स्तरमा इ पुस्तकालयाको व्यवस्थापन थालनी तथा प्रयोग भएको हुनेछ।
१२. सबै विद्यालयहरुमा शुद्ध पिउने पानी, छात्र र छात्राका लागि छुट्टै व्यवस्थित शौचालय, सेनीटरी प्याड विर्सजन स्थान, सरसफाई, खेल सामाग्री र बगैचाको व्यवस्था भएको हुनेछ।
१३. शिक्षकको पेशागत सक्षमता अभिवृद्धिका लागि नीतिगत रुपमा भएको व्यवस्थाहरुको उच्चतम र प्रभावकारी रुपमा कार्यान्वयन गर्दै तालिम, गोष्ठीको आयोजना तथा सहभागीताका लागि निरन्तर पहल भएको हुनेछ
१४. विद्यालयमा सुशासन प्रर्वद्धनभई विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालय कर्मचारी परिवारमा जवाफदेहीता, उत्तरदायी र पारदर्शिता कायम भई व्यवहारिक रुपमा लागु भएको हुनेछ।
१५. सहभागीतामुलक तरीकाबाट परीक्षा र मूल्यांकन प्रणालीका संयन्त्र विकास भई प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।
१६. समग्र सिकाइ उपलब्धीमा वृद्धि भएको हुनेछ।
१७. नेपाल सरकारबाट प्राप्त वित्तिय हस्तान्तरणका कार्यक्रमहरु समयमा नै र प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।
१८. आधारभूत तहका कक्षाहरुलाई छापामय कक्षा कोठाका रुपमा व्यवस्थापन गरी एकीकृत पाठ्यक्रम अनुरुप अध्यापन भएको हुनेछ।
१९. एकीकृत पाठ्यक्रम अनुरुप अध्यापनलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन शिक्षक तालिमको लागि पहल र व्यवस्थापन भएको हुनेछ।
२०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्र विस्तार भई प्राविधिक धारका अध्ययन अध्यापनमा बद्धि भएको हुनेछ।

### २.८ स्थानीय तहको शिक्षा योजनामा रहनुपर्ने मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण:

विद्यालय शिक्षा क्षेत्र योजना २०२२-२३ देखि २०३१-३२ ले विद्यालय शिक्षाको १० वर्षे कार्यनीतिबाट मुलुक तथा पालिकाले के के प्राप्त गर्ने भनी कार्यसम्पादन सूचक र तिनको लक्ष्य निर्धारण गरेको छ। तालिकामा प्रस्तुत सूचक वर्तमान अवस्थामा विश्लेषण गर्न विकास गरिएका दिगो विकास लक्ष्य नं.४ को राष्ट्रिय सूचकको ढाँचामा उल्लेखित सूचकबाट मुख्य मुख्य कार्यसम्पादन सूचक तय गरिएकोले स्थानीय तहको शिक्षा योजनामा पनि यस तालिकामा उल्लेखित सूचक अनिवार्य राख्नुपर्ने भएकाले सोही अनुसार सूचक र लक्ष्य राखिएको छ।

**मुख्य कार्यसम्पादन सूचकहरु तथा लक्ष्य निर्धारण**

| क्र.स | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९२ | सूचक को स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर (%) | स्थानीय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | १००.० | | Flash Report |
| १.2 | प्रारम्भिक बालविकास र शिक्षामा अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालवालिका (%) | स्थानीय | ६८.६ | ७३.० | ८५.० | ९५.० | १००.० | | Flash Report |
| **२** | **आधारभूत शिक्षा (कक्षा १-८)** | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालवालिकाको खुद प्रबेश दर (%) | स्थानीय | ९६.९ | ९७.५ | ९९.० | १००.० | १००.० | | Flash Report |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालवालिकाको कुल प्रबेश दर (%) | स्थानीय | १२१.९ | ११५.० | १०७.० | १०५.० | १००.० | | Flash Report |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्नादर (%) | स्थानीय | ९७.१ | ९९.० | ९९.५ | १००.० | १००.० | | Flash Report |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा कुल भर्नादर (%) | स्थानीय | ११९.२ | ११५.० | १००.० | १००.० | १००.० | | Flash Report |
| २.५ | आधारभूत तह को कक्षा ५ को खुद प्रवेश दर (%) | स्थानीय | ९८.३ | ९९.० | १००.० | १००.० | १००.० | | Flash Report |
| २.६ | आधारभूत तह को कक्षा ५ को कुल प्रवेश दर (%) | स्थानीय | ११३.० | ११०.० | १०७.० | १०५.० | १००.० | | |
| २.७ | आधारभूत तह को कक्षा ५ सम्म टिकाउ दर (%) | स्थानीय | ९३.० | ९४.० | ९६.० | ९८.० | १००.० | | |
| २.८ | आधारभूत तह को कक्षा ५ पुरा गर्ने दर (%) | स्थानीय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | १००.० | | |
| २.९ | आधारभूत तह को कक्षा १-५ मा भर्ना भएका ५९ वर्ष उमेरभन्दा माथिका बालवालिका (%) | स्थानीय | २२.२ | २०.० | १५.० | १०.० | ०.० | | |
| २.१० | आधारभूत तह (कक्षा १-५) कुल भर्ना दरमा लैंगिक समता सूचाकं | स्थानीय | १.०६ | १.०५ | १.०३ | १.०१ | १.० | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) खुद भर्ना दर (%) | स्थानीय | ९३.४ | ९५.० | ९७.० | ९८.० | १००.० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | ११०.४ | १०९.० | १०८.० | १०४.० | १००.० | | |
| २.१३ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर (%) | स्थानीय | ७९.३ | ८५.० | ९०.० | ९५.० | १००.० | | |
| २.१४ | आधारभूत तह कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर (%) | स्थानीय | ७२.७ | ८०.० | ८५.० | ९५.० | १००.० | | |

| क्र.स | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९२ | सूचक को स्रोत | तथ्याकंको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१५ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दरमा लैंगिक समता सूचक | स्थानीय | १.०१ | १.०१ | १.० | १.० | १.० | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ३ को आधारभूत वा तह २ हासिल भएको बालवालिकको संख्या (%) | नेपाली भाषा | ५०.० | ५५.० | ६०.० | ७०.० | ८०.० | | Flash Report |
| | | गणित | ५०.० | ५५.० | ६०.० | ७०.० | ८०.० | | Flash Report |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ३ को आधारभूत वा तह २ हासिल भएको बालवालिकको संख्या (%) | नेपाली भाषा | ४५.० | ५२.० | ६०.० | ७०.० | ८०.० | | Flash Report |
| | | गणित | ४०.० | ४५.० | ६०.० | ७०.० | ८०.० | | Flash Report |
| | | अंग्रेजी | ४०.० | ४५.० | ६०.० | ७०.० | ८०.० | | Flash Report |
| २.१८ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका कक्षा ३ को आधारभूत वा तह २ हासिल भएको बालवालिकको संख्या (%) | नेपाली भाषा | ७०.० | ७५.० | ८०.० | ८५.० | ९०.० | | Flash Report |
| | | गणित | ५५.० | ६०.० | ७०.० | ८०.० | ९०.० | | Flash Report |
| | | विज्ञान | ४०.० | ५०.० | ६०.० | ७०.० | ८०.० | | Flash Report |
| २.१९ | विद्यालय बाहिर रहेका बालवालिका (%) | आधारभूत (कक्षा १-५) | २.९ | १.० | ०.५ | ०.० | | | Flash Report |
| | | आधारभूत (कक्षा १-८) | ६.६ | ५.० | १.० | ०.० | | | Flash Report |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको संख्या (%) | स्थानीय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | | Flash Report |
| **३** | **माध्यमिक तह (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह कक्षा (९–१२) मा खुद भर्नादर (%) | स्थानीय | ४७.६ | ५०.० | ६५.० | ८०.० | १००% | | |
| ३.२ | माध्यमिक तह कक्षा (९–१२) मा कुल भर्नादर (%) | स्थानीय | ७१.४ | ८०.० | ८५.० | ९९.० | १००% | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैंगिक समता सूचक (कक्षा ९–१२) | स्थानीय | १.०२ | १.०० | १.०० | १.०० | १००% | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर (%) | स्थानीय | ९७.५ | | | | १००% | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ६०.३ | | | | १००% | | |

| क्र.स | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९२ | सूचक को स्रोत | तथ्याकंको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | २४.० | | | | १००% | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९–१२) मा कार्यरत महिला शिक्षक संख्या (%) | स्थानीय | २०.६ | २२.० | २७.० | ३३.० | १००% | | |
| ४ | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर ( ५ वर्षभन्दा माथि) (%) | स्थानीय | ५८.० | | ९५.० | | | | |
| ४.२ | साक्षरता दर ( ६ वर्षभन्दा माथि) (%) | स्थानीय | ८२.० | ८९.० | ९५.० | १००.० | | | |
| ४.३ | साक्षरता दर ( १५–२४ उमेर समुह) (%) | स्थानीय | ९२.० | | ९९.० | | | | |
| ४.४ | साक्षरता दरमा लैगिंक समता (५ वर्ष माथि) | स्थानीय | ०.६५ | | | ०.८० | | | |
| ५ | **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र सीप विकास** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यवसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति(%) | स्थानीय | ३१.० | ४०.० | ५०.० | ७५.० | | | |
| ५.२ | प्राविधिक तथा व्यवसायिक शिक्षा (कक्षा ९ –१२ वा डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति (वार्षिक संख्या) | छात्रा | ५० | ६० | ७० | ८० | ९० | १०० | |
| | | छात्र | ५० | ६० | ७० | ८० | ९० | १०० | |
| ६ | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १–५ मा विद्यार्थी: शिक्षक अनुपात (सामुदायिक) | स्थानीय | २४.१ | | ३०.१ | ३०.१ | | | |
| ६.२ | आधारभूत तह (कक्षा ६–८ मा विद्यार्थी: शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३०.१ | | ३०.१ | ३०.१ | | | |
| ६.३ | आधारभूत तह (कक्षा १–८मा विद्यार्थी: शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३३.१ | ३१.१ | ३०.१ | ३०.१ | | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९–१० मा विद्यार्थी: शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४०.१ | | ३०.१ | ३०.१ | | | |

| क्र.स | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | २०९२ | सूचक को स्रोत | तथ्याकंको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ६.५ | माध्यमिक तह (कक्षा ९–१२ मा विद्यार्थी: शिक्षक अनुपात | स्थानीय | ४१.१ | ३५.१ | ३०.१ | ३०.१ | | | |
| **७** | **लगानी र स्रोत व्यवस्थापन** | | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(%) | स्थानीय | १०.६८ | १५.० | १७.० | २०.० | | | |
| ७.२ | आधारभूत तह<br>(कक्षा १–८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | स्थानीय | १८ | २१ | २४ | | | | |
| ७.३ | माध्यमिक तह<br>(कक्षा ९–१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु हजारमा) | स्थानीय | ११ | १५ | १७ | | | | |

**स्रोत: Flash report 2081, IEMIS 2081**

स्थानीय तहको शिक्षा योजना

# परिच्छेद: ३ शिक्षाका मुख्य उपक्षेत्र

## ३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो ।नेपालको संविधानको धारा ३९ को बालबालिकाको हक उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागीताको हक हुनेछ" भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगका रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख भएकोले र नेपालको पन्ध्रौ योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि बालविकास कार्यक्रम समावेश गरिएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउन आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर फाकफोकथुम गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास तथा शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरु समावेश गरिएको छ ।

### ३.१.१. वर्तमान अवस्था

शिक्षा क्षेत्रको योजना २०२१-२०३१ को तथ्याङ्क अनुसार हाल नेपालमा ३०,०३९ सरकारी अनुदान प्राप्त प्रारम्भिक बालविकास केन्द्र र ६,६२३ संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाहरु रहेका छन् । चार वर्ष उमेरका बालबालिकाको कुल संख्या ६,४०,००० मध्ये ४,३६,११५ (६७.२ प्रतिशत) प्रारम्भिक बालविकासमा भर्ना भएको देखिन्छ।
प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरुको पहुँचमा पुर्याउन विगतदेखि संघीय सरकार, स्थानीय सरकार, निजी क्षेत्रबाट संचालित बालविकास केन्द्र सञ्चालनमा रहेका छन् । फाकफोकथुम गाउँपालिकामा हाल संघीय सरकारबाट अनुमति प्राप्त ५१ वटा बालविकास केन्द्र, स्थानीय सरकारबाट अनुमति प्राप्त ४ वटा बालविकास केन्द्र र ८ वटा संस्थागत (निजी) विद्यालयमा आधारित बालविकास केन्द्र गरी सामुदायिक तर्फ ५५ र संस्थागत तर्फ ८ गरी जम्मा ६३ वटा बालविकास कक्षा संचालनमा रहेका छन् । सामुदायिक विद्यालयको प्रारम्भिक बालविकास कक्षामा कार्यरत शिक्षकहरु ५५ मध्ये ४ जना पुरुष र ५१ महिला रहेका छन । यसरी हेर्दा सामुदायिक विद्यालयको बालविकास कक्षामा ९३ प्रतिशत महिला रहेका छन् ।
फाकफोकथुम गाउँपालिका भित्र सञ्चालित प्रारम्भिक बालविकास केन्द्रहरुको वडागत विवरण देहाय बमोजिम रहेको छ।

| वडा नं | स्रोत | संख्या | स्रोत | संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १ | संघिय सर्शत अनुदान तर्फ | ७ | स्थानीय स्रोत तर्फ | १ | ८ |
| २ | संघिय सर्शत अनुदान तर्फ | ७ | स्थानीय स्रोत तर्फ | ० | ७ |
| ३ | संघिय सर्शत अनुदान तर्फ | ६ | स्थानीय स्रोत तर्फ | १ | ७ |
| ४ | संघिय सर्शत अनुदान तर्फ | १० | स्थानीय स्रोत तर्फ | ० | १० |
| ५ | संघिय सर्शत अनुदान तर्फ | ९ | स्थानीय स्रोत तर्फ | ० | ९ |
| ६ | संघिय सर्शत अनुदान तर्फ | ४ | स्थानीय स्रोत तर्फ | २ | ६ |
| ७ | संघिय सर्शत अनुदान तर्फ | ७ | स्थानीय स्रोत तर्फ | १ | ८ |

(स्रोतः गाउँपालिका शिक्षा शाखा अभिलेख,२०८२)

यस फाकफोकथुम गाउँपालिकाले प्रारम्भिक बालविकास तथा शिक्षालाई आधारभूत शिक्षामा भर्ना हुनु पूर्व तयार गरिने एउटा बलियो आधार यो कार्यक्रमलाई मानेर कतिपय विद्यालयहरुमा बालविकास केन्द्रको कोटा नभई रहेको अवस्थामा सो विद्यालयहरुमा सहयोगी कार्यकर्ताको कोटा व्यवस्थापन गरी प्रारम्भिक बालविकास तथा शिक्षाको प्रत्येक विद्यालयमा शुरुवात गरेको छ । यस गाउँपालिकाले  प्रारम्भिक बालविकास शिक्षा ३–४ वर्ष उमेर समूहको बालवालिकाले अध्ययन गर्ने कक्षा भएको  साथै ५ वर्ष पूरा भएका बालबालिकालाई मात्र कक्षा १ मा भर्ना गर्ने नीतिको कारणले एक वर्ष बालविकास केन्द्रको पढाइले मात्र  काक्षा १ भर्नाको आधार तयार नहुने कुरालाई मध्यनजर गरी के.जी. कक्षाको अवधारणा ल्याएर प्रत्येक सामुदायिक विद्यालयमा के.जी. कक्षा व्यवस्थापन गर्ने उद्देश्यका साथ के.जी. कक्षा र स.का. को कोटा वितरण गरेको छ । यस गाउँपालिकाले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई सर्वसुलभ र गुणस्तरीय बनाउन लागि परेतापनि सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक तथा शिक्षाको अवसर सुनिश्चित गर्न भौगोलिक वनावट तथा दुरी अनुसार बालविकास तथा शिक्षा केन्द्र संचालन गर्न, प्रारम्भिक बालविकास तथा शिक्षा  ३–४ वर्षको उमेर समूह लक्षित गरी तोकिएको उमेरमा बालबालिका भर्ना गराउन, निश्चित पाठ्यक्रमको निर्माण गर्न, अभिभावकहरु जिम्मेवार र आकर्षण गर्न, पोषण, स्वास्थ्य, दिवा खाजा  लगायत बालबालिका सहायता प्रणालीको उचित व्यवस्था गर्न, बालविकास केन्द्रहरु बालमैत्री, सिकाइ मैत्री, सुरक्षित र न्यूनतम मापदण्ड पुरा भएको अवस्था बनाउन र बाल विकास केन्द्रहरु छापामय र पाठ्य सामाग्री पुर्ण बनाउन नसकिरहेको जस्ता  केही समस्या र चुनौतिहरु रहेका छन् ।

**३.१.२. उद्देश्य**

यस फाकफोकथुम गाउँपालिका शिक्षा योजनाको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको समग्र उद्देश्य सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ । यसका लागि योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखत उद्देश्यहरु राखेको छ ।

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास  शिक्षामा पहुँच / बढाउनु ।
२. प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरुमा गुणस्तर सुनिश्चित गर्नु ।
३. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु ।

**३.१.३. रणनीति**

- प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड, नीति र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा संचालन गर्ने ।
- बालविकास केन्द्रको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने ।
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने सीमान्तकृत तथा अतिविपन्न समुदायका बालबालिका तथा आपाङ्गता भएका ३-४ वर्षका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित प्रारम्भिक बालविकास तथा शिक्षाका कार्यक्रमहरु विकास गरी पहुँच सुनिश्चित गर्ने ।
- आमा शिक्षा कार्यक्रमलाई कार्यान्वयन गर्ने ।
- नमूना बालविकास स्थापना गर्ने ।
- प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागीता अभिवृद्धि गर्ने ।

- प्रारम्भिक बालविकास र शिक्षाको प्रभावकारीता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालय बीच सहकार्य गर्ने ।
- प्रारम्भिक बालविकास सहजकर्ताको सक्षमता अभिवृद्धिका लागि तालिम संचालन गर्ने ।
- बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामाग्री, बाल उद्यानको व्यवस्थापन गर्ने
- राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भई प्रारम्भिक बालकिास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।

### ३.१.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धी**

- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुनेछ ।
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित (घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती) नमूना बालविकास तथा शिक्षा कार्यक्रमका विकास हुने छ ।
- सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**नतिजा र परिमाणत्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | १० वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना संख्या | ३७७ | ४०० | ४२० | ४४० | ४६० | ६०० | ५% ले वृद्धि |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको संख्या | १० | ३० | ४० | ५० | ५५ | ५५ | |

**प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | बालविकास केन्द्रको नक्शांकन तथा पुर्नवितरण | केन्द्र | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ६० |
| २ | बालविकास केन्द्रको सबलीकरण | केन्द्र | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ६० |
| ३ | शिक्षक/ सहजकरताको सक्षमता अभिवृद्धि | १० | २० | ३० | ४० | ५५ | ० | ० | ६० |
| ४ | समुदायको वस्ती, बालविकासको संख्या र बालविकास केन्द्रको दूरीलाई आधार मानी बालविकास केन्द्र संख्या विस्तार र समायोजन | संख्या | ० | ० | ० | ० | ० | ० | ५ |
| ५ | विद्यार्थी भर्ना अभियान संचालन गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| ६ | बाल उद्यान वा पार्क स्थापना | संख्या | १ | २ | ३ | ४ | ५ | १५ | ३० |
| ७ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन अति विपन्न तथा पछाडि पारिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरुको सहयोग | जना | १०० | २०० | २०० | २०० | २०० | ८०० | १००० |
| ८ | अभिभाबक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| ९ | बालविकासको सहजकर्ताको पारिश्रमीकमा थप प्रोत्साहन भत्ताको व्यवस्था | रकम | ७,००० | ८,००० | ९,००० | १०,००० | ११,००० | १२,००० | १७,००० |
| १० | बालविकास सहजकर्ताको सक्षमता विकासको लागि कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| ११ | वडागत नमूनाप्रारम्भिक बालविकास केन्द्रको स्थापना कार्यक्रम | वटा | ० | ० | ३ | ० | ५ | ८ | २० |
| १२ | निश्चित सूचकको आधारमा शिक्षक अभिभावक संघ मार्फत त्रैमासिक सूचकको आधारमा अनुगमन गरी समीक्षा बैठक सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १३ | वर्षको कम्तिमा १ पटक सहजकर्ताहरु सँग समीक्षा तथा सक्षमता विकास कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १४ | निश्चित सूचकको आधारमा वार्षिक अत्कृष्ट बालविकास सहजकर्ता लाई सम्मान | पटक | १ | २ | ३ | ४ | ५ | | |
| १५ | वर्षको १ पटक बालविकासहरुको स्वास्थ्य नजिकको स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १६ | बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सिमितता पहिचानको लागि तालिम प्रदान गरि प्रारम्भिक पहिचान | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |
| १७ | सिकाइ सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ३.२ आधारभूत शिक्षा

विद्यालय क्षेत्र सुधार येजना २०६६–२०७२ ले विद्यालय शिक्षाका पुनःसरचना गरेर कक्षा १–८ लाई आधारभूत शिक्षाका रुपमा परिभाषित गरेका छ । पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाएको आधारभूत तहले ब्यक्ति, समाज र राष्ट्रको विकासमा महत्त्वपुर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१(१) मा यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखेको छ । गुणस्तरिय आधारभूत शिक्षाले गरिबि घटाउन मद्दत गर्ने र व्यक्तिको जिबन स्तरमा उल्लेखनिय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्यायन प्रतिवेदनहरुले देखाएको छ । आधारभूत तहको शिक्षाको महत्त्वलाई द्धष्टिगत गरी शिक्षालाई गुणस्तरिय बनाउनको लागि फाकफोक गाउँपालिकाकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेस गरिएको छ ।अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५ ले आधारभूत तहको शिक्षा प्रदान गर्ने संघिय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार हुने र आधारभूत शिक्षाको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने छ, भनि उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) मा आधारभूत तथा माध्यमिक तहको २३ वटा अधिकार स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने कुरा उल्लेख गरिएको छ । यस कारण सबै नागरिकलाई आधारभूत तहको शिक्षाको सुनिश्चिता गर्ने स्थानीय सरकारको दायित्व रहेको छ ।

#### ३.२.१ वर्तमान अवस्था

यस गाउँपालिकामा आधारभूत शिक्षामा उल्लेखनिय उपलव्धि हासिल गरेको नै देखिन्छ । सबै बालबालिकालाई समतामुलक शिक्षा प्रदान गर्ने अवसर सिर्जना गरिएको हुँदा धैरै बालबालिकाहरुको आधारभूत तहमा पहुँच भएको देखिन्छ । यस फाकफोकथुम गाउँपालिकाको वि.स. २०८२ को एकीकृत शैक्षिक सुचना प्रणाली अनुसार प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना भएका बालबालिका २६७ जना रहेको छ । आधारभूत तहका जम्मा सामुदायिक २९ वटा र संस्थागत ७ वटा गरि जम्मा ३६ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । जस मध्ये सामुदायिक तर्फ कक्षा १–३ सम्मका ३ वटा, कक्षा १–५ सम्मका २३ वटा र कक्षा १–८ सम्मका ३ वटा विद्यालयहरु संञ्चालित रहेका छन् । यस तह अन्तर्गत नि.मा.तहमा २१ वटा स्थायी दरबन्दी, २८ वटा राहत दरबन्दी, प्रदेश स्वयं सेवक ०, संघीय अनुदान ३, स्वयं सेवक शिक्षक ० गरी जम्मा ५२ र .साथै प्रा.वि.तहमा १२९ स्थायी दरबन्दी, २४ वटा राहत दरबन्दी र स्वयं सेवक शिक्षक ०, मातृभाषा शिक्षक ० गरी जम्मा १५३ जना शिक्षक रहेका छन् ।

यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत आधारभूत तहका विद्यालयहरुको विवरण देहाय बमोजिम रहेका छन् :

| क्र.स | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | १-३ | ३ | ० | ३ |
| २ | १-५ | २३ | ५ | २८ |
| ३ | १-८ | ३ | २ | ५ |
| **जम्मा** | | **२९** | **७** | **३६** |

स्रोतः शिक्षा शाखा अभिलेख ,२०८२

समुदायस्तरका सबै बालबालिकाहरुको पहुँच र सहभागीता रहेको यस गाउँपालिकामा आधारभूत तहको कक्षा १-५ दोहोर्याउने र छोड्ने दर क्रमशः ८.६ र ३.८ प्रतिशत र कक्षा ६-८ दोहोर्याउने र छोड्ने दर क्रमशः ३.४ र २.७ प्रतिशत रहेको छ। समग्र पालिकालाई हेर्दा समुदायको आधारभूत तहमा पहुँच र सहभागीता सन्तोषजनक नै रहेको छ ।

आधारभूत तहका लागि नेपाल सरकारबाट प्राप्त वित्तिय हस्तान्तरणका कार्यक्रमहरु उल्लेखित समय सीमामा रही प्रभावकारी रुपमा कार्यान्यवन गरिरहेको छ।

समग्रमा यस फाकफोकथुम गाउँपालिकाले आधारभूत तहको शिक्षा क्षेत्रमा उल्लेखनीय फड्को मारिरहेको भएता पनि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रबिधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनवितरण गर्नु, विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु, लैगिंक समता र समावेशीकरणलाई उल्लेखनीय रुपमा लागु गर्न नसकिनु जस्ता आधारभूत शिक्षासँग सम्बन्धित प्रमुख समस्या र चुनौतिहरु रहेका छन्।

### ३.२.२ उद्देश्य

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वियन गर्नु।

२. आधारभूत तहको शिक्षामा सबैको समतामुलक पहुँच र सहभागीता सुनिश्चित गर्नु।

३. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु।

४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु।

५. विद्यार्थी सिकाइ प्रति उत्तरदायी विद्यालयको व्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु।

### ३.२.३ रणनीति

१. हाल भएका आधारभूतविद्यालयहरुको नक्शांकन, पुर्नवितरण तथा समायोजन गर्ने ।

२. विद्यालय वाहिर रहेका सबै बालबालिकाहरुको यथार्थ विवरण संकलन गरि भर्ना अभियान मार्फत पहुँच सुनिश्चित गर्ने।

३. कम विद्यार्थी भएका विद्यालयमा बहुकक्षा र बहुस्तर शिक्षणको नमूना प्रवर्द्धन गर्ने।

४. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वियन गर्ने ।

५. आवधिक रुपमा सिकाइ मुल्यांकन मार्फत न्यूनतम सिकाइ उपलब्धी हासिल सुनिश्चितगर्ने।

६. आधारभूत तहका शिक्षकहरुको सक्षमता विकासका लागि मागमा आधारित तथा छोटो अवधिका तालिम सञ्चालन गर्ने ।

७. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र उपयोगी वनाउने।

८. वि.व्य.स., शि.अ.सं. का पदाधिकारीहरुको सक्षमता विकास र अभिभावकलाई अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

९. विद्यालयमा खानेपानी, छात्र/छात्रा फरकतथा व्यस्थित शौचालय तथा अन्य न्यूनतम भौतिक पूर्वाधार सुनिश्चित गर्ने।

१०. आधारभूत शिक्षालाई समतामुलक र समावेशी बनाउन स्थानीय परिवेश अनुकुल स्थानीय भाषा, संस्कृतिको सम्मान तथा जगेर्ना हुने खालका कार्यक्रम संचालन गर्ने।

११. दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सीपहरुलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने।

१२. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन जस्ता परिस्थितिप्रति उत्थानशील बनाउने योजना निर्माण र कार्यान्वयन गर्ने।

१३. विद्यालयमा बालउद्यान, फुलबारी, करेसाबारी, वृक्षारोपण जस्ता कार्यक्रम समावेश र संचालन गर्ने।

### ३.२.४ प्रमुख उपलव्धि तथा नतिजा

**उपलब्धी**

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको प्रविधियुक्त पहुँच, सहभागीता सुनिश्चित भएको हुनेछ।

२. आधारभूत तहको शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ।

स्थानीय तहको शिक्षा योजना

**नतिजा र परिमाणामक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या | २ | ० | ० | ० | ० | ० | ० |
| २ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड पुरा गरेका आधारभूत तहका विद्यालयको संख्या | २० | २५ | ३० | ३५ | ४० | ४२ | ४८ |
| ४ | आधारभूत तह (कक्षा ६-८) मा अध्यापनरत तालिम प्राप्त शिक्षकको संख्या | १० | १५ | २० | २५ | ३५ | ४९ | ४९ |
| ५ | कक्षा ५ र ८ को कक्षागत औसत सिकाइ उपलब्धी | २.८९ | २.८५ | २.७६ | २.९६ | २.९४ | २.९६ | |

**३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय नक्शांकन, पुनर्वितरण र समायोजन | पटक | ० | ० | १ | | ० | | २ | |
| २ | शिक्षक दरबन्दी मिलान तथा पुर्नवितरण | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | स्वयंसेवक शिक्षक व्यवस्थापन | जना | ० | ० | ० | ० | ० | ० | | |
| ४ | सघन विद्यार्थी भर्ना अभियान | ० | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ५ | अभिभावक शिक्षा कार्यक्रम संचालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ६ | शिक्षकको पेशागत विकास कार्यक्रम संचालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | सिकाइ निरन्तरताका लागि अनुगमन तथा मुल्यांकन | निरन्तर | ३ | ३ | ४ | ५ | ५ | २० | | निरन्तर |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालन, खानेपानी, खेलमैदान, घेराबारा, खाजाघर मर्मत संभार) | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ९ | वि.स.व्य., शि.स.अ., प्रर शिक्षकको सक्षमता विकास कार्यक्रम .अ. संचालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| १० | अति विपन्न, पछाडि पारिएका समुदायका बालबालिकाको लागि शैक्षिक सामाग्री सहयोग | जना | ० | ५ | ५ | ५ | १० | २५ | ५० | |
| ११ | छापामय कक्षा कोठाको व्यवस्थापन | वटा | ० | २ | ५ | १० | १० | २७ | सबै | |
| १२ | नयाँ पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास र कार्यान्वयन | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| १४ | विद्यालयमा सिकाइ मेला तथा प्रतियोगिता सञ्चालन | पटक | ० | ० | १ | | १ | २ | ७ | |
| १५ | विद्यालयस्तरीय तथा पालिकास्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | पटक | ० | ० | १ | १ | १ | ३ | ८ | |
| १६ | आधारभूत तहका उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| १७ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धी वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| १८ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २० | वर्षको २ पटक बाबालिकाहरुको स्वास्थ्य नजिकको स्वास्थ्यचौकिबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | ० | २ | २ | २ | २ | ८ | १८ | |
| २१ | बालबालिकाहरुकोअपाङ्गता तथा कार्यरत सिमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २२ | छात्राहरुलाई सेनिटरी प्याडको खरिदर वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

### ३.३ माध्यमिक शिक्षा

#### ३.३.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि राखेको छ। संविधानमा उल्लेखित प्रावधानहरुले आम नागरिकका लागि गुणस्तरिय शिक्षा सुनिश्चत गर्न एकल तथा साझा सूचीका आधारमा तिनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ।

फाकफोकथुम गाउँपालिकाका भित्र हाल कक्षा १-१२ सञ्चालित सामुदायिक ४ वटा र कक्षा १-१० सञ्चालित ७ वटा गरी जम्मा ११ वटा माध्यमिक तहको विद्यालयहरु रहेको छन्। शैक्षिक सत्र २०८१ अनुसार माध्यमिक तहमा ९१६ जना बालबालिकाहरु अध्ययनरत छन्, जसमा छात्रा ४७७ र छात्र ४३९ रहेका छन्। यसै गरि मा.वि. तहमा स्थायी दरबन्दी ११, मा.वि. राहत दरबन्दी १४, उ.मा.वि. राहत दरबन्दी ६, प्रदेश स्वयं सेवक ०, संघीय अनुदान १५ गरी जम्मा ४६ जना माध्यमिक शिक्षकहरुले अध्यापन गराउदै आइरहेको अवस्था छ।

यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुको विवरण देहाय बमोजिम रहेको छः

| क्र.स | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १ | १-१० | ७ | ० | ७ |
| २ | १-१२ | ४ | ० | ४ |
| कुल जम्मा | | ११ | ० | ११ |

(स्रोतः शिक्षा शाखा अभिलेख ,२०८०)

शिक्षा तथा मानव स्रोत विकासको फ्लास रिपोर्ट यस गाउँपालिकाको आ.व. २०८०/८१ को तथ्यांक अनुसार फाकफोकथुम गाउँपालिकाको माध्यमिक तहको शिक्षामा समुदायस्तरका सबै बालबालिकाहरुको पहुँच र सहभागीता रहेको छ। यस गाउँपालिकामा माध्यमिक तहको कक्षा ९–१० दोहोर्याउने र छोड्ने दर क्रमशः ०.४ र २.३ प्रतिशत र कक्षा ११–१२ मा दोहोर्याउने र छोड्ने दर क्रमशः ० र १ प्रतिशत रहेको छ। समग्र पालिकालाई हेर्दा समुदायको आधारभूत तहमा पहुँच र सहभागीता सन्तोषजनक नै रहेको छ। माध्यमिक तहका लागि नेपाल सरकारबाट प्राप्त वित्तिय हस्तान्तरणका कार्यक्रमहरु उल्लेखित समय सीमामा रही प्रभावकारी रुपमा कार्यान्यवन गरिरहेको छ। यस पालिकामा विद्यालय, विद्यार्थी र विषयगत तथा तहगत शिक्षक दरबन्दी मिलानको अवस्था निरन्तर छ।

समग्रमा यस फाकफोकथुम गाउँपालिकाले माध्यमिक तहको शिक्षा क्षेत्रमा उल्लेखनीय फड्को मारिरहेको भएता पनि माध्यमिक तहको तह पूरा गर्ने दर न्युन हुनु, बसाइसराई र बालबिवाहको कारण विद्यालय छोड्ने दर हुनु, माध्यमिक तहमा बिषयगत शिक्षकको अभाव हुनु , विज्ञान प्रयोगशालाको अभाव हुनु , माध्यमिक तहका कुनै पनि विद्यालयमा विद्युतीय पुस्तकालयको व्यवस्था नहुनु, विधार्थी संख्या अनुसार शिक्षक दरबन्दी नहुनु , विधार्थी उपस्थिति दरमा अनियमितता हुनु, शिक्षकलाई समयानुकुल तालिम वा पेशागत सहयोग नहुनु , अभिभावकहरु आफ्नो बालबालिकाको सिकाइ प्रति उत्तरदायी नहुनु , समय समयमा अनुगमन तथा सुपरीवेक्षण नहुनु, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, अपांगतामैत्री र लैंगिक संवेदनशीलता नहुनु, अझै पनि माध्यमिक बिद्यालयमा

क्ष्त्रृत् को पहुँचमा कमी हुनु , बिद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित कर्मचारी व्यवस्थापन नहुनु जस्ता माध्यमिक तहका शिक्षासँग सम्बन्धित प्रमुख समस्या र चुनौतिहरु रहेका छन् ।

माध्यमिक तहका मुख्य सूचकहरुको अवस्था निम्नानुसार प्रस्तुत गरिएको छ ।

| क्र.स | सूचकहरु | तथ्यांक |
|---|---|---|
| १ | माध्यमिक तह कक्षा ९–१० संचालित सामुदायिक विद्यालयको संख्या | ७ |
| २ | माध्यमिक तह संचालित संस्थागत विद्यालय | हाल संचालनमा नभएको |
| ३ | माध्यमिक तह  कक्षा ११–१२ संचालित विद्यालय | ४ |
| ४ | माध्यमिक तह ९–१० मा कार्यरत शिक्षक संख्या (सामुदायिक) | ३१ |
| ५ | माध्यमिक तह ९–१० मा कार्यरत शिक्षक संख्या (संस्थागत) | ० |
| ६ | माध्यमिक तह ११–१२मा कार्यरत शिक्षक संख्या (सामुदायिक) | ६ |
| ७ | औसत शिक्षक विद्यार्थी अनुपात | १.१५ |
| ८ | माध्यमिक तह ९–१० खुद भर्नादर | ७३.३ प्रतिशत |
| ९ | माध्यमिक तह ९–१० कुल भर्नादर | ८५.८ प्रतिशत |
| १० | माध्यमिक तह ११–१२ खुद भर्नादर | ३१.३ प्रतिशत |
| ११ | माध्यमिक तह ११ १२ कुल  भर्नादर | ५३.३ प्रतिशत |

(स्रोतः शिक्षा शाखा अभिलेख ,२०८२)

**३.३.२ उद्देश्य**

१. माध्यमिक तहको शिक्षालाई निःशुल्क बनाई समतामुलक पहुँच तथा सहभागीता सुनिश्चित गर्नु ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

४. माध्यमिक तहका बाल वालिकाहरुमा न्युनतम सिकाइ उपलव्धी हासिल गर्नु ।

**३.३.३ रणनीति**

१. माध्यमिक तहका सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।

२. विद्यार्थीहरुको विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमुलक कार्यक्रम संचालन गर्ने ।

३. विद्यालय बाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम संचालन गर्ने ।

४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सृजना गर्ने ।

५. विषयगत दक्षता हासिल गरेको शिक्षक व्यवस्थापन गर्ने ।

६. शिक्षकको पेसागत विकास र सहयोगलाई प्राथमिकतामा राखी कार्यक्रमहरु संचालन गर्ने ।

७. शिक्षण सिकाइ पद्धतिमा सुधार गरी शिक्षकका लागि अभिप्रेरणाका कार्यक्रम संचालन गर्ने ।

८. सबै विद्यालयमा सुचना तथा संचार प्रविधिको विस्तार र व्यवस्थापन तथा प्रयोग गर्ने ।

९. विद्यालयलाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन जस्ता परिस्थितिप्रति उत्थानशील बनाउने खालका कार्यक्रम संचालन गर्ने ।

१०. विद्यालय सुशासनलाई सुदृढ पार्न सहभागीतामुलक ढंगबाट सक्षम नेतृत्वकर्ताको व्यवस्था गर्ने ।

११. आवधिक रुपमा सिकाइ मूल्यांकन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणालीको विकास गर्ने ।

१२ माध्यमिक तहका सबैबालबालिकाहरुलाई भर्ना अभियान मार्फत पहुँच अभिवृद्धि गर्ने ।

१३. अपुग विषयगत शिक्षकको मागलाई स्थानीय सरकार मार्फत सम्वोधन गर्ने ।

१४. माध्यमिक तहका शिक्षकहरुको क्षमता विकासका लागि मागमा आधारित तथा छोटो अवधिका तालिम सञ्चालन गर्ने ।

१५. विद्यालय शिक्षा देखि नै विज्ञान प्रविधि इन्जिनियरिङ कला जस्ता विषयहरुको सिकाइलाई अन्तरसम्वन्धित गर्दै लाने ।

१६. खोज तथा अनुसन्धानमा आधारित विद्यार्थी केन्द्रित र क्षेत्र भ्रमण विधिलाई प्राथमिकता दिइ श्रम वजारका खपत हुने जनशक्तिको आधारशिला तयार गर्ने ।

१७. प्राविधिक धार अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहनमुलक कार्यक्रम संचालन गर्ने ।

### ३.३.४ प्रमूख उपलव्धि तथा नतिजा

**उपलव्धि**

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने छ ।

२. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुनेछ ।

३. माध्यमिक शिक्षा पूरा गर्ने विधार्थीले न्युनतम सिकाइ उपलव्धि हासिल गरेको हुनेछ

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८१०८२/ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | १० वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९–१०) भर्ना भएका विद्यार्थी संख्या | ४४९ | ५०० | ५५० | ६०५ | ६६५ | ७३० | १००० | १०%ले वृद्धि |
| २ | माध्यमिक तह (कक्षा ११–१२) भर्ना भएका विद्यार्थी संख्या | २७४ | २८५ | ३०० | ३१५ | ३३० | ३४५ | ४२० | ५% ले वृद्धि |
| ३ | व्यवसायिक तथा प्राविधिक विषयमा भर्ना भएका विद्यार्थी संख्या | ३७ | ६० | ८० | १०० | १२० | १४० | १६० | |
| ४ | न्यूनतम सिकाइ सवलीकरण पुरा गरेका माध्यमिक विद्यालयको संख्या | ११ | १५ | २० | २५ | ३५ | ४८ | ४८ | |
| ५ | सूचना  प्रविधिको प्रयोग भएका विद्यालय संख्या | ४० | ४८ | ४८ | ४८ | ४८ | ४८ | ४८ | |

### ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा ५ वर्षको | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | ० | १ | ० | ० | ० | १ | २ | गा.पा |
| २ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावालोकन तथा व्यवस्थापन | संख्या | ११ | १८ | २४ | २५ | ३० | १०३ | २०५ | गा.पा |
| ३ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ/प्रदेश/गा.पा |
| ४ | आर्थिक रुपमा विपन्न विद्यार्थीका लागि ड्रेस र स्टेशनरी सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गा.पा |
| ५ | नमूना माध्यमिक विद्यालय विस्तार | संख्या | १ | ० | ० | ० | ० | १ | २ | संघ/प्रदेश/गा.पा |
| ६ | प्राविधिक धारको शिक्षाको विस्तार | पटक | ० | १ | ० | ० | ० | १ | १ | संघ/प्रदेश/गा.पा |
| ७ | विद्यालय पोषण स्वास्थ्य कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ/प्रदेश/गा.पा |
| ८ | क्षमतामा आधारित जनशक्ति व्यवस्थापन | संख्या | ३२५ | ० | ० | ० | ० | ३२५ | ३२५ | गा.पा |
| ९ | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | ० | १ | ० | ० | ० | १ | १ | गा.पा |

### ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

#### ३.४.१ वर्तमान अवस्था

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सङ्घीय शिक्षा नीति २०१९ मार्फत  शिक्षामा सिकाउने र कमाउने अवधारणालाई प्राथमिकता दिएको छ। विद्यार्थीहरूको भविष्यको जीविकोपार्जन बढाउन माध्यमिक शिक्षालाई सीप विकाससाँग जोड्ने कार्यलाई अझ प्रभावकाारी बनाउन आवश्यक छ। तदनुसार, शिक्षकहरू अध्यावधिक गरेर सीप र प्रविधिको साथ र अधिक प्रभावकारी र व्यापक रूपमा आईसीटीलाई शिक्षणमा प्रयोग गदै शिक्षण सुधार गर्न आवश्यक छ। कक्षा ९ बाट सञ्चालित प्राविधिक स्टिम  कार्यक्रमहरूलाई प्राविधिक स्टिम  प्रयोगात्मक कार्यक्रमहरू कक्षा १० पछि व्यापक रूपमा सञ्चालनमा ल्याउनु पर्छ।

यस फाकफोकथुम गाउँपालिकाले पनि सामुदायिक माध्यमिक तहको विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा मार्गदर्शन अनुसार १ वटा विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा कक्षा संचालन गरेको छ।  जुन मापदण्ड पुगेका इच्छुक सबै विद्यार्थीहरुलाई प्राविधिक शिक्षामा पहुँच पुगेको भएता पनि यस गाउँपालिकामा संचालित प्राविधिक तथा व्यवसायिक शिक्षा प्रवाहमा  छात्रवृत्तिको व्यवस्था नहुनु, प्राविधिक धारको शिक्षा कोटा अनुसार विद्यार्थी भर्ना हुन नसक्नु, प्राविधिक धार अध्यापन गराउन योग्यता पुगेका शिक्षकको अभाव, निःशुल्क पाठ्यपुस्तकको अभाव, प्रशिक्षकलाई शैक्षिक तथा प्राविधिक अध्यावधिक हुने खालका तालिमको व्यवस्था नहुनु, अभिभावक उत्तरदायी नहुनु, छात्रावासको व्यवस्था नहुनु, उपचारात्मक कक्षाको व्यवस्था नहुनु, भौगोलिक दुरीको हिसाबले पालिकाका सबै क्षेत्रलाई समेट्न नसक्नु जस्ता प्रमुख समस्या रहेका छन्।

#### ३.४.२ उद्देश्य

१. सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको अवसर सुनिश्चित गर्नु।
२. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने  जनशक्तिका लागि स्थानीयस्तरमा स्वरोजगारीका अवसर उपलब्ध गराउनु।

#### ३.४.३ रणनीति

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थी मध्ये ५० प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रममा पहुँच सुनिश्चित गर्ने।
२. माग र आवश्यकताका आधारमा मापदण्ड अनुसार समय सापेक्ष प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमको विस्तारका लागि समन्वय, सहकार्य र विस्तार गर्ने।
३. गरेर सिक्ने वातावरण सिर्जना गरी व्यवहारिक सिकाइ मार्फत समावेशी गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा सुधारमा जोड दिने।
४. माग र आवश्यकताका आधारमा छोटो समयको तालिम संचालन गर्ने।
५. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम संचालित विद्यालयहरुको संस्थागत सक्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने।

### ३.४.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धि**

१. माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थी मध्ये ५० प्रतिशतलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्राप्त गरेका हुनेछन् ।

२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको सिकाइ मार्फत स्थानीय युवा रोजगारीको अवसर सिर्जना भएको हुनेछ ।

३. थप प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्र वा शिक्षालय विस्तार भएको हुनेछ ।

**नतिजा तथा परिमाणत्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष२०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | २०९२ सम्मको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने विद्यालयको संख्या | १ | | | | | १ | २ | ३ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी संख्या | २३ | ४० | ६० | ८० | १०० | १२० | १५० | ३०० |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्यांक संकलन तथा खण्डीकृत डाटावेश तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम संचालन | संख्या | १ | ४ | ५ | ८ | ९ | २७ | ५४ |
| ३ | विद्यार्थीका लागि छात्रवृत्रिको अवसर | संख्या | ३ | ४० | ५० | ६० | ७० | २५० | |
| ४ | निःशुल्क पाठ्यसामाग्री तथा सहयोगी सामाग्री व्यवस्था | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि विषयगत प्रयोगशाला, छात्रावास र प्रशिक्षक आवास निर्माण | पटक | ० | ० | १ | ० | ० | १ | २ |
| ६ | परियोजना तथा इन्टनसीप कार्यमा शिक्षक तथा विद्यार्थीलाई सहयोग | संख्या | २० | २५ | ३० | ३५ | ४० | १५० | |
| ७ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी सन्देशमुलक कार्यक्रम संचालन | पटक | ० | १ | १ | | १ | ४ | ९ |
| ८ | अन्य शिक्षालयहरुसँग समन्वय, सहकार्य तथा भ्रमण | पटक | ० | १ | १ | १ | १ | ४ | ९ |

### ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

#### ३.५.१ वर्तमान अवस्था

अनौपचारिक शिक्षा औपचारिक शिक्षाबाट बञ्चित व्यक्तिहरुलाई आफ्नो रुचि, आवश्यकता र सहजताका आधारमा प्रदान गरिने शिक्षा हो। अनौपचारिक तथा आजीवन सिकाइले शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको छ। नेपालमा अनौपचारिक शिक्षा विकासमा धेरै प्रयासहरू भइरहेको छ। विशेष गरी विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) कार्यान्वयन अवधिमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ अन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा आजीवन सिकाइ कार्यक्रममा सुधार हुने नतिजाको अपेक्षा गरिएको छ। राष्ट्रिय शिक्षा नीति–२०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी आजीवन शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिष्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

फाकफोकथुम गाउँपालिकामा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी कार्य गर्न हाल ४ वटा सामुदायिक सिकाइ केन्द्र (Community Learning Center–CLC)हरू स्थापना गरी संचालन भएका छन्। शिक्षा क्षेत्रमा एउटा सिङ्गै क्षेत्र ओगटेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले संस्थागत र प्रणालीगत रूपमा सक्षमता विकास गर्ने र सुदृढिकरण गर्ने विषयले खास महत्व नपाए पनि स्थानीय तहले आफ्नो क्षेत्रका सबै व्यक्तिहरूलाई साक्षर र सीपयुक्त बनाउन ठूलो भूमिका खेल्नुपर्ने देखिन्छ। तर अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्न, साक्षरता, निरन्तर सिकाइ, आयमुलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन गर्न, मौलिक तथा परम्परागत संस्कृतिको पहिचान, संरक्षण प्रवर्धन गर्न, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि मापदण्ड नबनाउनु, पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामाग्रीहरु विकास गर्न नसक्नु , व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र, घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्न नसक्नु , सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना नहुनु, सहजकर्ताको सक्षमता विकासका कार्यक्रमहरु संञ्चालन नहुनु जस्ता समग्र समस्या र चुनौतीले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सुदृढ हुन नसकेको अवस्था छ।

#### ३.५.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामुलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु।
२. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सीप विकास तथा आयमुलक कार्यक्रम संचालन गर्नु।
३ सामुदायिक सिकाइ केन्द्रको सुदृढिकरण र विस्तार गर्नु ।

#### ३.५.३ रणनीति

१. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सुचना केन्द्र सहिको सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रुपमा सुदृढीकरण गरी समावेशी एवं समतामा आधारित आजीवन सिकाइ थलोका रुपमा विकास गर्ने।
२. सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुल्ला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने।
३. हाल भएका सामुदायिक सिकाइ केन्द्रलाई थप व्यवस्थित र स्तरीकरण गर्दै लाने।
४. मौलिक एवं परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवं हस्तान्तरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

५. स्थानीय तहले सञ्चालनमा रहेको सामुदायिक सिकाइ केन्द्रहरुको आवश्यक्तानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्ने ।

६. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज,सञ्चार माध्यम,अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने ।

### ३.५.४ प्रमूख उपलव्धि तथा नतिजा

**उपलव्धि**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तरता शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुनेछन् ।

२. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष माथि) (५) | ५०.०० | ६०.०० | ७०.०० | ८०.०० | ९०.०० | १००.०० |
| २ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष माथि महिला) (५) | ५०.०० | ६०.०० | ७०.०० | ८०.०० | ९०.०० | १००.०० |
| ३ | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | ४ | ४ | ४ | ४ | ४ | ५ |
| ४ | सामुदायिक पुस्तकालयको संख्या | १ | ५ | ५ | ५ | ५ | ६ |

### ३.५.५ प्रमूख क्रियाकलाप र परिमाणत्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | ५ वर्षको जम्मा | | |
| ३ | स्थानीय माग र आवश्यक्ताका आधारमा सामुदायिक सिकाइ केन्द्र विस्तार र व्यवस्थापन | संख्या | ४ | ५ | ६ | ७ | ७ | ७ | १० | गा.पा |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक सकाइ केन्द्रसँग आबद्ध गर्ने | पुस्तकालय | २ | ३ | ४ | ५ | ६ | ७ | १० | गा.पा |
| ५ | सामुदायिक सिकाइ केन्द्रमा प्रविधिको विकास गर्ने | संख्या | ० | १ | १ | १ | १ | ४ | ४ | गा.पा |
| ६ | सामुदायिक सिकाइ केन्द्रले समूदायमा आधारित संघसंस्थासँग सहकार्य गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सा,सि.के |
| ७ | सामुदायिक सिकाइ केन्द्रका परिचालक, शिक्षकको सक्षमता विकास कार्यक्रम संचालन गर्ने | संख्या | ० | ४ | ५ | ६ | ७ | ७ | ७ | गा.पा |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मुल्यांकन

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान सिप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठयक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मुल्यांकन हो । वास्तवमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मुल्यांकनले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालिन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एव विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरी बालकका सिकाइ सम्बन्धि आबश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठयक्रम, पाठ्यपुस्तक, सिकाइसामाग्री तथा मुल्यांकन विकास एउटा निरन्तर प्रक्रिया भएको समाज राष्ट्र र व्यक्तिको आवश्यकता र चाहना अनुरुप परिवर्तन भइरहन्छ । स्थानीय तहको नेतृत्व र सहभागीताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वियन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाको रुपमा लिईन्छ । निर्धारित सिकाइ उपलव्धिहरु, प्राप्तिका लागि विधार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठयक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मुल्यांकन हो ।

पाठयक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मुल्यांकन कुनै कक्षा वा तहमा कुनकुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विधार्थीमा केकस्ता क्षमता विकास गराउने हो, किन पढाउने हो, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विधार्थीले सिकेका वा नसिकेका सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो ।

### ४.१.१ वर्तमान अवस्था

फाकफोकथुम गाउँपालिकाले हालसम्म नेपाल सरकारबाट स्विकृत पाठयक्रम लागू गर्दै आएको सर्वविदितै छ । पाठयक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठयक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्वारा भईरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रुपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठयक्रम प्रारुप तयार गरी सोहीअनुसार पाठयक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरियो । यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठयक्रम प्रारुप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठयक्रम प्रारुप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठयक्रम विकास गरी वि.सं. २०७७ सालदेखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहको सबै कक्षाहरु अर्थात कक्षा १ – १२ मा यो पाठयक्रम कार्यान्वयन हुने योजना अनुरुप अगाडि बढेको छ ।

यस गाउँपालिकाले समग्र विद्यालय शिक्षालाई व्यवस्थित गर्नका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तक र सिकाइ सामग्री बारे समय समयमा प्रवोधीकरण र अन्तरक्रिया कार्यक्रम संचालन गर्दै आएको छ । दरबन्दी कम भई शिक्षक अभाव भएका विद्यालयहरुलाई गाउँपालिकाको आन्तरिक स्रोतबाट शैक्षिक सहायता अनुदान वितरण हुदै आएको छ । गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुले प्रत्येक वर्ष १ वर्षे विद्यालय सुधार योजना निर्माण गरि त्यसै अनुरुप शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् ।

आधारभूत तह कक्षा १ – ३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४–५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ ।

आधारभूत तह कक्षा ६–८ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरको हुनेछ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ। यस पालिकाले बालबालिकाहरुको चौतर्फी विकास साथै जीवन उपयोगी सीपलाई पाठ्यक्रममा प्रत्यक्ष समावेश नगरी विभिन्न अतिरिक्त क्रियाकलापका माध्यमबाट समावेश गरेको छ भएता पनि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्यांकन प्रक्रियामा स्थानीय तहले उल्लेखनीय कार्यको थालनी गर्न नसकेको अवस्था छ। यस कार्यका लागि स्थानीय पाठयक्रम र पाठ्यपुस्तक र सिकाइ सामाग्री विकासका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता पहिचान पद्धति र संयन्त्र पहिचान गरी सोही अनुरूप निर्माण गरी कार्यान्वयन गर्नु, दक्ष र कुशल पाठ्यक्रम विज्ञको अभाव हुनु, शिक्षामा अझै सरकारको पूर्ण र उच्च प्रतिबद्धता सुनिश्चित नहुनु, स्थानीय आवश्यकताका विषय शिक्षण गर्ने शिक्षकको अभाव हुनु ,शिक्षक निर्देशिकाको विकास गर्न नसक्नु, विद्यार्थीलाई डिजिटल सन्दर्भ सामग्रीको विकास गरी उपलब्ध गराउन नसक्नु, सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखिकरण र सक्षमता विकास गर्न नसक्नु, पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी अध्ययन र अनुसन्धानप्रति चासो र लगानी शून्य रहनु , स्थानीय पाठ्यक्रम निर्माण गर्दा भौगोलिक, सांस्कृतिक र सामाजिक विविधतालाई सम्बोधन गर्न कठिनाइ हुनु, सरकारको पर्याप्त लगानी, अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण नहुनु, पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धमा स्थानीय सरकारको अझैनियमित लगानी र आर्थिक पाटो अस्पष्ट रहनु, निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी र उचित प्रयोग नहुनु, परीक्षाबाहेकका मूल्याङ्कनका साधनको प्रयोग नगरिनु, नेतृत्व र जिम्मेवार पक्ष यसप्रति उदासिन हुनु, अग्रेजी भाषा तर्फ अभिभावकहरुको रुची बढ्नु आदि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मुल्यांकनका उल्लेखनीय समस्या र चुनौती हुन्।

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सीप र व्यवहार विकास सहजीकरण गर्नु।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री निर्माण तथा कार्यान्वयन गर्नु।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मुल्यांकन पद्धतिको कार्यान्वयन गर्नु।
४. पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोगमा र एकरुपता ल्याउनु।
५. एकीकृत पाठ्यक्रमको कार्यान्वयनमा जोड दिनु।

### ४.१.३ रणनीति

- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने।
- पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यपुस्तकको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रवोधीकरण गर्ने।
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेशागत सक्षमता अभिवृद्धि गर्ने।
- विपत्, महामारी तथा संकटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने।
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामाग्री तथा विद्यार्थीका लागि सिकाइ सामाग्री स्वअध्ययन तथा सन्दर्भ सामाग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चित गर्ने।

- माध्यम भाषाका रुपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने ।
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामाग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
- विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने ।
- सहपाठी सिकाइ समुह गठन गरी कमजोर सिकाइ सक्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।
- स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशीता, लैंगिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकता साथ समावेश गर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने ।
- निरन्तर विद्यार्थी मुल्यांकनलाई शिक्षण सिकाइको अभिन्न अंगको रुपमा प्रयोग गर्ने ।
- आधारभूत तह कक्षा ५, ८ र १० मा पालिका स्तरीय वार्षिक परीक्षा संचालन गरी मुल्यांकनको आधारमा गाउँपालिका भित्रका उत्कृष्ट विद्यालय र विद्यार्थीलाई पुरस्कृत गर्ने ।

**४.१.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मुल्यांकन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार आएको हुनेछ ।
- कक्षा १-३ मा एकीकृत पाठ्यक्रम अनुसार अध्यापन भएको हुनेछ ।

**नतिजा र परिमाणत्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ३ | स्थानीय भाषा कक्षा संचालन गर्ने विद्यालय संख्या | ७ | ७ | १० | ० | ० | १० | स्थानीय विषय |
| ४ | निरन्तर विद्यार्थी मुल्यांकन गर्ने विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामाग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | १ | २ | २ | २ | २ | |
| ६ | स्थानीय सामाग्री प्रयोग गरी सिकाइ सामाग्री प्रयोग गर्ने विद्यालय संख्या | ० | ५ | १० | १५ | १० | ४० | |

### ४.१.५ प्रमुख क्रियाकलाप र पमिाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि शिक्षक तालिम संचालन गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मुल्यांकन | विद्यालय | ५ | ५ | ५ | १० | १० | ३५ | ५० | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | १ | | | | | १ | १ | |
| ५ | पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको वितरण | विद्यालय | ४० | ४ | ४० | ४० | ४० | | | |
| ६ | वार्षिक रुपमा सिकाइ उपलब्धि विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | | | |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | | | |
| ८ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धि समीक्षाको लागि घुम्ति शिक्षक बैठक सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ९ | पालिका स्तरीय कक्षा ५, ८ र १० को परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | ० | १ | १ | १ | १ | ५ | ९ | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१ वर्तमान अवस्था

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप संचालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने काम शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम संचालन शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् । यति हुँदाहुँदै पनि शिक्षक तयारी कार्यलाई आवश्यकता र अनुसन्धानमा आधारित बनाउन सकिएको छैन । सरकारका विभिन्न निकाय र विद्यालय तथा विश्वविद्यालयहरूको बीचमा शिक्षक तयारी गर्ने क्रममा प्रभावकारी सम्बन्ध र सहकार्य हुन सकिरहेको छैन । देशमा विभिन्न तरिकाबाट नियुक्ति पाएका

शिक्षकहरू स्थायी, अस्थायी, राहत अनुदान, स्वयंसेवक, निजी स्रोतका शिक्षक आदि छन् । शिक्षकको कार्य सम्पादन मूल्याङ्कन पनि शिक्षक वढुवाको लागि मात्र भएको तर यसलाई विद्यार्थीहरूको सिकाइ उपलब्धिसँग जोड्न सकिएको छैन ।

शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उतीर्ण भएको हुनु पर्ने, वढुवाको निश्चित मापदण्ड पूरा गर्नु पर्ने व्यवस्था छ । पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रुपमा लिइन्छ । नियमित रुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ। यस गाउँपालिकाका सामुदायिक विद्यालयको कुल शिक्षक दरबन्दी सख्या २५१ रहेको छ । त्यस मध्ये १६१ जना स्वीकृत दरबन्दी, ६९ जना राहत शिक्षक, प्रदेश स्वयंसेवक ०, संघीय शिक्षण सहयोग अनुदान १८, स्वयंसेवक शिक्षक ०, मातृभाषा शिक्षक ० कार्यरत रहेका छन् । हाल यस गाउँपालिकामा बालविकास तहदेखि माध्यमिक तह सम्मको जम्मा ३६१ शिक्षक कर्मचारीको संख्या रहेको छ ।

यस गाउँपालिकाको सामुदायिक विद्यालयको विभिन्न तहमा रहेको नेपाल सरकारबाट प्राप्त दरबन्दी/राहत/अनुदान कोटा निम्न अनुसार रहेको छः–

| तह | स्वीकृत दरबन्दी | राहत दरबन्दी | अनुदान दरबन्दी | प्रदेश स्वंय सेवक | संघिय अनुदान शिक्षक | स्वंयसेवक शिक्षक | मातृभाषा शिक्षक | कुल जम्मा | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रा.वि. | १२१ | २४ | ० | ० | ० | ० | ० | १५३ | १:४ |
| नि.मा.वि | २१ | २८ | ० | ० | ३ | ० | ० | ५२ | १:२२ |
| मा.वि | ११ | २० | ० | ० | १५ | ० | ० | ४६ | १:२४ |
| जम्मा | १६१ | ७२ | ० | ० | १८ | ० | ० | २५१ | १:१४ |

(स्रोतः गा.पा. शिक्षा शाखा अभिलेख, २०८२)

माथिको तथ्याङकले यस गाउँपालिकाको सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र शिक्षक विद्यार्थी अनुपातलाई देखाएको छ । यस तथ्यले निम्न माध्यमिक र माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात बढी देखाउछ । यसको प्रमुख कारण अनुमति पाएर सञ्चालनमा रहेका आधारभूत (६-८) र माध्यमिक विद्यालयहरुमा आवश्यक मात्रामा विषयगत शिक्षक दरबन्दी नहुनु नै हो ।

गाउँपालिकाभित्र सञ्चालित सबै प्रकारका विद्यालयहरुको शैक्षिक क्रियाकलापलाई प्रभावकारी र व्यवस्थित वनाउनको लागि देहाय बमोजिम विषय विज्ञ रहेको ५ सदस्यीय एक विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोग समिति गठन भएको छ ।

| क्र.स. | नाम,थर | पद | विषय | सहभागीता |
|---|---|---|---|---|
| 1 | मताप सिंह लिम्बु | संयोजक | गणित | शिक्षा शाखा प्रमुख |
| 2 | टंक प्रसाद रेग्मी | सदस्य | सामाजिक | मा.वि.शिक्षक |
| 3 | भुवन काफ्ले | सदस्य | विज्ञान | मा.वि.शिक्षक |
| 4 | पर्शुराम श्रेष्ठ | सदस्य | नेपाली | मा.वि.शिक्षक |
| 5 | ध्रुवराज कार्की | सदस्य | अंग्रेजी | मा.वि.शिक्षक |

(स्रोतः गा.पा. शिक्षा शाखा अभिलेख, २०८२)

नीतिगत व्यवस्था र राम्रा अभ्यासहरु भइरेको अवस्थामा पनि यस फाकफोकथुम गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात र विषयगत अनुपातमा शिक्षक व्यवस्थापन, शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्नु ,पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउन, शिक्षकको पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्न, शिक्षकको पेशागत विकासको अवसर, विस्तार र प्रभावकारिता सुधार गर्ने गरी संस्थागत व्यवस्थापन गर्न, विद्यार्थी सिकाइ उपलब्धीलाई शिक्षकको कार्यसम्पादन मूल्यांकनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, सेवा निवृत्त शिक्षकको अनुभवलाई उपयोग गर्नु, गाउँपालिकाले आवश्यकताको आधारमा शिक्षक अनुदान कोटाको व्यवस्था गर्न, सिकाइ उपलब्धी अंकमा मात्र दखिनु, शिक्षकमा प्रविधिमैत्री ज्ञानको कमी जस्ता प्रमुख समस्या र चुनौतीहरु रहेका छन्।

### ४.२.२ उद्देश्य

१) तहगत, कक्षागत तथा विषयगत रुपमा शिक्षकको व्यवस्थापन गर्नु।
२) शिक्षक तालिम, शिक्षक सक्षमता प्रारुपको प्रभावकारी कार्यान्वयन गर्नु।
३) शिक्षकका लागि निरन्तर पेशागत विकासका अवसरको सुनिश्चितता गर्नु।
४) पालिका स्तरबाट हुने शिक्षक नियुक्तिलाई थप प्रभावकारी तथा सुदृढ बनाउनु।
५) आवश्यक प्रोत्साहन, निरन्तर पेशागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा शिक्षकहरूको सक्षमता अभिवृद्धि गर्नु।

### ४.२.३ रणनीति

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुर्नवितरण र व्यवस्थापन गर्ने।
- शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ, प्रदेशसँगको समन्वयमा शिक्षण सीप विकास लगायतका विषयमा सेवाकालीन तालिम संचालन गर्ने।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने।
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने।
- विद्यालय, कक्षा कोठालाई छापामय र शिक्षण सामाग्री पूर्ण बनाई शिक्षक, सहजकर्ता, उत्प्रेरक र विद्यार्थीसंगै खेल्दै सिक्दै कार्यक्रमलाई प्राथमिकता दिने।
- सूचना तथा संचार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा स्वीकृत गर्दै प्रविधिमैत्री व्यवहारिक र नतिजामुलक बनाउने। साथै EMIS को सदृढीकरण गर्ने।
- शिक्षणका नवीनतम विधिहरुको अवलम्बनका लागि शिक्षकको सक्षमता विकास सम्बन्धी तालिमको व्यवस्थापन गर्ने। जस्तैः नानो लर्निङ, मेन्टरिङ
- शिक्षकको पेशागत सहयोगका लागि विज्ञ समुह परिचालन तथा सुपरीवेक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न जोड दिने।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत, तहगत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।

२. शिक्षकलाई निरन्तर पेशागत विकासको अवसर प्राप्त भएको हुनेछ।

३. दक्ष र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार भई शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष२०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको संख्या | ३० | ३५ | ४५ | ५० | ५५ | ५५ | ५५ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक(%) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तहमा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | सुचना तथा प्रविधि सम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ३० | ४० | ५० | ६० | ८० | १०० | १०० |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | १० वर्षको लक्ष्य | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | आवश्यकता अनुसार र मागको आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्ने | जना | ४० | ४० | ४० | ४० | ४० | २०० | ४०० | |
| २ | शिक्षकको पेशागत सहयोगका लागि स्थानीय विज्ञ समूह सहित कार्यविधि तयार गरी स्रोत शिक्षक परिचालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ३ | लिडर विद्यालय स्तरीय तथा क्लष्टर स्तरीय विषयगत शिक्षक सहयोग समिति मार्फत् शिक्षकलाई पेशागत सहयोग | वटा | ० | ५ | ५ | ६ | १० | २६ | ५५ | |
| ४ | एक शिक्षक: एक ल्यापटप कार्यक्रम | जना | ० | १० | २० | ३० | ३० | ९० | १८० | |
| ५ | प्रविधि मैत्री तथा विद्यार्थी केन्द्रित शिक्षण क्रियाकलाप संचालन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ६ | वर्षको एकपटक शिक्षण सिकाइ अनुभव तथा अनुसन्धानको आदान प्रदान कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ७ | उत्कृष्ट सिकाइ हासिल गर्ने शिक्षकहरूलाई पुरस्कृत गर्ने | जना | ० | १ | १ | १ | १ | ४ | ९ | |
| ८ | शिक्षकलाई विद्यार्थीको नतिजाप्रति उत्तरदायी बनाइने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

### ४.३ शैक्षिक समता र समावेशीकरण

#### ४.३.१ वर्तमान अवस्था

सबै बालबालिकाका लागि विभेदरहित वातावरणमा धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रुपले विपन्न लगायतका भिन्नता लाई सम्मान गर्दे आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । प्रत्येक बालबालिकाको शैक्षिक अधिकार प्राप्तिका लागि समता मुलक पहुँच भएको शिक्षा प्रणाली नै समतामुलक समावेशी शिक्षा हो । बालबालिकाहरुमा भएका विविधताको आधारमा सबैका लागि अनुकुल हुने सिकाइ पद्धति विकास गर्नु र सबै बालबालिकालाई सम्मानपूर्वक सिकाइको व्यवस्थापन गर्नु समतामुलक समावेशी शिक्षाको मुल मर्म हो । सामाजिक आर्थिक स्थिति, लैंङ्गिकता, भाषा, जातजाति, भौगोलिक अवस्थिति तथा विभिन्न प्रकारका अपाङ्गताका आधारमा गुणस्तरीय शिक्षाको अवसर, पहुँच र उपलब्धीमा रहेको असमानतालाई निराकरण गरी पूर्ण समानताको स्थितिमा ल्याउनका लागि अवलम्बन गरिने उपाय वा थप अवसर नै समता हो । कतिपय बालबालिकाहरु भौगोलिक, आर्थिक, सामाजिक, भाषिक तथा अपाङ्गताको कारणले विद्यालयको पहुँचमा आउन सकेका छैनन् । यस्तो अवस्थालाई सम्बोधन गर्न विशेष व्यवस्था गरी शिक्षा प्रणालीको मूल धारमा समावेश गर्नुपर्ने देखिन्छ । अपाङ्गता भएका बालबालिकाहरुले पहुँच, सहभागीता तथा सिकाइ उपलब्धिमा सबैभन्दा बढी चुनौतीको सामना गर्नु परिरहेको छ ।

फाकफोकथुम गाउँपालिका एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, तथा बहुसांस्कृतिक गाउँपालिका हो । यहाँ लिंगको आधारमा महिलाको जनसंख्या पुरुषको भन्दा बढी छ । ब्राम्हण, क्षेत्री तथा नेवार समुदायको तुलनामा लिम्बू, शेर्पा, दलित वा अन्य जनजातिको शैक्षिक अवस्था तुलनात्मक रुपमा कमजोर देखिन्छ । विद्यालयहरुमा छात्राहरुको सहभागीता उत्साहजनक रहेको छ । भाषिकरुपमा नेपाली भाषा बाहेकका अन्य मातृभाषा भएका बालबालिकाहरुमा भाषिक असक्षमता हुने र सिकाइ ढिलो हुने समस्या उत्पन्न हुन्छन् । साथै अपाङ्गगता भएका बालबालिकाहरुका निम्ति शैक्षिक पहुँच र गुणस्तसमा झन जटिल समस्या देखिएको छ । पालिकाको तथ्याङक अनुसार यस पालिका भित्रका विद्यालयहरुमा जम्मा ३४२२ विद्यार्थी मध्ये १७१० जना छात्र, १७१२ जना छात्रा र ती मध्ये २६ जना अपाङ्गता भएका बालबालिकाहरु अध्ययनरत छन् । विद्यमान अवस्थामा शिक्षामा समतामुलक पहुँच पुर्याउन यस गाउँपालिकाबाट भाषिक समस्या कम गर्न मातृभाषा (लिम्बु भाषा) लाई, स्थानीय पाठ्क्रम मा राखेर ७ वटा विद्यालयहरुले कार्यान्वयन गरिरहेको छ । यसै गरी धार्मिक तथा सांस्कृतिक पक्षलाई जोड दिदै एक गुम्बा विद्यालय समेत संचालनमा रहेको छ । शिक्षक तथा शिक्षा क्षेत्रमा कर्मचारी नियुक्ति प्रक्रियाहरुमा पनि समावेशी र समताको अवधारणलाई अवलम्बन गर्दै आइरहेको भएता पनि पर्याप्त मात्रामा सम्बोधन हुन सकेको छैन ।

विद्यालय बाहिर रहेका, विचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहरुलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । विविधताको सम्मान गर्दे शिक्षामा सबैको पहुँच पुर्याई सहभागीतामुलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरुलाई शिक्षामा समान र समतामा आधारित अवसर उपलब्ध गराउन, समावेशी शिक्षाको उदेश्य परिपुर्ति गर्नको लागि विद्यालयहरुमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण, विद्यालयमा बालमैत्री शैक्षिक पद्धति पूर्णरुपमा कार्यान्वयन शिक्षाका अवसरबाट वञ्चित वर्गहरुको शिक्षामा समतामुलक पहुँच, सबै किसिमका अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षामा पहुँच, स्थानीय स्तरमा विशेष विद्यालय तथा स्रोतकक्षाको पर्याप्त सुविधा, मातृभाषामा शिक्षा प्रदान गर्ने पर्याप्त व्यवस्था नहुनु जस्ता विद्यमान समस्या र चुनौतीहरु रहेका छन् ।

#### ४.३.२ उद्देश्य

१) लक्षित समुहका बालबालिकाको शिक्षामा समावेशी रुपमा समतामुलक पहुँच सुनिश्चित गर्नु।

२) लक्षित समुहका बालबालिकाको सिकाइ सहभागीता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु।

३) विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकालाई नियमित उपस्थिति, सहभागीता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु।

४) शिक्षामा पहुँच, सहभागीता तथा सिकाइ उपलब्धिका दृष्टिकोणले पछाडि परिएका समुदाय, वर्ग, अपाङ्गता भएका बालबालिबकाहरु विच हुने विभेदलाई न्युनीकरण गरी सबैका लागि समतामुलक गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्नु

#### ४.३.३ रणनीति

१. विद्यालय सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पुरा गरी अपांगतामैत्री तथा लैगिंकमैत्री बनाउने जसका लागि बालमैत्री विद्यालय प्रारुप तथा निर्धारित सिकाइका लागि आवश्यक पुर्वाधार पूरा गर्ने

२. अपांगताको प्रारम्भिक लेखाजोखा गर्दै अपांगताका किसिम तथा स्वरुप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्था साथै आवश्यकता अनुसार विशेष विद्यालयको प्रबन्ध गर्ने।

३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपांगता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने।

४. कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने।

५. विद्यालयमा सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरी लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने।

६. आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने।

७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भुगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सीपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवन उपयोगी सीपसँग आबद्ध गर्ने।

८. सिकाइ क्रियाकलापलाई सहभागीतामुलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुव्र्यवहार, बहिष्करण र हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गर्ने।

९. बालबालिकाहरुको शिक्षामा पहुँच र सहभागीतामा रहेको विभेदलाई निराकरण गर्न विद्यालयमा भर्ना हुने प्रबन्ध मिलाउने।

१०. बालमैत्री, लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक पुर्वाधार तथा शैक्षिक वातावरणको विकास गर्ने

११. शिक्षकहरुका लागि समावेशी शिक्षा सम्बन्धि तालिमको व्यवस्था गर्ने।

१२. दलित, महिला, जातजाति तथा अपाङ्गगताको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग शिक्षाका लागि सहकार्य तथा समन्वय गर्ने।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. लक्षित समुहका बालबालिकाका शिक्षामा समतामुलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धीमा सुधार आएको हुनेछ।
२. विद्यालयमा हुने कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार तथा अपहेलना रहित बालमैत्री, लैङ्गिकमैत्री एवं अपाङ्गमैत्री शैक्षिक वातावरण सिर्जना भएको हुनेछ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा लैंगिक समता सूचक | ०.८९ | १ | १ | १ | १ | १ | १ |
| २ | माध्यमिक तहमा लैगिंक समता सूचक | १.१ | १ | १ | १ | १ | १ | १ |
| ३ | लक्षित छात्रवृत्ति अभिलेख | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८२ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट वञ्चित हुनको कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| २ | बालबालिकाको परीक्षण गरी अपागंताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | आवश्यकता अनुरुपका सिकाइ सामाग्री तथा अन्य आवश्यक सामाग्री तथा पेशागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघसंस्था बीच जवाफदेही सहितको कार्यगत समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८२ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| ६ | बालमैत्री प्रारुप सम्बन्धी विद्यालयको प्रतिनिधिलाई तालिम | पटक | १ | ० | १ | ० | १ | ३ | ६ | |
| ७ | लैङ्गिक सम्पर्क व्यक्तिको छनोट र सक्षमता विकास | पटक | १ | ० | १ | ० | १ | ३ | ६ | |
| ८ | विद्यार्थी, अभिभावक शिक्षकका लागि मनोविमर्श तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | समावेशी शिक्षक शिक्षा तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | घरमै विद्यालय कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | पिछाडिपारिएका वर्गका बालवबालिकाहरुका लागि सिकाइ प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको विकास तथा उमेरगत सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइमा सकृय सहभागीता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । विद्यालय खाजा कार्यक्रम नेपालको सविधानको मुलभूत सिद्धान्तमा खाद्य सम्प्रभूतालाई मौलिक हकको रुपमा स्वीकारेको सन्दर्भमा नेपालको राष्ट्रिय स्वास्थ्य नीति २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ एवम बालबालिका सम्बन्धि अन्य कानूनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्य सम्प्रभुता सम्बन्धि अधिकार स्थापित गरेको छ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाहरुका छानिएका विद्यालयहरुमा विश्व खाद्यकार्यक्रमको अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हाल सञ्चालन हुँदै आई कर्णाली र सुदूर पश्चिम प्रदेशका आठ जिल्लामा खाद्यान्न अनुदानमा दिवा खाजा कार्यक्रम सञ्चालित छ भने सन् २००८ देखि छानिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरीएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आ.ब.२०७७।२०७८ मा सामुदायिक पूर्व प्राथमिक देखि आधारभूत तहको कक्षा ५ सम्मका सबै विद्यार्थीहरुलाई दिवाखाजाको व्यवस्था गरिएको छ। यस फाकफोकथुम गाउँपालिकामा दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम विद्यालयहरुबाट विद्यार्थीहरु वास्तविक हाजिरी विवरणको प्रमाणित प्रतिलिपि माग गरी सोको आधारमा १ जना विद्यार्थीले दैनिक रु.१५ का दरले प्राप्त गर्ने मासिक खाजा खर्च हिसाब गरी प्रत्येक तीन महिनाको अन्त्यमा विद्यालयको खातामा अनुदान रकम निकासा गर्ने गरिएको छ ।बालबालिकाको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुनु उनीहरुको संविधान प्रदत्त हक पनि हो भने दिगो विकास लक्ष्य नं. ४ र ६ अन्तरगतसबै विद्यालयहरुमा सुरक्षित तवरले ब्यबस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्राबधान हुनु पर्ने गरी सूचकांकहरु पनि तोकिएका छन। तत्कालिन शिक्षा विभागले २०७४ मा तयार गरि २०७६ मा परिमार्जन गरिएको विद्यालयहरुमा विशुद्ध खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरुमा हुनुपर्ने माथि उल्लेख गरिएका सुबिधाहरु साथमा छात्रा छात्रका संख्याको आधारमा अलगअलग शौचालय, हरियाली स्वच्छता वातावरणका साथमा अपांगता तथा फरक क्षमताका सबै बालबालिकाहरुलाई सहज हुने गरी व्यवस्थापन हुनुपर्ने, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन शिक्षकको प्रबन्ध

पनि अनिबार्य हुनुपर्ने छ। सन्च्छता लगायतका माथि उल्लेखित सुविधाहरुमा गुणस्तरीयता दिगोपना विद्यालयहरुमा व्यवस्थापन भएका र भविष्यमा व्यवस्थापन गरीने सबै कार्य विधि २०७४ को पुनरावलोकन गरी तदनुकुलको सँस्थागत व्यवस्थापन आबश्यक देखिन्छ। सबै तहका विद्यालयहरुमा छात्र र छात्राका लागि अलगअलग शौचालय निर्माण गर्ने कार्य विगत केही वर्ष देखि लागु भएको हो र हाल प्राय सबै विद्यालया यो सुविधा उपलब्ध छ। तर पनी विद्यार्थी संख्याको अनुपातमा धेरै विद्यालयमा केही समस्या देखिएको छ भने अधिकांश विद्यालयहरुमा अझै अपांगतामैत्री भएका छैनन। विद्यालयमा महिनावारीको समयमा सुरक्षित तथा सहज रुपमा स्यानीटरी प्याडको वितरण तथा चेन्ज गर्ने अलगअलग कोठाहरु छैनन भने धेरै विद्यालयहरुमा महिनावारी स्वच्छता सम्बन्धि शिक्षा तथा परामर्श दिने गरिएको छैन फेरि सबै विद्यालयहरुमा यस पालिका भित्र वाताबरणीय सरसफाइ हरियाली वाताबरण स्वच्छताको सुविधा प्रदान गर्न सकिएको छैन। दिवा खाजा स्वास्थ्य तथा पोषण सरसफाइ स्वच्छताका लागि मितब्ययी प्रभावकारी दिगोपना पर्याप्त संरचनागत व्यवस्थापनका लागि गाउँपालिका स्वास्थ्य कार्यालय विद्यालयसँग कार्यविधिको व्यवस्था, संघीय कानून तथा पालिकाको कार्यविधि अनुसार विद्यालयमा दक्ष स्वस्थ्य प्राविधिकि व्यवस्थापन, दिवाखाजा स्वास्थ्य तथा पोषण र सरसफाइ स्वच्छता कार्यक्रमका लागि पर्याप्त वित्तिय प्रबन्ध सुनिश्चितता, विद्यालय दिवा खाजाका लागि उपयुक्त स्वरुप, स्थानीय कृषि तथा ब्यपार र पौष्टिक तत्वयुक्त खाजा सुनिश्चित गरी प्रभावकारी अनुगमन र मुल्याङकन गर्न, विद्यालय स्वास्थ्य तथा वातावरणीय लैंगिक, अपांगता तथा समय सापेक्षतामा परिवर्तन तथा थप विकास गरी कार्यान्वियन गर्न नसक्नु जस्ता विविध समस्या र चुनौतीहरु छन्। यस्ता चुनौती तथा समस्याहरुको न्यूनीकरणका लागि स्थानीय उत्पादनको प्रयोग, विद्यालय करेसाबारी, हरित विद्यालय अभियान, स्थानीय स्रोतको परिचालनबाट गर्न सकिने धेरै अवसरहरुपनि रहेका छन्।

### ४.४.२ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवं पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धीमा सुधार गर्नु।
३. विद्यालयमा दिवाखाजा पोषण सरसफाइ स्वच्छता सम्बन्धित कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु

### ४.४.३ रणनीति

- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्म विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने।
- दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा विस्तार गर्ने।
- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामाग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइ सकेका सामान व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्थापन गर्ने।
- विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वस्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व प्रदायक भिटामिन ए तथा आइरन चक्की, फोलिक एसिड वितरण र छात्राका लागि महिनावरी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रसँगको सहकार्यमा नियमित र प्रभावकारी बनाउने

- दिवा खाजाका लागि स्थानीय उत्पादनमा आधारित वस्तुलाई प्राथमिकता दिने ।
- दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरुसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरुको सहभागीता, विकास साझेदारको सहयोगका लागि आवश्यक संयन्त्रको विकास गर्ने ।
- दिवा खाजा लगायत स्वास्थ्य पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याकंन साधन, संयन्त्र र प्रक्रिया प्रभावकारी बनाउने ।
- दिवाखाजा कार्यक्रमलाई क्रमश आधाभूत तह सम्मका सबै बालबालिकाहरुलाई र अभिभावकको सम्लग्नतामा माध्यमिक तह सम्म विस्तार गर्दै लगिने छ विद्यार्थी दिवाखाजा पाउने कुरालाई अधिकारका रुपमा स्थापित गरिनेछ ।
- दिवाखाजा कार्यान्वयन गर्न विद्यालयहरुमा आबश्यक संयन्त्र सहितको सक्षमता विकास तथा एक विद्यालय एक स्वस्थ्यकर्मीको अवधारणा कार्यान्वयन गर्ने ।
- दिवा खाजाको लागि खाद्य सामाग्री आपुर्ति गर्न स्थानीय उत्पादन आधारित आपुर्ति गर्न किसान समूह कृषि सहकारीहरु सँग सहकार्य गर्ने

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सबै विद्यालयमा सबै विद्यार्थीहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागीता हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा तथा कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-५ | १-५ | १-५ | १-५ | १-५ | १-८ |
| ३ | बर्षिक रुपमा नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको संख्या | २० | ४० | ४० | ४० | ४० | ४० | ४० |
| ४ | खानेपानी, व्यवस्थित शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय संख्या | ५ | १५ | २५ | ४० | ४० | ४० | ४० |
| ५ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालय संख्या | १ | ५ | ५ | १० | १० | १० | २० |
| ६ | स्थानीय उत्पादनको प्रयोग गरी दिवा खाजा वितरण गर्ने विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० |
| ७ | हातधुने ठाउँ, साबुन, स्यानेटरी प्याड व्यवस्थापन गर्ने कोठा, छात्र छात्रा अलग अलग शौचालय भएको विद्यालय संख्या | ११ | २० | २० | ३० | ४० | ४० | ४० |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | १० वर्षको लक्ष्य | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामाग्रीको प्रबन्ध | पटक | ० | १ | १ | १ | १ | ५ | ९ | |
| २ | दिवा खाजा कार्यक्रम कार्यावियन सम्बन्धी अभिभमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विद्यार्थी अनुपातमा पानी, साबुन तथा सरसफाई सामाग्री आवश्यक संख्यामा छात्रा, छात्र अलग अलग शौचालय | विद्यालय संख्या | ५ | १० | १५ | ५ | ५ | ४० | ४० | |
| ४ | त्रैमासिक रुपमा खाजा कार्यक्रमको अनुगमन तथा निरीक्षण | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ५ | एक विद्यालय एक फुलबारी वा हरित विद्यालय कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | साप्ताहिक सरसफाइ कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १० |
| ७ | आवधिक रुपमा स्वास्थ्य परीक्षण तथा परामर्श , जुकाको औषधी, सुक्ष्मपोषक तत्व प्रदान | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० |
| ८ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार बक्स व्यबस्थापन | विद्यालय | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० |
| ९ | सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकासमा सहयोग कार्यक्रम | विद्यालय | ५ | १० | १० | १० | ५ | ४० | ४० | ४० |
| १० | छात्राको लागि सेनिटरी प्याड व्यवस्थापन, वितरण तथा अनुगमन | विद्यालय | १४ | १४ | १४ | १४ | १४ | १४ | १४ | १४ |

### ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता

युद्ध, द्वन्द्व, महामारी तथा प्रकोप, बाढी पहिरो, भुकम्प जस्ता विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा सुरक्षित तरीकाले बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायका सिकाइ अवसर निरन्तर हुनु वा गर्नु, त्यस्ता जोखिमका लागि पूर्व तयारी तथा व्यवस्थापनका लागि विकल्पहरुको व्यवस्थापन विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलताभित्र पर्दछ। शिक्षामा संभावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा शिक्षा क्षतिको न्यूनीकरण गरी तत्काल प्रतिकार्य, आपतपछि शिक्षामा हुने क्षतिको पुनस्र्थापना जस्ता कुराहरु यस अन्तर्गत पर्दछ।

### ४.५.१ वर्तमान अवस्था

विद्यालय तथा शिक्षा सुरक्षाको सन्दर्भमा नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत, माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गता भएका बलबालिकाहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा सहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलतालाई जोड दिन आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरी बाल अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ–आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन्। विशेषतः लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड–१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट सिकाइ भई नेपाल सरकारले आ.व. २०७९/८० देखि कार्यान्वयनमा ल्याएको विद्यालय शिक्षा क्षेत्र सुधार योजनाले आपतकालीन अवस्थाका शिक्षण सिकाइको निरन्तरता सम्बन्धी विषयलाई मुख्य अन्तर सम्बन्धित सबालको रुपमा उल्लेख गरी योजनाको लक्ष्यसँग जोडेको छ। यसै योजनाको लक्ष्य अनुसार विविध खालका प्रकोप, विपद् वा महामारीका समयमा शैक्षिक संस्था संचालन र सिकाइ निरन्तताका लागि गर्नुपर्ने र गर्न सकिने विभिन्न औपचारिक वा अनौपचारिक, खुल्ला माध्यमका संभावित सिकाइ क्रियाकलाप संचालन गर्न विद्यालय शिक्षा क्षेत्र योजना कै पुरक कार्यक्रमको रुपमा सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भई आ.व. २०७९/०८० बाट कार्यान्वयनमा ल्याएको छ।

यस गाउँपालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनावद्ध रुपमा शिक्षा प्रदान गरिदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र, २०७७ लाई विद्यालय व्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविदितै छ। यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको

थियो । विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा रहेको छ । विद्यालयमा रहेको स्काउट, जु.रे.स. तथा यु.रे.स., बालक्लव, टिन्सक्लबले पनि विपदप्रति सचेतना जगाउदै आएका छन् । यसका साथै सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदानको समेत प्रभावकारी रुपमा कार्यान्वयन गरिदै आएको छ । तथापि यस गाउँपालिकामा बालमैत्री र विपत् उत्थानशील र सुरक्षित कक्षा कोठाको व्यवस्थापन, वि.स. २०७२ को विनाशकारी भुकम्पको असर न्यून भए पनि बेला बेलामा हुने बाढी पहिरो आदिले गर्दा विद्यालय परिसर भवन जीर्ण अवस्थामा रहेकोले सुरक्षित नभएको, आपतकालिन अवस्थामा शिक्षा अन्तर सम्बन्धित विषयको रुपमा वा छुट्टै विधाको रुपमा सम्बन्धित गर्न, प्राकृतिक प्रकोप र सोको जोखिम, महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउन, अकल्पनिय घटनालाई योजनामा समेट्ने तथा स्रोत व्यवस्थापन गर्न, संकटहरुको वर्गिकरण तथा तत्कालिन तथा दिर्घकालिन योजना वनाउन, उत्थानशीलता बारे योजना तयार गर्न नसक्नु जस्ता यावत समस्या रहेका छन्।

### ४.५.२ उद्देश्य

१) विपद व्यवस्थापन कार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।

२) संभावित विपदको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।

३) आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित गर्नु ।

५) संभावित विपद व्यवस्थापन तथा उत्थानशीलताका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।

### ४.५.३ रणनीति

- विपदको समयमा शिक्षा निरन्तरता गर्न पूर्व तयारी, व्यवस्थापन, प्रतिकार्य र पुर्नस्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने ।
- संभावित प्रकोप तथा विपद सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरुका बारेमा जानकारी गराउने ।
- कोभिड-१९ जस्ता महामारीबाट बच्न पूर्व सावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरुका तयारी गर्ने ।
- शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद वा संकटहरुको पुर्वानुमान तथा त्यसको प्रभावका मुल्यांकन तथा विश्लेषण गर्ने ।
- विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
- विपद्को समयमा शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामाग्रीको प्रबन्ध गर्ने ।
- विपद तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकाय बीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदानको प्रभावकारी कार्यान्वयन गर्न गाउँ शिक्षा समिति, विद्यालय व्यावस्थापन समिति, शिक्षकलाई अभिमुखीकरण गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विपद व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।
२. संभावित विपदको व्यावस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोत व्यवस्थापन भएको हुनेछ।
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाले सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन रक्षा सीप सहित महामारी तथा प्रकोप, विपद जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण संचालन गर्ने विद्यालय संख्या | १० | २० | ३० | ४० | ४० | ४० | ४० |
| २ | हरित विद्यालय संख्या | ० | ५ | ५ | १० | १० | ३० | ४० |
| ३ | जलवायु परिवर्तन, दिगो विकासका निम्ति शिक्षा कार्यक्रम संचालन गर्ने विद्यालय संख्या | ० | १० | १० | १० | १० | ४० | ४० |
| ४ | महामारी, प्रकोप तथा विपद्को समयमा वैकल्पिक विधिको प्रयोग गरी सिकाइ निरन्तर गर्ने विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | १० वर्षको लक्ष्य वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विपद तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण तथा पुनर्निर्माण | पटक | १ | | | | | १ | १ | |
| २ | शिक्षक, वि.स.व्य., स्थानीय तह गाउँ शिक्षा समिति), शिक्षा शाखा ( लाई विपद् व्यवस्थापन सम्बन्धी सक्षतमा विकास कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | विद्यालयहरुमा विपद पुर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | पालिका स्तरीय तथा विद्यालय स्तरीय विपद प्रतिकार्य योजना निर्माण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ६ | पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद कोष कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | वडास्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | पटक | १ | | १ | | १ | ३ | ५ | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सफाइ र पिउनका लागि खानेपानी, शौचालयका लागि शौचालय, बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरीएको छ।

फाकफोकथुम गाउँपालिका हाल कुल विद्यालय ४८ मध्ये ४० सामुदायिक र ८ संस्थागत विद्यालय रहेका छन्। सामुदायिक विद्यालय तर्फ वटा १५९ भवन रहेकोमा १५ वटा पक्की भवन छन्। यसरी हेर्दा विद्यालयमा पक्की संरचना कम देखिन्छ। सामुदायिक विद्यालयमा छात्रा तथा महिला शिक्षक शौचालय भएका विद्यालयहरु ८, छात्र शौचालय ९ वटा छन्। खानेपानीको आफ्नै बाहिरी श्रोत भएका विद्यालय ४१ र अन्य १० वटामा कुनै श्रोत नभएका विद्यालय छन् । यस फाकफोकथुम गाउँपालिकाका १४ विद्यालयमा पुस्तकालय, १४ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, १४ विद्यालयमा कम्प्युटर प्रयोगशाला र ३९वटा विद्यालयमा ईन्टरनेट पुगेको छ । २५ विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन्।

यस गाउँपालिकाको सामुदायिक विद्यालयहरुको भौतिक अवस्था तथा विद्यालयको विवरण देहाय बमोमजिम प्रस्तुत गरिएको छः–

| क्र.स | विद्यालयको नाम | भवन संख्या | | पुस्तकालय | विज्ञान प्रयोग शाला | ICTको व्यवस्था | वास सहितको शौचालय | स्वच्छ पिउने पानी | इन्टरनेट | खेलमैदान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की | अर्ध पक्की | | | | | | | |
| १ | कालिकादेवी आ.वि. फाकफोकथुम-३, आमचोक | ० | २ | ० | ० | ० | ० | १ | १ | १ |
| २ | किरातेश्वर आ.वि. फाकफोकथुम-७, एकतप्पा | ० | ३ | ० | ० | ० | ० | १ | १ | १ |
| ३ | खाम्बाङ्ग मा.वि. फाकफोकथुम-१, खाम्बाङ्ग | १ | ६ | १ | १ | १ | ० | १ | १ | १ |
| ४ | गुरुउदय आ.वि. फाकफोकथुम-७, एकतप्पा | ० | २ | ० | ० | ० | ० | १ | १ | ० |
| ५ | चुहानडाँडा आ.वि. फाकफोकथुम-२, फाकफोक | ० | ३ | ० | ० | ० | १ | १ | १ | १ |
| ६ | छायाँदेवी मा.वि. फाकफोकथुम -१, लुङसुङदाङ, आमचोक | १ | ६ | १ | १ | १ | १ | १ | १ | १ |
| ७ | जन आ.वि. फाकफोकथुम-७, | ० | २ | ० | ० | ० | ० | १ | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | एकतप्पा | | | | | | | | | |
| ८ | जनकल्याण मा.वि. फाकफोकथुम-७, एकतप्पा | २ | २ | १ | १ | १ | १ | १ | १ | १ |
| ९ | जनज्योती आ.वि. फाकफोकथुम-१, पचेवा | ० | १ | ० | ० | ० | ० | १ | ० | १ |
| १० | जनज्योती आ.वि. फाकफोकथुम-४, फुएतप्पा | ० | २ | ० | ० | ० | ० | १ | १ | १ |
| ११ | जनसिद्ध आ.वि. फाकफोकथुम-१, लुङसुङदाङ | ० | १ | ० | ० | ० | ० | १ | १ | १ |
| १२ | जलकन्या आ.वि. फाकफोकथुम-४, फुएतप्पा | ० | ३ | ० | ० | ० | ० | १ | १ | १ |
| १३ | जलकन्या आ.वि. फाकफोकथुम-५, लुम्दे | ० | ५ | १ | ० | १ | १ | १ | १ | १ |
| १४ | जानकी मा.वि. फाकफोकथुम-६, हाङमासुली | १ | ७ | १ | १ | १ | १ | १ | १ | १ |
| १५ | जालपा मा.वि. फाकफोकथुम-५, लुम्दे | ० | ९ | १ | १ | १ | १ | १ | १ | १ |
| १६ | ज्योती आ.वि. फाकफोकथुम-१, ठिंगेपुर | ० | ४ | १ | १ | १ | ० | १ | १ | १ |
| १७ | तिल्पुङ्ग आ.वि. फाकफोकथुम-६, सिमसारा | ० | ३ | ० | ० | ० | ० | १ | १ | १ |
| १८ | थोकफेला आ.वि. फाकफोकथुम-६, एकतप्पा | ० | २ | ० | ० | ० | ० | १ | १ | १ |
| १९ | धार्नेखोप आ.वि. फाकफोकथुम-२, धार्नेखोप | ० | २ | १ | ० | १ | ० | १ | १ | १ |
| २० | पञ्चकन्या आ.वि. फाकफोकथुम-६, एकतप्पा | ० | २ | ० | ० | ० | ० | १ | १ | १ |
| २१ | फलाँटे मा.वि. फाकफोकथुम-६, फलाँटे | ० | ७ | १ | १ | १ | १ | १ | १ | १ |
| २२ | फाकफोक आ.वि. फाकफोकथुम-१, फाकफोक | ० | २ | ० | ० | ० | ० | १ | ० | १ |
| २३ | मदनज्योती आ.वि. फाकफोकथुम-७, एकतप्पा | ० | १ | ० | ० | ० | ० | १ | १ | ० |
| २४ | मनोकामना आ.वि. फाकफोकथुम-६, मेतालुङ | ० | २ | ० | ० | ० | ० | १ | १ | १ |
| २५ | मालिकादेवी आ.वि. फाकफोकथुम-३, आमचोक | ० | ३ | ० | ० | ० | ० | १ | १ | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २६ | मित्तोक आ.वि. फाकफोकथुम-७, एकतप्पा | ० | २ | ० | ० | ० | ० | १ | १ | १ |
| २७ | राष्ट्रिय मा.वि. फाकफोकथुम-२, कोल्बोटे | १ | ९ | १ | १ | १ | १ | १ | १ | १ |
| २८ | लक्ष्मीदेवी आ.वि. फाकफोकथुम-३, आमचोक | ० | ३ | ० | ० | ० | ० | १ | १ | १ |
| २९ | विजय आ.वि. फाकफोकथुम-१, दशमी | १ | ३ | १ | १ | १ | ० | १ | १ | १ |
| ३० | बिष्णु मा.वि. फाकफोकथुम-४, फुएतप्पा | १ | ४ | १ | १ | १ | १ | १ | १ | १ |
| ३१ | सरस्वती आ.वि. फाकफोकथुम-४, फुएतप्पा | ० | ३ | ० | ० | ० | ० | १ | १ | १ |
| ३२ | सरस्वतीभञ्ज्या आ.वि. फाकफोकथुम-५, लुम्दे | ० | २ | ० | ० | ० | ० | १ | १ | १ |
| ३३ | सल्लेरी आ.वि. फाकफोकथुम-३, आमचोक | ० | ४ | ० | ० | ० | १ | १ | १ | १ |
| ३४ | सिंहदेवी आ.वि. फाकफोकथुम-३, फुएतप्पा | ० | ३ | ० | ० | ० | ० | १ | १ | १ |
| ३५ | सिंहदेवी आ.वि. फाकफोकथुम-५, लुम्दे | ० | ४ | १ | १ | १ | ० | १ | १ | १ |
| ३६ | सिंहदेवी मा.वि. फाकफोकथुम-३, आमचोक | ३ | ५ | १ | १ | १ | १ | १ | १ | १ |
| ३७ | सिंहदेवी मा.वि. फाकफोकथुम-४, नेवारगाउँ | ० | ७ | १ | १ | १ | १ | १ | १ | १ |
| ३८ | सिंहदेवी मा.वि. फाकफोकथुम-७, एकतप्पा | ३ | ४ | १ | १ | १ | १ | १ | १ | १ |
| ३९ | सिद्ध आ.वि. फाकफोकथुम-४, फुएतप्पा | ० | ४ | १ | ० | ० | ० | १ | १ | १ |
| ४० | सिद्धज्योती आ.वि. फाकफोकथुम-१, चित्रे, आमचोक | ० | २ | ० | ० | ० | ० | १ | १ | १ |
| ४१ | सुभद्रा आ.वि. फाकफोकथुम-२, साप्तीन | ० | ३ | ० | ० | १ | ० | १ | १ | १ |
| ४२ | साङ्गेच्योम्दान्दे छयोइलिङ्ग गुम्बा शिक्षा, फाकफोकथुम-१ | ० | २ | ० | ० | ० | १ | १ | १ | १ |

(स्रोतः-गा पा शिक्षा प्रोफाइल २०८१)

माथिको तथ्याङकले विद्यालयहरु अझ पनि भौतिक रुपमा पूर्ण मजबुद नरहेको प्रष्ट हुन्छ । गाउँपालिकाले विद्यालयको भौतिक व्यवस्थापनका न्युनमात्रामा बजेट विनियोजन गरेको पाइन्छ भने संघिय सरकारबाट प्राप्त शसर्त अनुदान अन्तर्गतको भौतिक पूर्वाधार अनुदान पनि ज्यादै कम आउने गर्दछ । यसले गर्दा विद्यालयको भौतिक व्यवस्थापन अझ पनि राम्रो हुन नसकिरहेको अबस्था छ ।

विद्यालय भौतिक पूर्वाधारको विकास र विस्तारमा पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवं जवाफदेही बनाउनु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास गर्नु, पूर्वाधारहरुलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु अझै पनि चुनौतीपूर्ण रहेको अवस्था छ ।

**४.६.२ उद्देश्यः**

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुनिश्चित विद्यालय पूर्वाधार विकास गर्नु ।
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत संभार तथा सबलीकरण गर्नु ।
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन जलवायु स्मार्ट भौतिक संरचना बनाउन परामर्श गर्नु ।
४. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।

**४.६.३ रणनीति**

१. भौतिक पूर्वाधार विकासका लागि संचालित विद्यालयको तह, विद्यार्थी संख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
३. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागीतामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकता अनुसार सवलीकरण तथा पुनर्निर्माण एवं मर्मत संभार गर्ने ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकार बीच समन्वय कायम गरी एकदार प्रणाली अपनाउने
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवं गैर सरकारी तथा समुदायमा आधारित संघसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने ।
८. प्रकोपको जोखिममा परेका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गर्ने ।
९. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गर्ने ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- गाउँपालिका भरिका सबै विद्यालयमा पर्याप्त, सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको संरचना निर्माण भएको हुनेछ ।
- सबै विद्यालयको घेराबारा सहित प्रवेश गेट निर्माण भएको र विद्यालयका भौतिक पुर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा लैङिगक मैत्री निर्माण भएको हुनेछ ।

**नतिजा तथा परिमाणत्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | भुकम्प प्रतिरोधात्मक विद्यालय भवन संख्या | १५ | ३० | ५० | ७० | ९० | १०० | १२० | |
| २ | मापदण्ड पुरा गरी नयाँ निर्माण भएका भवन, कक्षा कोठा | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | |
| ३ | बाढी पहिरो लगायतका जोखिम न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय संख्या | ४ | २ | २ | ० | ० | ० | ० | |

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८२ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | भुकम्प प्रतिरोधी विद्यालय संख्या | संख्या | १५ | १७ | २० | ३० | ४० | ४० | ४० | |
| ४ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | पटक | १ | ० | ० | ० | ० | १ | २ | |
| ५ | नयाँ निर्माण तथा मर्मत संभार गर्नुपर्ने भौतिक संरचना (कक्षा कोठा, भवन, शैचालय, घेराबारा, खानेपानी, छात्राबास) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय संख्या | संख्या | ४ | २ | २ | ० | ० | ० | ४ | |
| ७ | निरन्तर प्राविधिक तथा जनप्रतिनिधिहरुबाट अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | हामी बनाउछौं, हाम्रो विद्यालय कार्यक्रम सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैचा हरियाली कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |

### ४.७ विद्यालयमा सुचना तथा सञ्चार प्रविधि

#### ४.७.१ वर्तमान अवस्था

सूचना तथा सञ्चार प्रविधि समाजका विविध आयामहरूमा अपरिहार्य भए जस्तै शिक्षा क्षेत्रमा समेत अपरिहार्य बनी सकेको छ। शिक्षा क्षेत्रमा सूचना तथा प्रविधीको प्रयोगलाई नियाल्ने हो भने यसको प्रयोग शिक्षा क्षेत्रको व्यवस्थापकीय पक्षमा र शिक्षण सिकाइको दुवै पक्षमा भइ रहेको छ। शिक्षण सिकाइको पक्षबाट हेर्दा सूचना तथा संचार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीहरूलाई अभिप्रेरित गर्न तथा विद्यार्थीहरूले स्वअध्ययनका लागि प्रयोग भएको पाउन सकिन्छ। व्यवस्थापकीय र प्रशासनिक पक्षबाट हेर्दा तथ्याङ्क व्यवस्थापन गर्न, अनुगमन र मूल्याङ्न गर्न, तालिम, सेमिनार तथा सम्मेलन आयोजना गर्न तथा शैक्षिक सुशासन कायम गर्नको लागि सूचना तथा सञ्चार प्रविधिलाई प्रयोग गरिएको छ।

कोभिड–१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ। विभिन्न प्रकारका विपद र महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअलमाध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ।

नेपाल सरकारले २०७७ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति उल्लेख गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटि पुर्याउने, तालिम शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ। यसै गरी उक्त नीति तथा कार्यक्रममा समावेश भएको सूचना तथा सञ्चार सम्बन्धी नीति अनुसार सामाजिक सञ्जाल र अनलाइन मिडयालाई आम जनताको सिर्जनशीलता अभिवृद्धि र विद्यार्थीहरूका लागि सिकाइ माध्यमको रूपमा सदुपयोग गरीने कुरा उल्लेख गरिएको छ।तथ्याङ्क गतरूपमा हेर्दा फाकफोकथुम गाउँपालिकामा रहेका ४० वटा सामुदायिक विद्यालयहरू मध्ये २६ वटा विद्यालयमा कम्प्युटर जडान भएको छ। यसै गरी ३७ वटा सामुदायिक विद्यालयमा इन्टरनेट जडान गरीएको छ। सामुदायिक जम्मा १४ विद्यालयहरुमा कम्प्युटर ल्याव रहेको छ। यसका अलवा सामुदायिक माध्यमिक विद्यालयहरूलाई इन्टरनेट जडान वापतको शुल्क संघीय सशर्त अनुदानबाट प्रदान गर्ने गरिएको छ।

यस प्रकारका राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा यस गाउँपालिकामा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि अन्गर्तत सूचना तथा सञ्चार प्रविधि सम्वन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटि लगायतका प्राविधिक पुर्वाधारको पहुँच सबै विद्यालयमा पुर्याउने, सूचना तथा सञ्चार प्रविधि सम्वन्धी उपकरणको व्यवस्थापन, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न, अपांगता भएका व्यक्तिका लागि उपयुक्त हुने गरी सामग्री विकास र प्रयोग गर्न, सबै प्रयोगकर्तालाई सहज हुनेगरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न, इन्टरनेट सेवा प्रदायक संस्था र पालिका विचमा समन्यव स्थापना गर्न जस्ता समस्या रहेका छन्।

#### ४.७.२ उद्देश्य

१. सबै विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको पहुँच पुर्याउनु।
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र समय सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।

#### ४.७.३ रणनीति

१. सबै विद्यालयमा सुचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने।
२. सुचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा शिक्षकको सक्षमता अभिवृद्धि गर्ने।
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामाग्रीको प्रयोग गर्ने।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने।
५. शैक्षिक स्रोत सामाग्रीमा इन्टरनेटको सुविधा मार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने।
६. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ सम्बन्धी सक्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी श्रव्य तथा दृष्य सामाग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने।
७. सबै विद्यालयहको अध्यावधि भएका तथ्यांक IEMIS बाट नै संकलन गर्न सक्ने व्यवस्था गर्ने।
८. कम्प्युटर प्रयोगशाला रहेका विद्यालयहरूमा ई–पुस्तकालय सञ्चालन गर्ने।

#### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगबाट सिकाइमा सहजीकरण भएको हुनेछ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार आएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालय संख्या | ३७ | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय संख्या | २ | १० | १५ | २० | २५ | ३० | ४० | ४० |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामाग्री प्रयोग गर्ने विद्यालय संख्या | १ | १० | २० | २५ | ३० | ३५ | ४० | ४० |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय संख्या | ४ | १० | २० | २५ | ३० | ३५ | ४० | ४० |
| ५ | विद्युतको पहुँच पुगेको विद्यालय संख्या | ३८ | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० |
| ६ | सबै तथ्यांक पुरा गरी IEMIS प्रणाली अध्यावधिक रुपमा रहेको विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | विद्यालयमा सोलारको व्यवस्था | विद्यालय | १५ | ५ | ५ | १० | ५ | ४० | | |
| २ | एक विद्यालय सूचना प्रविधिको न्युनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट) कार्यक्रम | संख्या | ४० | | | | | ४० | | |
| ३ | विद्यालयमा ICT संरचना विस्तार गरी इलाइब्रेरी स्थापना | संख्या | १ | २० | ५ | ६ | ९ | ४० | | |
| ४ | सूचना प्रविधिसँग सम्बन्धित सक्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | सूचना प्रविधिको प्रयोग बारे वार्षिक रुपमा स्थलगत अनुगमन तथा रुजू | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकासको क्लस्टर स्तरीय जनशक्तिको पहिचान, सक्षमता विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | सबै विद्यालयहरुको EMIS विद्यालय आफैले अध्यावधिक तथा प्रयोग | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

# परिच्छेद ५: अन्य उपक्षेत्र

## ५.१ उच्च शिक्षा

### ५.१.१ वर्तमान अवस्था

विद्यालय शिक्षा (प्रारम्भिक बालविकास देखि कक्षा १२ सम्म) प्राप्ति पछिको विद्या वारिधी सम्मको तहलाई सामान्यतया उच्च शिक्षाका रुपमा लिने गरिएको छ। उच्च शिक्षाले व्यक्तिको सर्वागिण विकास गरी समाज र राष्ट्रलाई समुन्नत र समृद्ध बनाउन महत्वपूर्ण भुमिका खेल्दछ । नेपालको संविधान २०७२ ले शिक्षालाई व्यक्तिको मौलिक हकको रुपमा व्यवस्था गरी माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क हुने व्यवस्था गरेको छ। शिक्षासँग सम्बन्धित २३ अधिकार स्थानीय तहलाई र  उच्च शिक्षा प्रदेश सरकारको अधिकार अन्गर्गत सूचीकृत भएता पनि समग्र शिक्षाको व्यवस्था र अधिकार  तीन तहकै सरकारको साझा विषयको रुपमा रहेको छ। संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा उच्च शिक्षामा पहुँच र गुणस्तरीय शिक्षाको व्यवस्थापकीय प्रबन्धको व्यवस्था हुनेछ। नीतिगत व्यवस्थाको पालना गर्दै यस फाकफोकथुम गाउँपालिकामा १ बहुमुखी उच्च शिक्षालय संचालनमा रहेको छ। यस शिक्षालयमा हाल जम्मा ७२ विद्यार्थीहरुले शिक्षा संकायका विषयहरु अध्यापन भइरहेको छ। यसका साथै उच्च शिक्षालाई जोड दिदैं यस गाउँपालिकाले स्थानीय बासी जो कोही चिकित्सक अध्ययनका गर्ने विद्यार्थीका लागि छात्रावृत्ति सहयोगको व्यवस्था गरेको छ ।  यस पालिकामा एक वटा मात्र उच्च शिक्षालय संचालनमा रहेको र आर्थिक, सामाजिक, भौगोलिक बनावटको कारण यस तहको शिक्षामा सबैको पहुँच पुग्न नसक्नु, भौतिक तथा शैक्षिक विकास गर्न, विषयगत र पेशागत हिसाबले विज्ञ प्राध्यापकको न्यूनता, अपर्याप्त आर्थिक व्यवस्थापन, विद्यार्थीको अध्ययन छोड्ने दर, शहरमुखी शिक्षा तथा अध्ययन प्रवृत्ति यस तहको शिक्षासँग सम्बन्धित समस्या रहेका छन्। CHERD Flash Report  2080 अनुसार यस गाउँपालिकाको ११-१२ कक्षाको उत्तीर्ण दर ८८.३ प्रतिशत रहेको भएता पनि उत्तीर्ण भएका अनुपातमा उच्च शिक्षा भर्नादर न्यून रहेको छ।

### ५.१.२ उद्देश्य

१) उच्च शिक्षामा कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुको समतामुलक पहुँच र सहभागीता सुनिश्चित गर्नु।
२) स्नातक तह पुरा गरेको सबै विद्यार्थीहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल भएको सुनिश्चित गर्नु।
३) शिक्षालयको भौतिक तथा वातावरणीय परिवेश सुरक्षित र समावेशी बनाउनु।

### ५.१.३ रणनीति

१) स्थानीय तहले सबै तहका सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी आवश्यक स्रोतको व्यवस्थापन गर्ने।
२) मापदण्ड अनुसार स्थानीय तहले उच्च शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था गर्ने।
३) न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न आवधिक रुपमा सिकाइ मूल्यांकन गर्ने संयन्त्रको विकास गर्ने।
४) शिक्षालयको भौतिक पूर्वाधार व्यवस्थापन र विकासका लागि संघ, प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा जोड दिने।
५) प्राविधिक धारका विषयहरुलाई जोड दिदै उच्च शिक्षाका लागि सम्बन्धित विश्वविद्यालयहरुसँग समन्वय गर्ने।

### ५.१.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. शिक्षालयको भौतिक तथा शैक्षिक वातावरण समावेशी र सुरक्षित भई उच्च शिक्षामा कक्षा १२ उत्तीर्ण सबै विद्यार्थीहरुको समतामुलक पहुँच सुनिश्चित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | उच्च शिक्षामा भर्ना भएका विद्यार्थी संख्या | १८७ | २०० | २५० | ३०० | ३५० | ४०० | ४५० | ९०० |
| २ | कक्षा १२ उत्तीर्ण विद्यार्थी संख्या | १०० | १५० | २०० | २५० | ३०० | ३५० | ४५० | ९०० |

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पालिका स्तरीय शैक्षिक सहयोग कार्यक्रम विकास र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | उच्च तहको शिक्षामा छात्रवृत्तिको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुलाई उच्च शिक्षा सम्बन्धी परामर्श कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | उच्च शिक्षा तथा प्राविधिक धारको अध्ययनको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

**५.२ मातृभाषा शिक्षाः**

**५.२.१ वर्तमान अवस्था**

यस गाउँपालिकाले समग्र विद्यालय शिक्षालाई व्यवस्थित गर्नका लागि आवधिक रुपमा गाउँ शिक्षा योजना निर्माण गरेर सोही अनुरुप शैक्षिक योजना निर्माण गरेर कार्यान्वयन गर्दै आएको छ । शिक्षा ऐन तथा नियमावली जारी गरेर कार्यान्वयनमा आइसकेको छ । दरबन्दी कम भई शिक्षक अभाव भएका विद्यालयहरुलाई गाउँपालिकाको आन्तरिक स्रोतबाट शैक्षिक सहायता अनुदान वितरण हुदै आएको छ । मातृभाषा शिक्षा व्यवस्थापनलाई प्राथमिकतामा राखेर १० वटा विद्यालयमा मातृभाषा शिक्षक दरबन्दीको व्यवस्था गर्ने योजना फाकफोकथुम गाउँपालिकाले अध्ययन गरिसकेको छ । गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुले प्रत्येक वर्ष १ वर्षे विद्यालय सुधार योजना निर्माण गरि त्यसै अनुरुप शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् ।

**५.२.२ उद्देश्य**

१. बालबालिकाहरुलाई  सिकाइका लागि भाषागत ररुपमा सहज वातावरण सृजना गरी सिक्ने वातावरणको सुनिश्चित गर्नु ।
२. स्थानीय भाषाको संरक्षण तथा सम्वर्द्धन गर्नु ।

**५.२.३ रणनीति**

- मातृभाषा शिक्षा संचालनका उपयुक्त वातावरण सृजना गर्ने ।
- मातृभाषा शिक्षाका लागि संघ, प्रदेश तथा अन्य संघ संस्थाहरुसँग समन्वय र सहकार्य बढाउने ।
- स्थानीय तहको लगानीलाई निरन्तरताका लागि नीति तथा कार्यविधि निर्माण र कार्यान्वयन गर्ने ।

**५.२. ४ प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धी**

बालबालिकाहरुले मातृभाषा शिक्षाको माध्यमबाट पठन, लेखन तथा सिकाइमा अपेक्षित ज्ञान हासिल गरी सिकाइ उपलब्धी दरमा वृद्धि भएको हुनेछ

# परिच्छेद ६:  सुशासन तथा व्यवस्थापन

प्रशासनलाई स्वच्छ, भेदभावरहित, पारदर्शी, भष्ट्रचारमुक्त, जनउत्तरदायी, जवाफदेही एवं सहभागीतामुलक बनाउदै गुणस्तरीय शिक्षामा सबैको समान र सहज पहुँच र सहभागीता सुनिश्चित गर्नु नै विद्यालय सुशासन भित्र पर्दछ । यसमा संरचना तथा प्रतिक्रिया दुबै प्रर्दछन् । विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापुर्वक कार्यन्वयन गरी बालबालिकाको सहभागीता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भुमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन् । यस्ता संरचना तथा कार्यप्रक्रियाहरुले सहभागीता तथा सहमतिमा निर्णय लिनु तथा निर्णय कार्यन्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा  कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेहि भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभुति गर्नु पर्दछ । शिक्षामा तिनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरुको भुमिका रहने भएकोले भुमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सुचि सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था

व्यवस्थापन निर्दिष्ट उद्देश्य परिपूर्तिका लागि उपलब्ध स्रोत साधनको कुशलतापूर्वक परिचालन गर्ने कला हो । शैक्षिक व्यवस्थापन भित्र भौतिक, आर्थिक तथा मानवीय स्रोत साधनको कुशलतापूर्वक परिचालन गर्ने प्रक्रिया अन्तर्गत पर्दछ । व्यवस्थापनका लागि विभिन्न संरचना तथा संयन्त्रहरु प्रयोग हुन्छ । शिक्षा क्षेत्रलाई व्यवस्थापन गर्ने  संरचना हेर्दा संघ अन्तरगत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाई त्यसैगरी प्रदेश अन्तर्गत, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा सामाजिक विकास समिति अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ ।

यस फाकफोकथुम गाउँपालिकाको सन्दर्भमा गाउँ शिक्षा समिति, शिक्षकहरुको विषयगत समिति, शिक्षकको पेशागत सहयोगका लागि विज्ञ समुह र शिक्षा शाखामा ३ कर्मचारी (शिक्षा शाखा प्रमुख, प्राविधिक सहायक र कम्पूटर शिक्षा साहायक) रही दैनिक क्रियाकलाप संचालन गरिदै आएको छ । यस गाउँपालिकामा ४० वटा सामुदायिक विद्यालय ८ वटा संस्थागत विद्यालय साथै ५१ वटा विद्यालयमा आधारित बालविकास केन्द्र, ४ वटा गाउँपालिकाले सिर्जना गरेको बालविकास केन्द्र र ४ वटा सामुदायिक सिकाइ केन्द्र  रहेका छन् । प्रत्येक बाल विकास केन्द्र र विद्यालयहरूमा व्यवस्थापन समिति र  शिक्षक अभिभावक संघको व्यवस्था छ । शिक्षाको तहलाई विद्यालय र उच्च शिक्षा गरी दुई तहमा बाँडिएको छ ।

यस गाउँपालिकाले शिक्षालाई विषयगत उपक्षेत्र अन्तर्गत शिक्षालाई समेटी वार्षिक नीति तथा कार्यक्रममा नियमित रुपमा कार्यक्रम तथा बजेट सहित सम्बोधन गरेको छ  भने यसका अलावा गाउँको आवधिक योजना, वार्षिक शैक्षिक स्थिति प्रतिवेदन, शैक्षिक क्यालेण्डरको प्रकाशन, गाउँ शिक्षा समिति, शिक्षक, प्र.अ. को नियमित बैठक, वार्षिक सामाजिक लेखा परीक्षण, आर्थिक लेखा परीक्षण मार्फत पनि शैक्षिक गतिविधिहरुको अध्यावधिक तथा पारदर्शिता कायम गर्दै आएको छ । तथापि स्थानीय शिक्षक सहायता पद्धति विकास गर्न , शिक्षकको सक्षमता विकास र विस्तार

गर्न , स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न, संघ, प्रदेस र स्थानीय तह विच समन्वय र सहकार्य सुदृढ गर्न, समयसीमाभित्र आवश्यक प्रकाशन गर्न तथा योजना निर्माण गर्न, ऐन, कार्यविधि निर्माण, दरबन्दी अनुसारको शिक्षक व्यवस्थापन गर्न, गुनासो सुनुवाईको संयन्त्र विकास गर्न नसक्नु जस्ता समस्याहरु भोग्दै आएको छ।

**६.१.२ उद्देश्य**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यावस्थापन गर्नु।
२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु।
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गरी न्यायोचित र समुचित वितरण गर्नु।
४. समृद्ध फाकफोकथुम निर्माणका लागि उत्तरदायी, जवाफदेही, सेवामुखी र जनहितकारी संयन्त्र निर्माण गर्नु।

**६.१.३ रणनीति**

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने।
- संस्थागत संरचना अनुसार जनशक्ति व्यवस्थापन गरी सक्षमता विकास गर्ने।
- स्थानीय तहमा शिक्षकको पेशागत सहयोग प्रणाली स्थापना गर्ने।
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा समिति, शिक्षक अभिभावक संघ , शिक्षक, गाउँ शिक्षा समितिको सक्षमता विकास गर्ने।
- शिक्षा सेवा सम्बन्धी कार्यसम्पादन प्रति उत्तरदायी तथा नतिजा प्रति जवाफदेही सहितको विद्यालय शिक्षाको सुशासनमा अभिवृद्धि गर्ने।

**६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**
**उपलब्धी**

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ।
- संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।
- आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तहमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रसख्या.अ. | १ | २ | ४ | ७ | ९ | १० | ११ | |
| २ | आधारभूत तहमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रसख्या .अ. | ३० | ५० | ६० | ७० | ८० | १२० | १५३ | |
| ३ | समय सीमा भित्र नै लेखा परीक्षण र सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय संख्या | २० | २५ | ३० | ३५ | ४० | ४० | ४० | |
| ४ | क्रियाशील विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ भएका विद्यालय संख्या | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | |
| ५ | प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रतथा प्राचार्य .अ. नियुक्त गर्ने विद्यालय संख्या | १ | १० | २० | २५ | ३० | ३५ | ४० | |
| ६ | तालिम प्राप्त शिक्षकको रोष्टर अभिलेख | ४ | ८ | १२ | १६ | २० | २० | २० | |
| ७ | EMIS को अध्यावधिक अवस्था | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० |

**६.१.५ प्रमुख क्रियाकलाप र परिमाणमात्मक लक्ष्य**

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | संस्थागत संरचना निर्माण तथा सक्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | प्रतिवेदन तथा तथ्यांक प्रणालीको सुदृढिकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | शिक्षक तथा प्र लाई .अ.कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | विद्यालय कार्यसम्पादन एवं स्वमूल्यांकन गर्ने गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | बालक्लव, जुरेस गठन, आमा समुह गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| | तथा सक्षमता विकास तालिम संचालन | | | | | | | | | |
| ७ | सबै विद्यालयमा गुनासो सुन्ने अधिकारी र गुनासो पेटिकाको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | सबै विद्यालयमा सुचना अधिकारीको व्यवस्थापन | पटक | ० | ५ | २० | २५ | ३० | ३५ | **४०** | |
| ९ | समयसमि भित्र सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | सबै विद्यालयहरुले सम्पादन गरेको कार्यलाई मासिक रुपमा सार्वजनिक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विकास | पटक | ० | १० | २० | ३० | ४० | ४० | ४० | |
| १२ | विद्यालयको सार्वजनिक जग्गा जमिनको दिगो उपयोग गर्ने कार्यविधि निर्माण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | गाउँ शिक्षा समिति, प्रको नियमित बैठक .अ. | पटक | ५ | ६ | ६ | ७ | ८ | १० | २० | |

### ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

#### ६.२.१ वर्तमान अवस्था

स्थानीय तहको शिक्षा योजना एक रणनीतिक दस्तावेज हो जसले विशेष भौगोलिक क्षेत्रका लागि शैक्षिक लक्ष्य, प्राथमिकता र रणनीतिहरु तोकी समुदायमा शिक्षा क्षेत्रमा विद्यमान आवश्यकताहरु सम्बोधन गर्नका लागि तयार पारिएको हुन्छ । स्थानीय शिक्षा योजनाको कार्यान्वयनका लागि वित्तीय, मानवीय र भौतिक स्रोत बाँडफाँड गरी कार्यान्वयनमा ल्याउनु पर्दछ। यसैगरी योजना कार्यान्वयन प्रक्रियामा शिक्षाविद्, समुदायका मानिसहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधि तथा सरोकारवाला निकाय तथा व्यक्तिहरुको संलग्नता र सहभागीतामा सुनिश्चित गर्नुपर्दछ। योजना कार्यान्वयन समयसीमा निर्धारण, अनुगमन तथा मूल्यांकन संयन्त्रको स्थापना, समन्वय प्रक्रियाहरु पहिचान गरी शिक्षासँग सम्बन्धित सरोकारवालाहरुको भूमिका र जिम्मेवारी निश्चित गर्न सकेमा स्थानीय शिक्षा योजना कार्यान्वयन प्रभावकारी हुन्छ। संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्रदेश सामाजिक विकास मन्त्रालयसँग उचित समन्वय र सहकार्य मार्फत स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध मिलाउने मुख्य दायित्व स्थानीय पालिकाको रहन्छ । यस स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, योजना अनुरुप कार्य संचालनका लागि बजेट व्यवस्थापन र परिचालन, जनशक्ति व्यवस्थापन र परिचालन र दैनिक सुपरीवेक्षण जस्ता प्रमुख काम गाउँपालिकाले गर्नुपर्दछ।

यस फाकफोकथुम गाउँपालिकाले शिक्षासँग सम्बन्धित कुनै ऐन वा कार्यविधिको व्यवस्था गर्न नसकेको भएता पनि गाउँपालिकाको ५ वर्षे आवधिक योजनामा शिक्षालाई विषयगत उपक्षेत्रमा राखी वार्षिक नीति तथा कार्यक्रममा

शिक्षासँग सम्बन्धित योजना तथा क्रियाकलाप र बजेट व्यवस्थापन गर्दै आएको छ। यसका साथसाथै गाउँपालिकाले सशर्त अनुदान अन्तर्गतका वित्तिय हस्तान्तरण कार्यक्रमहरु कार्यान्वयन गर्ने अभ्यास छ तर गाउंपालिकाको शिक्षा क्षेत्र योजनासँग एकीकृत गरी कार्यान्वयन गर्ने अभ्यास न्यून छ।

यस गाउँपालिकामा ३ जनशक्ति सहित शिक्षा शाखा इकाई, गाउँ शिक्षा समिति, ४८ विद्यालय (सामुदायिक र संस्थागत) परिवार, वि.व्य.स., शिक्षक अभिभावक संघका पदाधिकारी तथा प्रतिनिधिहरु गाउँपालिकाभित्रका सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच र सहभागीताका लागि संघर्षरत छन्। तथापि गाउँपालिकाको शिक्षा ऐन, कार्यविधि, छुट्टै योजना नभएको र भएको र तयार गरिएका तत्कालीन योजनाहरु पनि कार्यान्वयनमा समस्या हुनु, शिक्षकहरुको नैराश्यता, विद्यालय व्यवस्थापन समितिको मापदण्ड अनुसार गठन तथा पुर्नगठन नहुनु, विद्यालय नक्शांकन प्रभावकारी रुपमा नहुनु, वडा शिक्षा समिति गठन पुर्नगठन तथा परिचालन नहुनु, विद्यार्थी शिक्षक अनुपात नमिल्नु, अभिभावक सामुदायिक विद्यालयप्रति नकरात्मक हुनु र सहयोग कम हुनु, जनप्रतिनिधि तथा स्थानीय सरकारबाट समय समयमा अनुगमन र पृष्ठपोषण संयन्त्र नहुनु, भएका भौतिक संरचनाहरु बालमैत्री, अपांगतामैत्री र लैंगिकमैत्री नहुनु जस्ता चुनौती र कठिनाईहरु स्थानीय शिक्षा योजना कार्यान्वयनमा अनुभव गरिएका सबालहरु हुन्। यस्तै गरी प्राविधिकधारको शिक्षामा कोटा अनुसार विद्यार्थी भर्ना हुन नसक्नु, योग्य प्रशिक्षकको अभाव हुनु, पाठ्यक्रमले तोके अनुसार प्रयोगात्मक सामाग्रीको अभाव, निःशुल्क पाठ्यपुस्तकको अभाव, प्रशिक्षकलाई शैक्षिक तथा प्राविधिक तालिमको व्यवस्था नहुनु पनि स्थानीय शिक्षा योजना कार्यान्वयनका समस्या रहेका छन्।

**६.२.२ उद्देश्य**

- ❖ स्थानीय शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।

**६.२.३ रणनीति**

- ❖ संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र स्थानीय तहको आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
- ❖ योजना तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि, ऐन तथा निर्देशिका तयार गर्ने।
- ❖ कार्यक्रम तथा योजना कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चितताका साथ समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
- ❖ एकीकृत शैक्षिक सुचना प्रणाली व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधार गर्ने।
- ❖ विद्यालय व्यवस्थापन समिति र शिक्षक अविधावक संघ गठन तथा अध्यावधिक गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना र कार्यान्वयनमा सहजीकरण गर्ने।
- ❖ नियमित रुपमा विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक र कार्यान्वयन गर्न लगाउने।
- ❖ विद्यालय व्यवस्थापनलाई शसक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्र.अ. लाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
- ❖ वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा विताउने समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने।
- ❖ अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला, बैठक आयेजान गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

❖ सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समुहका सिकारुका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सीप विकासका कार्यक्रम संचालन गर्दै आजीवन सिकाइ केन्द्रका रुपमा समेत कार्य गर्ने ।

❖ शिक्षा योजना र यस अन्तर्गतका रणनीति, क्रियाकलाप बारे शिक्षा समिति, प्र.अ. , वि.व्य.स. तथा शि.अ.सं समेत लाई जानकारी गराउने ।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

➢ शिक्षा योजनाको प्रभावकारी रुपमा कार्यान्वयनको सुनिश्चित भई नतिजाहरु उल्लेखनीय रुपमा सार्वजनिक भएको हुनेछ ।

➢ शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | आधार वर्ष २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| १ | योजना कार्यान्वयनको लेखाजोखा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | मध्याविध लेखजोखा | निरन्तर |
| २ | शिक्षा क्षेत्रको वार्षिक योजना विवरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| ३ | वार्षिक शैक्षिक स्थिति प्रतिवेदन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | लक्ष्य १० वर्ष | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | योजनाको आधारमा वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | योजनाको आधारमा विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरणका लागि प्राविधिक सहायता | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ४ | शिक्षा योजना बारे अन्तरक्रिया तथा समीक्षा कार्यक्रम | पटक | १ | ० | ० | १ | ० | २ | ४ | |
| ५ | शिक्षा योजनाको मध्यावधिक समीक्षा तथा अध्यावधिक कार्यक्रम | पटक | ० | ० | ० | ० | १ | १ | १ | |
| ६ | योजनाको प्रभावकारी कार्यान्वयनका लागि इकपी पालिकाको वेभसाइडमा राख्ने | पटक | १ | ० | ० | ० | ० | १ | १ | |

# परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

## ७.१ वर्तमान अवस्था

सबै नागरिकलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रवधान रहेकोछ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुल्ला शिक्षा ,विशेष शिक्षा,दूर शिक्षा , सामुदायिक सिकाइकेन्द्रहरू अतिरिक्त औपचारिक संरचना बाहिरका ट्युसन कोचिङ सेन्टरहरूको नीति योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ वटा अधिकारको विस्तृतिकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संरचनाहरूलाई अनुदान उपलब्ध गराउने ,लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकाले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढंगले व्यवस्थापन गर्नुपर्नेछ ।शिक्षा विकासको पूर्वाधारहरूको पनि पूर्वधारका रूपमा लिइन्छ शिक्षाको समय सापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गर्नुपर्ने भनिएतापनि यो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सो बमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रशय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ संविधानमा शिक्षालाई लगानी मैत्री बनाउने र लगानी बढाउँदै लैजाने नीति उल्लेख गरिएको छ ।कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालनको लागि बजेट हुनु, संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु संघ प्रदेश र स्थानीय तहको एकल अधिकारका रूपमा समेत स्पष्ट गरिनु नै शिक्षामा लगानीको अवसर हुन् ।

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजित गर्ने विश्वव्यापी प्रतिबद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । यसर्थ अनुदानको रूपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५% भन्दा बढी रकम शिक्षक तलब भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवा खाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यहरू कार्यक्रमहरू केन्द्रित रहने छन् । गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनको मुख्य स्रोत संघीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रूपमा सार्वजनिक साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने प्राथमिकतामा रहेका छन् नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट मागमा आधारित कार्यसम्पादन मुलक र प्रोत्साहन मुलक अनुदानको व्यवस्था गरिनेछ ।

यस फाकफोकथुम गाउँपालिकामा आ.ब. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम अन्तर्गतको कुल बजेट मध्ये १० प्रतिशत शिक्षा क्षेत्रको लागि विनियोजन भएको पाइन्छ । तर वास्तविकतामा यो विनियोजित बजेट शिक्षाको समग्र विकास तथा शिक्षा क्षेत्र सुदृढिकरण कार्यक्रमकम लागि नभएर शिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक, भत्ता आदिका लागि रहेको छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका

नीतिगत दस्तावेजहरुमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय वजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरीएको छ । समग्रमा यस गाउँपालिकामा शिक्षाका भएको लगानी र स्रोत विवरण निम्नानुसार रहको छ ।

गत आ.व.२०८०।०८१ को पालिकाको कुल बजेट रु. ६१,७०,०१,४००।

गत आ.व. २०८०।०८१ मा संघीय सकारबाट आएको कुल बजेट रु. ४६,३६,४६,४००।

यस आ.व.२०८१।८२ को पालिकाको कुल बजेट रु.६६,५२,११,५००।

यस आ.व. २०८१।८२ को शिक्षाको कुल बजेट रु.२०,७९,४३,०००।

यस आ.व. २०८१।८२ को पालिकाको शिक्षामा कुल बजेट रु. १६७,००,०००।

यसरी लगानी र स्रोत व्यवस्थापन भएको भएता पनि शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रुपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने, संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तिनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने, संवैधानिक मार्गदर्शन तथा नीति अनुरुप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरुप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामुलक व्यवसायको रुपमा विकास गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने, वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दिगोपना सुनिश्चित गर्ने, आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने , शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरु प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने , विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने , शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरुको पहुँच, सहभागीता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने , गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागीता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने , वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने, वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने जस्ता चुनौती र कठिनाई भोग्दै आएको अवस्था छ ।

**७.२ उद्देश्य**

१) योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२) पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३) उपलब्ध स्रोत आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
४) खर्चको प्रक्रिया, तिनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

**७.३ रणनीति**

- संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानी वृद्धि गर्ने ।

- विद्यालय शिक्षामा पहुँच,सहभागीता एवं गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने।
- वार्षिक रुपमा कुल बजेटको ४० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने
- शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन र प्रवर्धन गर्ने
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता पारदर्शिता जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने।
- लागत साझेदारीमा आधारित कार्यक्रम संचालन गर्ने।

**७.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

❖ शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, गुणस्तर र क्षमता विकासमा उल्लेख्य स्रोत व्यवस्थापन भएको हुनेछ।

५) वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता ,पारदर्शिता जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

स्थानीय तहको शिक्षा योजना

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

## (क) संघीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.स | अनुदान प्राप्त हुने विषय / उपक्षेत्र | आर्थिक वर्ष | | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष २०८१/०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १,३८,५५,०००। | १,४१,३२,१००। | १,४४,१४,७४२। | १,४७,०३,०३६.८६ | १,४९,९७,०९७.५८ | १,५२,९७,०३९५३ | ७३५४४०१५.९५ | १५४७४२५५२.१ | अनुमानित २% ले वृद्धि |
| २ | आधारभूत तहको शिक्षा | ११,६८,१९,०००। | १२०५६७०६० | १२२९७८४०१.२ | १२५४३७९६९.२ | १२७९४६७२८.६ | १३०५०५६६३.२ | ६२७४३५८२२.२ | १३२०१७५६६९ | |
| ३ | माध्यमिक तहको शिक्षा | ३,०१,२६,०००। | ३५७३२६४० | ३६४४७२९२.८ | ३७१७६२३८.६६ | ३७९१९७६३.४३ | ३८६७८१५८.७ | १८५९५४०९३.६ | ३९१२६२४३८.६ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ६३००,०००। | ६४२६००० | ६५५४५२० | ६६८५६१०.४ | ६८१९३२२.६०८ | ६९५५७०९.०६ | ३३४४११६२.०७ | ७०३६२९०७.१४ | |
| ५ | उच्च तहको शिक्षा | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ६ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | १९,६६,०००। | २००५३२० | २०४५४२६.४ | २०८६३३४.९२८ | २१२८०६१.६२७ | २१७०६२२.८५९ | १०४३५७६५.८१ | २१९५७६९४.५२ | |
| ७ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्यांकन | ४८,०१,००० | ४८९७०२० | ४९९४९६०.४ | ५०९४८५९.६०८ | ५१९६७५६.८ | ५३००६९१.९३६ | २५४८४२८८.७४ | ५३६२१००२.७३ | |
| ८ | शिक्षक व्यवस्थापन तथा विकास | ४,४५,००० | ४५३९०० | ४६२९७८ | ४७२२३७.५६ | ४८१६८२.३११२ | ४९१३१५.९५७४ | २३६२११३.८२९ | ४९७००७८.३६२ | |
| ९ | शैक्षिक समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ५७ ५४००० | ५८६९०८ | ५९८६४६.१६ | ६१०६१९.०८३२ | ६२२८३१.४६४९ | ६३५२८८.०९४२ | ३०५४२९२.८०२ | ६४२६४७८.८५३ | |
| ११ | विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | ४००००० | ४०८००० | ४१६१६० | ४२४४८३.२ | ४३२९७२.८६४ | ४४१६३२.३२१३ | २१२३२४८.३८५ | ४४६७४८६.१६८ | |
| १२ | विद्यालयको भौतिक पूर्वाधार विकास | १००००००० | १०२००००० | १०४०४००० | १०६१२०८० | १०८२४३२१.६ | ११०४०८०८.०३ | ५३०८१२०९.६३ | १११६८७१५४.२ | |
| १३ | विद्यालय सुचना तथा सञ्चार प्रविधि | ७३६८००० | ६१६१४१२ | ६२८४६४०.२४ | ६४१०३३३.०४५ | ६५३८५३९.७०६ | ६६६९३१०.५ | ३२०६४२३५.४९ | ६७४६५७४२.३६ | |
| १४ | छात्रवृत्ति | ७३०००० | ७४४६०० | ७५९४९२ | ७७४६८१.८४ | ७९०१७५.४७६८ | ८०५९७८.९८६३ | ३८७४९२८.३०३ | ८१५३१६२.२५६ | |
| १५ | मातृभाषा शिक्षा | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | जम्मा | १९,८३,४८,००० | २०,२३,१४,९६० | २०,६३,६१.२५९ | २१,०४,८८,४८४.३८ | २१,४६,९८,२५४.०७ | २१,८९,९२,२१९.१५ | १,०५,२८,५५,१७६.८१ | २,२१,५२,९२,३६६.०७ | |

**(ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| क्र.स | अनुदान प्राप्त हुने विषय /उपक्षेत्र | आर्थिक वर्ष | | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष२०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| २ | आधारभूत तहको शिक्षा | ० | १५,००,००० | ० | ० | ० | ० | ० | ० | |
| ३ | माध्यमिक तहको शिक्षा | ६,५०,००० | ० | ० | ० | ० | ० | ० | ० | |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ५ | उच्च तहको शिक्षा | ८,००,००० | ४,००,००० | ० | ० | ० | ० | ० | ० | |
| ६ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ७ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्यांकन | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ८ | शिक्षक व्यवस्थापन तथा विकास | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ९ | शैक्षिक समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालयसुरक्षा, विपतन्यूनीकरणतथाउत्थानशीलता | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १२ | विद्यालयको भौतिक पूर्वाधार विकास | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १३ | विद्यालयसुचनातथासञ्चारप्रविधि | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १४ | छात्रवृत्ति | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| १५ | मातृभाषा शिक्षा | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| | जम्मा | १४,५०,००० | १९,५०,००० | २१,५०,००० | २३,५०,००० | २५,५०,००० | २७,५०,००० | १,१७,५०,००० | २,३५,००,००० | |

## (ग) स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्र.स | अनुदान प्राप्त हुने विषय /उपक्षेत्र | आर्थिक वर्ष | | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ५५२५००० | ५६३५५०० | ५७४८२१० | ५८६३१७४.२ | ५९८०४३७.६८४ | ६१०००४६.४३८ | २९३२७३६८.३२ | ६१७०७१५२.६९ |
| २ | आधारभूत तहको शिक्षा | ३०१३००० | ३०७३२६० | ३१३४७२५.२ | ३१९७४१९.७ | ३२६१३६८.०९८ | ३३२६५९५.४६ | १५९९३३६८.४६ | ३३६५१३३९.५६ |
| ३ | माध्यमिक तहको शिक्षा | २१५५००० | २१९८१०० | २२४२०६२ | २२८६९०३.२४ | २३३२६४१.३०५ | २३७९२९४.१३१ | ११४३९०००.६८ | २४०६८५८१.७३ |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ० | ० | ३००००० | ३०६००० | ३१२१२० | ३१८३६२.४ | १२३६४८२.४ | २९२६३८८.५२९ |
| ५ | उच्च तहको शिक्षा | १०००००० | १०२०००० | १०४०४०० | १०६१२०८ | १०८२४३२.१६ | ११०४०८०.८०३ | ५३०८१२०.९६३ | १११६८७१५.४२ |
| ६ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | २७०००० | २७५४०० | २८०९०८ | २८६५२६.१६ | २९२२५६.६८३२ | २९८१०१.८१६९ | १४३३१९२.६६ | ३०१५५५३.१६३ |
| ७ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइसामाग्री तथा मूल्यांकन | २००००० | २०४००० | २०८०८० | २१२२४१.६ | २१६४८६.४३२ | २२०८१६.१६०६ | १०६१६२४.१९३ | २२३३७४३.०८४ |
| ८ | शिक्षक व्यवस्थापन तथा विकास | ६००००० | ६१२००० | ६२४२४० | ६३६७२४.८ | ६४९४५९.२९६ | ६६२४४८.४८१९ | ३१८४८७२.५७८ | ६७०१२२९.२५२ |
| ९ | शैक्षिक समता र समावेशीकरण | ० | ० | १००००० | १०२००० | १०४०४० | १०६१२०.८ | ४१२१६०.८ | ९७५४६२.८४३१ |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | ० | ५००००० | ५१०००० | ५२०२०० | ५३०६०४ | २०६०८०४ | ४८७७३१४.२१६ |
| ११ | विद्यालयसुरक्षा, विपतन्यूनीकरणतथाउत्थानशीलता | ० | ० | ० | २००००० | २०४००० | २०८०८० | ६१२०८० | १७१६५९३.८१ |
| १२ | विद्यालयको भौतिक पूर्वाधार विकास | ३३२६५०० | ३३९३०३० | ३४६०८९०.६ | ३५३०१०८.४१२ | ३६००७१०.५८ | ३६७२७२४.७९२ | १७६५७४६४.३८ | ३७१५२७३१.८४ |
| १३ | विद्यालयसुचनातथासञ्चारप्रविधि | ४००००० | ४०८००० | ४१६१६० | ४२४४८३.२ | ४३२९७२.८६४ | ४४१६३२.३२१३ | २१२३२४८.३८५ | ४४६७४८६.१६८ |
| १४ | छात्रवृत्ति | ११०५०० | ११२७१० | ११४९६४.२ | ११७२६३.४८४ | ११९६०८.७५३७ | १२२०००.९२८८ | ५८६५४७.३६६४ | १२३४१४३.०५४ |
| १५ | मातृभाषा शिक्षा | १००००० | १०२००० | १०४०४० | १०६१२०.८ | १०८२४३.२१६ | ११०४०८.०८०३ | ५३०८१२.०९६३ | १११६८७१.५४२ |
| | जम्मा | १६,७००,००० | १७०३४००० | १७३७४६८० | १७७२२१७३.६ | १८०७६६१७.०७ | १८४३८१४९.४१ | ९२९६७१४७.२९ | १९७०१३३०६.९ |

### ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

फाकफोकथुम गाउँपालिकाले विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार १० वर्षका लागि तयार गरेको शिक्षा योजना ( २०८२–२०९२) को बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा सबैका लागि निशुल्क शिक्षा तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा न्युनतम सक्षमताका मापदण्ड पुरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ। बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका सहयोगी कर्मचारीहरुलाई दिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने, गाउँपालिका अन्तर्गतको विभिन्न विद्यालयहरु कक्षाकोठा, शौचालय, खेलकुद, लगायत अन्य भौतिक पुर्वधारहरुको संरचनागत सुधार गर्दै शैक्षिक गुणस्तरमा जोड दिने, माध्यमिक शिक्षालाई निशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना अभिवृद्धि दर बढाउन र व्यवसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न बजेटमा समावेश गरिएको छ।

| उपक्षेत्र/विषय | आर्थिक वर्षगत रुपमा बजेट अनुमान | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| **प्रारम्भिक बालविकास र शिक्षा** | १९७६७६००। | २०१६२९५२ | २०५६६२११.०४ | २०९७७५३५.२८ | २१३९७०८५।९३ | १०२८७१३८४.२ | २०५७४२७६८.५ |
| **आधारभूत तहको शिक्षा** | १२३६४०३२० | १२६११३१२६.४ | १२८६३५३८८.९ | १३१२०८०९७.५ | १३३८३२२५८.७ | ६४३४२९१९१.५ | १२८६८५८३८३ |
| **माध्यमिक तहको शिक्षा** | ३७९३०७४० | ३८६८९३५४.८ | ३९८४६३१४१.९ | ४०२५२४०४.७३ | ४१०५७४५२.८ | १९७३९३०९४.२ | ३९४७८६१८८.४ |
| **प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम** | ६४२६००० | ६८५४५२० | ६९९१६१०.४ | ७१३१४४२.६ | ७२७४०७१.5 | ३४६७७६४४.४७ | ६९३५५२८९ |
| **उच्च तहको शिक्षा** | १४२०००० | १४४०४०० | ११०११२०८ | १४६१२०८ | १५०४०८०.8 | ७३०८१२०.९६ | १४६१६२४२ |
| **अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ** | २२८०७२० | २३२६३३४.४ | २३७२८६१.०८ | २४२०३१८.३ | २४६८७२४.७ | ११८६८९५८.५ | २३७२७९१७ |
| **पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्यांकन** | ५१०१०२० | ५२०३०४०.४ | ५३०७१०१.२ | ५४१३२४३.२ | ५५२१५०८.०३ | २६५४५९१२.८४ | ५३०९१८२६ |
| **शिक्षक व्यवस्थापन तथा विकास** | १०६५९००० | १०८७२१८ | ११०४९६२.४ | ११३११४१.६ | ११५३७६४.५ | ५५४२९८६ | ११०८५९७३ |
| **शैक्षिक समता र समावेशीकरण** | ० | १००००० | १०२००० | १०४०४० | १०६१२०.८ | ४१२१६०.८ | ८२४३२२ |
| **विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम** | ५८६९०८ | १०९८६१६.१६ | ११२०६१९.१ | ११४३०३१.५ | ११६५८९२.१ | ५११५०९६.८ | १०२३०१९४ |
| **विद्यालयसुरक्षा, विपतन्यूनीकरणतथाउत्थानशीलता** | ४०८००० | ४१६१६० | ६२४४८३.२ | ६३६९७२.९ | ६४९७१२.३ | २७३५३२८.४ | ५४७०६५७ |
| **विद्यालयको भौतिक पूर्वाधार विकास** | १३६९३०३० | १३९६४८९०.६ | १४२४२१८८.४ | ४७१२५०३१.६ | १४८१३५३२.८ | १०३८३८६७३.४ | २०७६७७३४७ |
| **विद्यालय सुचना तथा सञ्चार प्रविधि** | ६५६९४१२ | ६७००८००.२४ | ६८३४८१६.२५ | ६९७१५१२.६ | ७११०९४२.९ | ३४१८७४८४ | ६८३७४९६८ |
| **छात्रवृत्ति** | ८५७३१० | ८७४४५६.२ | ८९१९४५.२४ | ९०९७८४.३ | ९२७९७९.९ | ४४६१४७५.६ | ८९२२९५१.२ |
| **मातृभाषा शिक्षा** | १०२००० | १०४०४० | १०६१२०.८ | १०८२४३.२ | ११०४०८.०८ | ५३०८१२.०८ | १०६१६२४.२ |
| **जम्मा** | **४३,९६,९७,९२०** | **४५,०२,७१,८७८.४** | **४५,९६,४९,३१५.८** | **५३,४०,३०,४६२.८** | **४७,८१,८७,०७१.५** | **२,३६,१८,३६,६४८** | **४७२३६७३२९७** |

**७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन**

| क्र.स | शिक्षा उपक्षेत्र | वार्षिक रणनीति | | | कैफियत |
|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | २-५ वर्ष | ५-१० वर्ष | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | १९ करोड | ९० करोड- १ अर्ब | २ अर्ब | |
| २ | आधारभूत शिक्षा | १२ करोड | ५-६अर्ब | १० अर्ब | |
| ३ | माध्यमिक शिक्षा | ३ करोड | ९० करोड- १ अर्ब | ३ अर्ब | |
| ४ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | ६४ लाख | ३ करोड | ५-६ करोड | |
| ५ | उच्च तहको शिक्षा | १४ लाख | ६५-७० लाख | १ अर्ब | |
| ६ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | २ करोड | १०-११ करोड | २३ करोड | |
| ७ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्यांकन | ५१ लाख | २ करोड | ५ करोड | |
| ८ | शिक्षक व्यवस्थापन तथा विकास | १० लाख | ५०-५५ लाख | १करोड | |
| ९ | शैक्षिक समता र समावेशीकरण | ० | ४-५ लाख | १० लाख | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ५ लाख | ५०-५१ लाख | १ करोड | |
| ११ | विद्यालयसुरक्षा, विपतन्यूनीकरणतथाउत्थानशीलता | ४ लाख | २५-२७ लाख | ५० लाख | |
| १२ | विद्यालयको भौतिक पूर्वाधार विकास | १३ करोड | १ अर्ब | २ अर्ब | |
| १३ | विद्यालय सुचना तथा सञ्चार प्रविधि | ६५लाख | ३ करोड | ५-६ करोड | |
| १४ | छात्रवृत्ति | ८ लाख | ४०-४४ लाख | ८९ लाख | |
| १५ | मातृभाषा शिक्षा | १ लाख | ५ लाख | १०लाख | |

# परिच्छेद ८: अनुगमन तथा मूल्यांकन

## ८.१ वर्तमान अवस्था

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैन भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष्य तथा प्रगतिका बारेमा समय तालिका अनुसार निरीक्षण,पर्यवेक्षण, निगरानी, पूर्व निरीक्षण, रेखदेख, जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो । यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्यांकनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकताको, लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मुल्यांकन सम्बन्धी कार्यक्रमहरूको सञ्चालनका चरणहरु साथसाथै कार्य सम्पन्न भएपछि पनि गरिन्छ । स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ ।

यसमा फाकफोकथुम गाउँपालिकामा अनुगमन तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिँदै हाल विद्यमान अवस्थामा रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै गाउँपालिका अध्यक्षको संयोजकत्वमा रहेको गाउँ शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसी कार्य प्रगति समीक्षा हुने गर्दछ । यसरी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाबाट पनि शैक्षिक गतिविधि तथा गाउँपालिकाभित्र रहेका समुदायिक, निजी, संस्थागत विद्यालयहरूको अनुगमन र मूल्यांकन भइरहेको छ । अनुगमन तथा मूल्यांकन, विद्यालय सुपरीवेक्षणका लागि विषयगत विज्ञ समुह परिचालन गरिएको छ । विद्यालय क्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सो को विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा विकास निर्देशालय, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकासकेन्द्र तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पुर्याउने प्रबन्धमा गरिएको छ । एकीकृत शैक्षिक सूचना प्रणाली ९क्ष्भ्ःक्ष्क्० मार्फत विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा अन्य पूर्वाधार सम्बन्धी सूचना लिई विद्यार्थीहरूको शैक्षिक उपलब्धिहरु, शिक्षक तथा विद्यार्थीहरूको सामाजिक तथा भाषिक पृष्ठभूमि तयार गर्दै गाउँपालिकाको शैक्षिक पाश्र्वचित्र निर्माण भएको छ ।

शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रुपमा उपयोगी मापनयोग्य सूचकहरुको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु, अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरुपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनावद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु,, संघीयता कार्यान्वनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात् विद्यालय निरीक्षण सुपरीवेक्षणको काम पुनर्संगठन गर्नु, अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु, सहभागीतात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना

तथा प्रविधिको उपयोगमा व्यापकता दिनु , शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सोसँग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्नु ,अनुगमन कार्यलाई नियमिता र एकरुपता दिनु तथा पर्याप्त स्रोत साधनको प्रवन्ध गर्नु, अनुगमन तथा मूल्यांकनबाट प्राप्त जानकारीहरूको प्रतिवेदन तयार गरी पृष्ठभूमि प्रदान गर्न आवश्यक जनशक्ति अभाव हुनु, अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष, नियमित, भरपर्दो र विश्वसनीय बनाउन नसक्नु जस्ता कठिनाइ र चुनौतीहरुको सामना गर्नु परिरहेको अवस्था छ।

यस्ता चुनौतीहरुको न्यूनीकरण गर्न गाउँपालिकाबाट नजिकको शिक्षा विकास तथा समन्वय एकाइ, शिक्षा विकास निर्देशनालय भएकाले आवश्यकता अनुसारको जनशक्तिलाई अनुरोध गरी अनुगमन तथा मूल्यांकन गर्नु, गाउँपालिकभित्र रहेका विद्यालयबाट योग्य तथा दक्ष शिक्षकहरूको सहयोगमा कार्यक्रम गर्नु, गाउँपालिकाबाट वडा स्तरीय कार्यक्रम बनाई सहजै अनुगमन तथा मूल्यांकन गर्नु, स्थानीय विज्ञ समुह गठन भई उक्त समुह मार्फत विद्यालय अनुगमनको थालनी हुनु जस्ता अवसरहरु रहेको छ।

**८.२ उद्देश्य**

❖ अनुगमन तथा मुल्यांकनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु।
❖ अनुगमन तथा मुल्यांकन प्रणालीलाई नतिजामा आधारित बनाउनु।
❖ योजना कार्यानवयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

**८.३ रणनीति**

➢ कार्यक्रमको अनुगमन तथा मूल्यांकन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली प्रभावकारी रुपमा संचालनमा ल्याउने।
➢ नतिजामुलक अनुगमन तथा मूल्यांकन प्रणली अवलम्बन गर्ने।
➢ विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने।
➢ कक्षा कोठाको सिकाइको अनुगमन, कार्यस्थलमा आधारित अनुगमन, मूल्यांकन, सुपरीवेक्षण एवं प्रतिवेदन प्रणालीको प्रबन्ध मिलाउने।
➢ विद्यालय तथा शिक्षक सुपरीवेक्षण तथा पेशागत सहयोगको संयन्त्रको व्यवस्था र सुदृढिकरण गर्ने।
➢ योजना अन्तर्गत संचालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्यांकन प्रणाली स्थापित गर्ने।
➢ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले तोके बमोजिम अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेश गर्ने।
➢ संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारविच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने।
➢ शिक्षासँग सम्बन्धित नीति तथा योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको संयन्त्र तयार गर्ने।

## ८.४. प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- अनुगमन तथा मुल्यांकनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ।
- नतिजामा आधारित अनुगमन तथा मूल्यांकन प्रणाली कार्यान्वयन भएको हुनेछ।
- योजना कार्यान्वयनको चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल भएको हुनेछ।

**नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुनेछ।

- २. गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समिति गठन भई कार्यान्वयन भएको हुनेछ।

## ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्रियाकलाप | एकाइ | लक्ष्य पहिलो ५ वर्ष | | | | | | १० वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| एकिकृत शैक्षिक अनुगमन तथा मुल्यांकन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| नतिजाका आधारमा अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने र अद्यावधिक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार र पेश | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| वडा स्तरीय अनुगमन प्रणाली विकास तथा कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| विद्यालयहरूको लेखापरीक्षण र सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| नियमित रुपमा अनुगमन, मुल्याङ्कन शिक्षा, युवा खेलकुद शाखा, गाउँ शिक्षा समिति र जनप्रतिनिधिबाट अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

- धन्यवाद !

## अनुसुची १

### स्थानीय शिक्षा योजनाको ढाँचा

**योजनाको सारांश**

१. विषय प्रवेश

२. शिक्षा योजना निर्माणको आवश्कता र औचित्य

३. स्थानीय तहमा शिक्षा योजना निर्माणका औचित्य

४. स्थानीय तहमा शिक्षा योजना निर्माणका आधार

५. शिक्षा योजना निर्माण प्रक्रिया

६. योजनाको लेखाजोखा

७. योजनाको दस्तावेजको स्वरुप

**परिच्छेद १: परिचय**

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

१.३ शिक्षा क्षेत्रका  चुनौतीको  SWOT विश्लेषण

१. ४  अवसर

**परिच्छेद २: दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण**

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

२.२ दुरदृष्टि

२.३ लक्ष्य

२.४ उद्देश्य

२.५ रणनीति

२.६ कार्यनीति

२.७ अपेक्षित उपलब्धी

२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

**परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**

३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मूल्यांकन

४.२ शिक्षाक व्यवस्थापन र विकास

४.३ शिक्षामा समता र समावेशीकरण

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

४.५ विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ विद्यालय सुचना तथा सञ्चार प्रविधि

**परिच्छेद ५: अन्य उपक्षेत्र**

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन**

**परिच्छेद ८: अनुगमन तथा मूल्यांकन**

**अनुसूची २: शिक्षा योजना निर्माण सम्बन्धी बैठक निर्णय कपी तथा विभिन्न कार्यक्रमहरुको फोटोहरु**

**<u>शिक्षा योजना निर्माण् कार्यदल गठनका लागि कार्यपालिका बैठकको निर्णय:</u>**

## फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाको बैठक

आ.व. २०८१/८२ को बैठक संख्याः ९

मितिः २०८१/०९/१७

फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री दिपेन्द्र खनालज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपसिलः

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री दिपेन्द्र खनाल | |
| २. | उपाध्यक्ष | श्री कल्पना राई | |
| ३. | वडाध्यक्ष | श्री कर्ण बहादुर लिम्बू | |
| ४. | वडाध्यक्ष | श्री याम बहादुर खत्री पौडेल | |
| ५. | वडाध्यक्ष | श्री दिपेन्द्र लिम्बु | |
| ६. | वडाध्यक्ष | श्री पदम बहादुर दर्लामी | |
| ७. | वडाध्यक्ष | श्री सिद्धमान आले | |
| ८. | वडाध्यक्ष | श्री टंक नाथ खनाल | |
| ९. | वडाध्यक्ष | श्री छत्र बहादुर लिम्बु | |
| १०. | सदस्य | श्री कविता राई | |
| ११. | सदस्य | श्री डम्बर कुमारी बलम्पाकी मगर | |
| १२. | सदस्य | श्री देवी माया लामिछाने | |
| १३. | सदस्य | श्री चन्द्र कुमारी श्रेष्ठ | |
| १४. | सदस्य | श्री छत्र बहादुर बराईली | |
| १५. | सदस्य | श्री रिता दर्जी | Rita |
| १६. | सचिव | श्री निर्मल तुम्रोक | |

प्रस्ताव पेश गर्न स्वीकृत मितिः २०८१/०९/१६

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका निर्णयको समिक्षा सम्बन्धमा।

२. स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा।

३. मावि र निमावि अनुदान शिक्षक नियुक्ति सम्बन्धमा।

४. गाउँ शिक्षा योजना निर्माण समिति।

५. देउमाई जलविद्युत सम्बन्धमा।गुनासो सुनुवाई समिति गठन सम्बन्धमा।

६. गुनासो सुनुवाई समिति गठन सम्बन्धमा।

७. खानेपानी ठेक्काको नपुग पाइप सम्बन्धमा।

८. खानेपानी ठेक्का रकम भुक्तानी सम्बन्धमा।

९. कृषि विकास क्षेत्रमा वितरित अनुदानको प्रयोगको अनुगमन सम्बन्धमा।

१०. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान सम्बन्धमा।

११. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण स्थायी स्टेशन माग सम्बन्धमा।

१२. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण शिविर सञ्चालन सम्बन्धमा।

१३. विपद् व्यवस्थापनमा भएको खर्चको भुक्तानी गर्ने सम्बन्धमा।

निर्णयहरु:

| | |
|---|---|
| प्रस्ताव नं.१ | अघिल्लो कार्यपालिका निर्णयको समिक्षा सम्बन्धमा। |
| निर्णय नं.१ | उक्त प्रस्ताव माथि छलफल गर्दा अघिल्लो बैठकको समीक्षा गरियो । |
| प्रस्ताव नं.२ | स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा। |
| निर्णय नं.२ | उक्त प्रस्ताव माथि छलफल गर्दा चैत १ र २ गते मुटु रोग, किड्नी, बालरोग १० वर्ष मुनिको बालबालिकाको उपचार, नाक, कान घाँटीको परीक्षण सम्बन्धी स्वास्थ्य शिविर सञ्चालनका लागि सबै वडा कार्यालयहरुले तयारी अघि बढाउने र त्यसका लागि विपन्नका लागि स्वास्थ्य नेपाललाई अनुरोध गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं.३ | अंग्रेजी, गणित र विज्ञान विषयको मावि र निमावि अनुदान करार शिक्षक नियुक्ति सम्बन्धमा। |
| निर्णय नं.३ | उक्त प्रस्ताव माथि छलफल गर्दा ३ पटक सम्म विज्ञापन खोल्दा समेत अध्यापन अनुमति पत्र लाइसेन्स प्राप्त उम्मेदवारको निवेदन नपरेमा लाइसेन्स नभएको विषयगत शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारलाई पनि प्रकिया पुरा गरी करार शिक्षक नियुक्ति गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं.४ | फाकफोकथुम गाउँ शिक्षा योजना निर्माण समिति सम्बन्धमा। |
| निर्णय नं.४ | उक्त प्रस्ताव माथि छलफल गर्दा गाउँ शिक्षा योजना मुल्याङ्कन समिति, मस्यौदा निर्माण |

| | |
|---|---|
| | समिति र सल्लाहकार समिति देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।<br><u>मुल्याङ्कन समितिमा</u><br>क. संयोजक- दिपेन्द्र खनाल<br>ख. सदस्य - कल्पना राई<br>ग. सदस्य - निर्मल तुम्रोक<br>घ. सदस्य - तीर्थराज मिश्र<br>ङ. सदस्य - सिद्धमान आले<br><u>गाउँ शिक्षा योजना मस्यौदा निर्माण समिति</u><br>१. सिद्धमान आले — संयोजक<br>२. खगेन्द्र प्रसाद भट्टराई — सदस्य<br>३. जगत सुब्बा — सदस्य<br>४. भीम चम्लागाई — सदस्य<br>५. मोतीखर पोखरेल — सदस्य<br>६. कमला थपलिया — सदस्य<br>७. टङकनाथ रेग्मी — सदस्य<br>८. तेज प्रसाद सुवेदी — सदस्य<br>९. टिका कट्टेल — सदस्य<br>१०. विमला राई — सदस्य<br>११. मखानसिंह लिम्बु — सदस्य<br>१२. प्रदिप आचार्य — सदस्य<br>१३. विकास राई — सदस्य<br>१४. लीलाराज कोइराला — सदस्य<br>१५. मताप सिंह लिम्बू — सदस्य सचिव<br><u>गाउँ शिक्षा योजना निर्माण सल्लाहकार समिति</u><br>१. डा. बालचन्द्र लुईंटेल<br>२. डिल्ली राम लुईटेल<br>३. राम पाण्डे<br>४. कमल रेग्मी<br>५. गोविन्द फियाक |
| **प्रस्ताव नं.५** | **देउमाई जलविधुत सम्बन्धमा।** |
| **निर्णय नं.५** | उक्त प्रस्ताव माथि छलफल गर्दा अप्पर देउमाई जलविधुत आयोजनाले देउमाई लघु जलविधुत योजना खरिद गरिदिनुपर्ने, जट्टेश्वरको सडक बनाईदिनु पर्ने, ६ नं को कमेरेदेखि वडा कार्यालयसम्म सडक बनाइदिने, जलविधुत आयोजनाका कारण बिग्रिएका सिंचाई आयोजनाहरुको मर्मत सम्भार देउमाई खोला साना जलविधुत आयोजनाले गरिदिने भनि मिति २०८१ साल पौष १० गते बुधबारका दिन फाकफोकथुम गाउँपालिकाका अध्यक्ष श्री दिपेन्द्र खनाल, वडा नं. ७ र वडा नं. ६ का वडाध्यक्षहरु र देउमाई खोला साना जलविधुत आयोजना प्रमुख श्री राम सरण नेपालको उपस्थितिमा भएको निर्णय गाउँपालिकाबाट कडाईका साथ |

मिति: २०८१/०३/२६

फाकफोकथुम गाउँपालिका गाउँ शिक्षा योजना निर्माण समितिको लागि अभिमुखीकरण कार्यक्रममा उपस्थिति विवरण :-

संयोजक: श्री सिद्धमान आले, संयोजक सा० वि० क्ष०
श्री दिपेन्द्र खजाल, अध्यक्ष फाकफोकथुम गा०पा०
श्री कल्पना राई, उपाध्यक्ष " — "
श्री निर्मल बुढाथोकी, प्रमुख प्रशासकीय अधिकृत
श्री लिला राज कोइराला - सदस्य
श्री मखानसिंह लिम्बु - सदस्य
श्री खगेन्द्रप्रसाद भट्टराई - सदस्य
श्री जगतबहादुर लिम्बु - सदस्य
श्री मोतिश्वर पौड्याल - सदस्य
श्री कमला थपलिया - सदस्य
श्री टिकप्रसाद रग्मी - सदस्य
श्री तेजप्रसाद द्विवेदी - सदस्य
श्री टिकाराम कट्टेल - सदस्य
श्री विमला राई - सदस्य
श्री प्रदिप आचार्य - सदस्य
श्री विकास राई - सदस्य
श्री लिलाराज कोइराला - सदस्य
श्री सर्मिला राई सहजकर्ता/प्रशिक्षक
श्री प्रतापसिंह लिम्बु सदस्य सचिव
श्री भिमप्रसाद चम्लागाई — सदस्य
श्री सरोज राई - शिक्षा सहायक
नविन लामिछाने कार्यालय सहयोगी
सर्मिला राई सहजकर्ता

निर्णयहरु

निर्णय नं. १,

यस फाकफोकथुम गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण गर्ने क्रममा स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी

मार्ग दर्शन २०६९ अनुसार गाउँ शिक्षा योजना निर्माण मस्यौदा समितिको सदस्यहरुले निम्नानुसार शीर्षकको लेखन गरी १५ दिन भित्रमा पेश गर्ने निर्णय गरियो।

तिम्न

(१) सर्मिला राई
परिच्छेद १: परिचय
१.१ वर्तमान अवस्था
१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

(२) रवीन्द्रप्रसाद भट्टराई
परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

(३) शिवप्रसाद चम्लागाईं
परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्र

(४) टंकप्रसाद रेग्मी
परिच्छेद ४को ४.१ र ४.२

(५) तेज प्रसाद दुवेदी
परिच्छेद ४को ४.३ र ४.४

(६) हिक्कराम खड्कुल
परिच्छेद ४को ४.५, ४.६, ४.७

(७) लिलाराज कोइराला
परिच्छेद ५: अन्य उपक्षेत्र

(८) मोतिलाल पोखेल
परिच्छेद ६: सुशासन तथा व्यवस्थापन
६.१ र ६.२


(९) मोतिवातसिंह लिम्बू र अगतसिं लिम्बू
परिच्छेद ७: लागानी र स्रोत व्यवस्थापन

(१०) अनुगमन तथा मुल्याङ्कन
परिच्छेद ८: मलापसिंह लिम्बू








गाउँ शिक्षा योजना निर्माण मस्यौदा समिति
अभिमुखीकरण कार्यक्रम
२०८१ पोष २६ शुक्रबार
फाकफोकथुम गाउँपालिका
इलाम

# फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाको बैठक

आ.व. २०८१/८२ को बैठक संख्या: २०

मिति: २०८२/०३/०८

फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री दिपेन्द्र खनालज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरू गरियो।

तपसिल:

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री दिपेन्द्र खनाल | |
| २. | उपाध्यक्ष | श्री कल्पना राई | |
| ३. | वडाध्यक्ष | श्री कर्ण बहादुर लिम्बू | |
| ४. | वडाध्यक्ष | श्री याम बहादुर खत्री पौडेल | |
| ५. | वडाध्यक्ष | श्री दिपेन्द्र लिम्बु | |
| ६. | वडाध्यक्ष | श्री पदम बहादुर दर्लामी | |
| ७. | वडाध्यक्ष | श्री सिद्धमान आले | |
| ८. | वडाध्यक्ष | श्री टंक नाथ खनाल | |
| ९. | वडाध्यक्ष | श्री छत्र बहादुर लिम्बु | |
| १०. | सदस्य | श्री कविता राई | |
| ११. | सदस्य | श्री डम्बर कुमारी बलम्पाकी मगर | |
| १२. | सदस्य | श्री देवी माया लामिछाने | |
| १३. | सदस्य | श्री चन्द्र कुमारी श्रेष्ठ | |
| १४. | सदस्य | श्री छत्र बहादुर बराईली | |
| १५. | सदस्य | श्री रिता दर्जी | |
| १६. | सचिव | श्री निर्मल तुम्रोक | |

| | |
|---|---|
| प्रस्ताव नं ९. | गाउँशिक्षा योजना स्वीकृत गर्ने सम्बन्धमा। |
| निर्णय नं. ९. | फाकफोकथुम गाउँपालिकाको गाउँशिक्षा योजना. २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. १०. | विद्यालयहरुको कार्यसम्पादनमा आधारित प्रोत्साहन सम्बन्धमा । |
| निर्णय नं. १०. | चालु आ.व. को सशर्त बजेटमा विनियोजन भएको विद्यालयहरुको कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान विद्यालयहरुले पेश गरेको कार्यविधि बमोजिम पेश भएको प्रमाणका आधारमा तपसिल बमोजिमको विद्यालयहरुलाई दिने निर्णय गरियो।<br>तपसिलः<br>१. जल कन्या आ.वि, लुम्दे रु. ३,००,०००<br>२. सिंहदेवी मावि, फुएतप्पा रु. २,००,००० |
| प्रस्ताव नं. ११. | गत आवको सडक बोर्डको साझेदारी रकम सम्बन्धमा । |
| निर्णय नं. ११. | सडक बोर्ड साझेदारी गाउँपालिकाको इन्धन खरिद शीर्षकमा रहेको बजेटबाट रकमान्तर गरी साझेदारी रकम रु. ५ लाख ६० हजार भुक्तानी गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं. १२. | खेलाडी, स्काउटका विद्यार्थीहरुलाई पुरस्कृत गर्ने सम्बन्धमा । |
| निर्णय नं. १२. | स्काउटका विद्यार्थी, शिक्षक, राष्ट्रपति रनिङ शिल्डका विद्यार्थीहरु र विद्यार्थी सम्मान कार्यक्रम गर्न विविध कोषबाट खर्च गर्ने गरी सम्मान गर्ने निर्णय गरियो । साथै स्काउट विराटनगर क्याम्पमा गएकोमा अपुग भएकोमा रु १६,०००। रकम विविध खर्च खाताबाट भुक्तानी गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं. १३. | विरामीलाई आर्थिक सहयोग सम्बन्धमा । |
| निर्णय नं. १३. | कलेजो पीडित फाकफोकथुम ६ [illegible] लाई उपचार खर्चबापत रु ३०,०००। आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो । |

आज मिति २०८२/३/११ गतेका दिन यस फाकफोकथुम गाउँपालिकाको गाउँ शिक्षा योजनाको अन्तिम रूप दिनको लागि गाउँपालिका अध्यक्ष श्री दिपेन्द्र खनालको अध्यक्षतामा बैठक बसी निम्नानुसारको निर्णय गरियो।

उपस्थिति

अ. दिपेन्द्र खनाल, फाकफोकथुम गा.पा. अध्यक्ष

कल्पना राई, फाकफोकथुम गा.पा. उपाध्यक्ष

निर्मल तुम्ब्राक, प्रमुख प्रशासकीय अधिकृत

सिद्धमान आले, संयोजक सा. वि. स.

लिलाराज कोइराला, प्रा. स. शिक्षा शाखा

सर्मिला राई सहजकर्ता (प्राविधिक सहयोगी)

प्रतापसिंह लिम्बू, शिक्षा शाखा प्रमुख

निर्णयहरु

१. निर्माण भएको गाउँ शिक्षा योजनाको दफावार छलफल गर्ने निर्णय गरियो।

२. दफावार छलफलका क्रममा अस्पष्ट लाग्ने बुँदाहरु नराख्ने निर्णय गरियो।

३. उद्देश्य, लक्ष्य, कार्यनीतिमा असम्भव (कार्यान्वयन गर्न) हुने खालका बुँदा हटाउने निर्णय गरियो।

४. शिक्षा सम्बन्धी समस्याहरु र चुनौतीहरुमा विशेष रूपमा गहिरिएर छलफल गर्ने निर्णय गरियो।

५. मिति २०८२/३/१५ गते आइतबारका दिन अन्तिम रूपमा तयार भएको योजना माथि पुनः छलफल गरी निष्कर्षमा पुग्न शिक्षा समितिको बैठक बस्ने निर्णय गरियो।

आज मिति २०८२/०३/१२ गतेका दिन बिहान ८:०० बजे यस फाकफोकथुम गाउँपालिकाको गाउँ शिक्षा समितिको अध्यक्ष फाकफोकथुम गाउँपालिका प्रमुख श्री दिपेन्द्र खनाल ज्यूको अध्यक्षतामा बैठक बसी निम्न उपस्थितिमा निम्नानुसारका निर्णयहरु गरियो।

उपस्थिति

श्री दिपेन्द्र खनाल
श्री कल्पना राई
श्री निर्मल तुम्ब्रोक
श्री सिद्धमान आले (सुदिप)
श्री देवीमाया लामिछाने
श्री पदम बहादुर मगर
श्री प्रताप सिंह लिम्बु

आमन्त्रित,

श्री लिलाराज कोइराला
श्री सरोज राई

निर्णयहरु,

१. यस फाकफोकथुम गाउँपालिकाले गाउँ शिक्षा योजना निर्माणको लागि कार्यदल मस्यौदा समिति बनाई मस्यौदा समितिका सदस्यहरुले शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०६९ अनुसार शीर्षक बाँडफाँड गरी लेखि आएको विवरण संकलन गरी प्राविधिक सहयोगी/सहजकर्ता बाट तयार भएको गाउँ शिक्षा योजनाको दफावार छलफल पश्चात उक्त योजनालाई लेखाजोखा गर्ने दिइएकोमा लेखाजोखा गर्ने व्यक्तिहरुले केही सुधार गरी गाउँ शिक्षा योजना ठीक भएको ठहर भएकोले गाउँ शिक्षा योजना प्रकाशन गर्ने निर्णय गरियो।

## अनुसुची ३: गाउँ शिक्षा समितिको विवरण

यस गाउँपालिकाभित्रको शैक्षिक व्यवस्थापनको लागि प्रत्येक गाउँ/नगरपालिकामा एक गाउँ/नगर शिक्षा समिति रहने व्यवस्था छ। फाकफोकथुम गाउँपालिकाको गाउँ शिक्षा समितिको विवरण देहाय अनुसार तालिकामा उल्लेख गरिएको छ।

| क्र.स | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | दिपेन्द्र खनाल | अध्यक्ष | गा.पा.अध्यक्ष |
| २ | कल्पना राई | सदस्य | गा.पा.उपाध्यक्ष |
| ३ | निर्मल तुम्रोक | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | सिद्धमान आले | सदस्य | सामाजिक विकास समिति संयोजक |
| ५ | पदम बहादुर मगर | सदस्य | सामाजिक विकास समिति संयोजक |
| ६ | देवीमाया लामिछाने | सदस्य | सामाजिक विकास समिति संयोजक |
| ७ | | सदस्य | शिक्षक महासंघ अध्यक्ष |
| ८ | | सदस्य | प्र.अ. हरु मध्येबाट |
| ९ | | सदस्य | संस्थागत विद्यालयको तर्फबाट |
| १० | मताप सिंह लिम्बु | सदस्य-सचिव | शिक्षा शाखा प्रमुख |

**सन्दर्भ सामग्रीहरु**


१. नेपालको संविधान, नेपाल सरकार-कानुन, न्याय, संविधान तथा संसदीय मामिला मन्त्रालय- कानुन किताब व्यवस्था समिति- २०७२

२. स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताव खाना काठमाडौँ

३. शिक्षा ऐन २०२८ नियमावली २०५९, (संशोधन सहित)

४. स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण २०८१)

५. अनिवार्य तथा निशुल्क आधारभुति शिक्षा ऐन, २०७५ र नियमावली २०७७

६. विद्यालय सुपरीवेक्षण तथा पेशागत सहायता निर्देशिका, २०८०

७. कार्यक्रम कार्यान्वयन पुस्तिका२०७९, २०८० र २०८१ (शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तयार )

८. दिगो विकास लक्ष्य, २०३० र राष्ट्रिय कार्यढाँचा

९. विद्यालय शिक्षा क्षेत्र योजना २०२२-२०३२

१०. विपद् जोखिम न्यूनीकरण तथा व्यावस्थापन ऐन, २०७४ तथा नियमावली २०७६

११. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइड

१२. राष्ट्रिय जनगणना २०७८ वेवसाइड

१३. सिकाइआपुरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन सहजीकरण पुस्तिका २०७९

१४. स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर

१५. शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६), कानून किताव खाना काठमाडौ

१६. आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय

१७. पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार

१८. प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर

१९. माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर

२०. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु


२१. विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क

२२. शिक्षा क्षेत्रको योजना (२०७७), DRAFT, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

२३. आवधिक योजना, (फाकफोकथुम गाउँपालिका)

२४. शैक्षिक स्थिति प्रतिवेदन २०८१ (फाकफोकथुम गाउँपालिका)

२५. एकीकृत शैक्षिक सुचना प्रणाली -शिक्षा युवा तथा खेलकुद शाखा, फाकफोकथुम गाउँपालिका




स्रोत: स्थलरूप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016